साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३१ ✪ अङ्क ७ ✪ २२ फागुन २०८०, मङ्गलबार ✪ 5 March, 2024, Tuesday ✪ मूल्य रू. १०।-

## फोटोले इतिहास स्पष्ट पार्ने हुँदा फोटोग्राफर सचेत हुन आवश्यक

भक्तपुर । भक्तपुर पर्यटन विकास समितिको आयोजनामा भक्तपुरका प्रसिद्ध फोटोग्राफरहरू (बनेपालीका तीन पुस्ता) बाट खिचिएको कला, संस्कृति, सम्पदा र जीवनशैलीका फोटोहरूको प्रदर्शनी कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाको सहयोगमा दरबार स्क्वायरमा भएको उक्त कार्यक्रमको उद्घाटन गर्दै नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले फोटो प्रदर्शनीले तस्बिरको माध्यमबाट इतिहासको जानकारी दिने चर्चा गर्दै प्रदर्शनीले इतिहास, पुरानो कला संस्कृति र सम्पदा संरक्षणलाई मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "फोटोको महत्त्वबारे कतिपय फोटोग्राफरहरूलाई जानकारी नहुँदा इतिहास र प्रमाणको समेत लोप भई समस्या सृजना भएको घटना छ । एउटा फोटोले इतिहासलाई स्पष्ट पार्ने काम गर्छ, यसतर्फ फोटोग्राफरहरू सचेत हुनु आवश्यक छ ।"

विगतको फोटो अध्ययन गराउने विद्यालय र विश्वविद्यालय आवश्यक भएको चर्चा गर्दै अध्यक्ष रोहितले नयाँ पुस्तालाई फोटोग्राफीबारे अध्ययन र तालिमको व्यवस्था गर्न सके देशको कला संस्कृति र सम्पदा जोगाउने जनशक्ति तयार हुने धारणा व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "बाजे बद्रीप्रसाद बनेपाली, बुबा केदार बनेपाली र नातिनी सुनी बनेपालीले खिचेको फोटो प्रदर्शनीबाट अन्य फोटोग्राफरलाई पनि उत्प्रेरणा मिल्नेछ ।"

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेशराज शर्माले पर्यटन गतिविधिलाई टेवा पुऱ्याउन र तीन पुस्ताका फोटोग्राफरहरूको सीपलाई जनतामाझ परिचित गराउने उद्देश्यले प्रदर्शनीको आयोजना गरेको बताउनुभयो ।

फोटोग्राफर केदार बनेपालीले नयाँ पुस्तालाई सीप हस्तान्तरण गर्न बुबाले सिकाउनु भएको सीप छोराछोरीलाई पनि सिकाएको बताउनुभयो ।

प्रदर्शनी इतिहासकार, फोटोग्राफर, फोटो पत्रकार, शिक्षक, विद्यार्थीलगायत सर्वसाधारणले अवलोकन गरेका थिए ।

## विद्यालयहरूमा नयाँ पुस्तालाई नेपाली पहिचानको महत्त्वबोध गराउनुपर्ने




भक्तपुर । बाल विकास सेकेन्डरी स्कूलको दोस्रो ३६ औं वार्षिकोत्सव समारोहमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँको प्रमुख आतिथ्यमा शिक्षक, कर्मचारी सम्मान, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम गरी शनिबार सम्पन्न भएको छ ।

प्रमुख अतिथि बिजुक्छेँबाट समुद्घाटन भएको उक्त समारोहमा उहाँले स्कूलको स्मारिका विमोचन गर्नुभयो ।

कार्यक्रममा शुभकामना मन्तव्य दिँदै उहाँले स्कूलबाट उत्पादित जनशक्ति को को कहाँ कहाँ कुन कुन अवस्थामा छ भन्ने जानकारी राख्ने समाजको एउटा सग्लो चित्र त्यसमा आउने चर्चा गर्नुभयो ।

देश भूगोलमात्र नभएको चर्चा गर्दै देशलाई चिनाउने जोगाउने त्यहाँको कला संस्कृति हो अहिले विद्यालय-विद्यालयमा नयाँ पुस्तालाई कला संस्कृति हस्तान्तरण गर्ने जुन काम भइरहेको छ त्यो सराहनीय छ, उहाँले भन्नुभयो ।

रुस-युक्रेन युद्धमा नेपाल सरकारले युक्रेनको पक्ष लिनु गलत छ त्यसको नेमकिपाले निरन्तर विरोध गरिरहेको चर्चा गर्दै उहाँले त्यही युद्धका कारण आज युरोपको अर्थतन्त्र गञ्जागोल भएको छ भन्नुभयो ।

त्यस्तै इजरायलले प्यालेस्टिनमाथि गरिरहेको अत्याचारको विरोध गर्दै आज त्यसबाट १८ वटा अरब देशहरू प्रभावित भएका छन् । गलत र अन्यायको विरोध गर्नु पनि अन्तर्राष्ट्रिय सदाचार हो; यस्तो सदाचार स्कूलदेखि नै सिक्न सिकाउन आवश्यक छ, उहाँले भन्नुभयो ।

सरकारले भूगोल र इतिहास पढाउनै छोडेकोमा आपत्ति जनाउँदै प्रमुख अतिथि बिजुक्छेँले जनतालाई विदेशीको ज्यामीमात्र बनाउने सरकारी नीतिविरुद्ध नयाँ पुस्तामा चेतना जगाउनुपर्नेमा जोड दिनुभयो ।

पश्चिमा विदेशी शैली नभई आफ्नै पहिचानलाई महत्त्व दिनुपर्नेमा जोड दिँदै उहाँले विदेशी दलालहरूबाट देशलाई जोगाउनुपर्छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "हाम्रो देश हाम्रो समाज हामीले नै बनाउने हो; अरूको भर परे हामी मगन्ते बन्ने छौँ, परनिर्भर बन्नु हुँदैन; दुःख भए पनि आत्मनिर्भर बन्ने प्रयास गर्नुपर्छ ।"

माओवादीलाई नेमकिपाले १०-२० वर्ष पहिले नै भारतको ट्रोजन हर्स भनी आलोचना गरेको स्मरण गर्दै उहाँले हालै भारतका एक अवकाश प्राप्त सैनिक जनरल अशोक मेहत्ताले माओवादी भारतको घोडै हो भनेका छन्; त्यसको माओवादीले खण्डनसम्म गरेको छैन, ट्रोजन हर्स पुनर्पुष्टि भएको छ भन्नुभयो ।

जनतालाई सही कुरा बताउने कठिन काम गर्न हामी हरेस खाँदैनौँ निरन्तर काम गर्दै गए अन्ततः सही प्रतिफल आउनेछ भन्दै उहाँले जनताको सेवामा निरन्तर लाग्न सुझाव दिनुभयो ।

एक बेग्लै सन्दर्भमा उहाँले समाजमा २५ प्रतिशतमा मानसिक रोग छ भनिएको हुँदा घरघरमा त्यसको समीक्षा गर्नुपर्ने बताउँदै जहाँ पनि र जहिले पनि पैसा पैसा भनी कुर्लनु पनि मानसिक रोग हुन सक्नेमा सचेत पार्नुभयो ।

कार्यक्रममा मनोचिकित्सक डा. विश्वबन्धु शर्माले भक्तपुर हरेक कुरामा नमुना भएको चर्चा गर्दै निजी गुठीबाट सञ्चालित स्कूल पनि गैरनाफामुखी हुँदा रहेछ यो पनि एउटा नमुना नै हो भन्नुभयो ।

पागलपनमात्र मानसिक रोग होइन भन्दै उहाँले समाजमा २५ प्रतिशत मानिस मानसिक रोगबाट पीडित रहेको चर्चा गर्नुभयो । विद्यालयको पाठ्यक्रममा मानसिक रोगबाट कुनै पाठ नभए पनि स्कूल स्कूलमा त्यसबारे जनचेतना जगाउन सके रोगको सुरुमै पहिचान गर्न सकिन्थ्यो र त्यो अवस्थामा उपचार गर्न सहज हुने सुझाव दिनुभयो ।

बाँकी पृष्ठ १२ मा

## पूर्व गोर्खा सेनाबाटै गोर्खा भर्ती खारेजीको आवाज उठ्यो

काठमाडौँ । प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिको फागुन २० गतेको बैठकमा भूतपूर्व ब्रिटिस गोर्खा सैनिकका समस्या सम्बन्धमा छलफल भयो ।

परराष्ट्रमन्त्री नेकाका सांसद नारायणप्रकाश साउदले सन् १९९७ जुलाई १ भन्दा पहिले निवृत्त भएका ब्रिटिस गोर्खाहरूलाई बेलायती समकक्षीसरह पेन्सन, क्षतिपूर्ति, बेलायतको स्टेट पेन्सन, नेपालमा मेडिकल सपोर्टलगायत कल्याणकारी विषयहरू उपलब्ध हुनुपर्नेमा सन् २००७ पछि सेवा प्रवेश गरेका गोर्खाहरूलाई मात्र ब्रिटिस नागरिकसरह सुविधा व्यवस्था गरिएको उल्लेख गर्दै पूर्वगोर्खा सेनाहरूको माग पूरा गराउन नेपाल र ब्रिटिस सरकारबिच मन्त्रीस्तरीय र कर्मचारीहरूको प्राविधिकस्तरीय समिति गठन भई काम भइरहेको, मार्च २७ मा लण्डनमा चौँथो मन्त्रीस्तरीय बैठकमा बेलायती सरकारबाट भूपू ब्रिटिस गोर्खाहरूको जायज माग सम्बोधन हुने अपेक्षा राखेको चर्चा गर्नुभयो ।

भूपू ब्रिटिस गोर्खाका प्रतिनिधिहरूले 'प्रजातन्त्रको जननी' भनिने बेलायतले ब्रिटिस गोर्खाहरूको मानव अधिकार हनन गरेको, बेलायती सरकारको नश्लीय भेदभावविरुद्ध ३४ वर्षदेखि आफूहरू सङ्घर्ष गरिरहेको, सङ्घर्ष थालनीको बेला पूर्वब्रिटिश गोर्खा ४० हजारको सङ्ख्यामा भएको, तीमध्ये अहिले धेरैको मृत्यु भएको हुँदा अहिले १२ हजार मात्र जिउँदो भएको, दुई देशका अधिकारीबिचको वार्ता माग पूरा गर्ने गराउने भन्दा झाडु लाउनेजस्तै भएको, ब्रिटिशद्वारा गोर्खाहरूलाई भाडाको भाडाको सिपाही बनाइएको, सन् १९४७ नोभेम्बर ९ को नेपाल, भारत, बेलायतबिचको त्रिपक्षीय गोर्खा भर्ती सम्झौता पुनरावलोकन गर्न सर्वोच्च अदालतको आदेश र संसदीय समितिको निर्देशनलाई नेपाल सरकारले पालना नगरेको उल्लेख गर्दै समान सुविधा नहुने भए गोर्खा भर्ती बन्द हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

गोर्खा सत्याग्रह सङ्घर्ष समिति नेपालका संयोजक भीमबहादुर तावा लिम्बुले बेलायतले ब्रिटिस गोर्खा भर्तीलाई 'सम्झौता' नभनेको, 'स्मरणपत्र' मात्र भनेको, बेलायतले ब्रिटिस गोर्खाहरूलाई सिङ्गापुर र ब्रुनाईको प्रहरीमा समेत बेचेर खर्बौं रुपैयाँ खाएको उल्लेख गर्नुभयो ।

भूपू ब्रिटिस गोर्खा एसबी घिसिङले ब्रिटिस गोर्खाको २०५ वर्षको इतिहासमा समान हकको लागि आफूहरू ३४ वर्ष सङ्घर्ष गरेको, २०७५ सालमा प्रम केपी ओलीले बेलायती प्रधानमन्त्रीसँग भूपू गोर्खाहरूको हितविपरीत पेन्सन विषय पुनः नउठाउने सहमति गरेको, तेस्रो चरणसम्मको दुईपक्षीय वार्तामा समान सुविधाबारे छलफल नभएकोमा असन्तुष्टी पोख्दै समान सुविधाको व्यवस्था नभएसम्म गोर्खा भर्ती बन्द गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले गोर्खा भर्तीको समस्या बल्झिरहेको बेला नेपाली युवालाई युक्रेन र रुसलगायत देशको सैन्य भर्तीमा पठाइएकोमा सरकारको विरोध गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले नेपाली युवालाई भाडाको सिपाही बनाउँदै आएको गोर्खा भर्ती खारेज नै गर्नुपर्ने, नेपाली युवालाई नेपालभित्रै रोजगारी दिएर देशको विकास गर्नुपर्नेमा जोड दिँदै वैदेशिक रोजगारीमा पठाइएका लाखौँ नेपाली चेलीहरू यौन हिंसाको शिकार भएको, एउटा डाँकु दलले अर्को डाँकु दलसँग भाडामा मानिस लिएजस्तै नेपाली युवालाई ब्रिटिस र भारतीय सेनामा पठाउनु देशघात नै भएको उल्लेख गर्नुभयो ।

सांसद सुवालले हाम्रा नातिनातिनाले शासक दलका नेताहरूलाई गोर्खा भर्ती र वैदेशिक रोजगारीमा युवा पठाएर देशलाई नवउपनिवेश बनाएको आरोप लाग्ने उल्लेख गर्दै सुगौली सन्धिमा अङ्ग्रेजको दास बनाइएको नेपाललाई गणतन्त्रमा समेत शासक दलहरू

बाँकी पृष्ठ १२ मा

## वाग्मती प्रदेशसभामा हिउँदे अधिवेशन सुरू
## देश बिदेसिरहेकोमा चिन्ता

हेटौँडा । वाग्मती प्रदेशसभाको हिउँदे अधिवेशन मङ्गलबार प्रारम्भ भयो ।

उक्त अधिवेशनमा भाग लिँदै नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं प्रदेश सांसद सुरेन्द्रराज गोसाईले भन्नुभयो, "हामी प्रदेशसभाको १५ औँ महिनामा छौँ । गम्भीर समीक्षा आवश्यक छ । आजसम्म आइपुग्दा देश राजनीतिक र आर्थिक सङ्कटमा अझ बढी फस्दै छ । देश कसले चलाउँदै छ ? देशमा सरकार छ र ? जस्ता यक्ष प्रश्न खडा छन् । देश किन विदेश हिँडिरहेछ ? सर्वत्र चिन्ता छ । विदेशी शक्तिसामु शासक नेताहरू किन घुँडा टेक्दै छन् ? प्रश्न खडा छ ।"

उहाँले भन्नुभयो, "नेपाली समाजमा एउटा आहान प्रचलित छ - 'आगोसँग नजिस्किनु, पानीसँग नजिस्किनु र राजनीतिसँग नजिस्किनु ।' तर, शासक दलहरू जिस्किरहेका छन् । परिणाम उनैले भोग्नेछन् । राजनीति इमानदारी, नैतिकता, विचार तथा सिद्धान्तमा आधारित हुन्छ । राजनीतबाट यी सबै निकालेको खण्डमा राजनीति लाजनीति बन्छ; अपराधको कर्म बन्छ र ठगनीति बन्छ । शासक दल र वाग्मती प्रदेश सरकारको हिजोआजको राजनीति हेर्दा लाज पनि लजाउँदो हो ! देशका नामुद ठगहरूसमेत प्रदेश सरकारको काइदा देखेर ताजुब मान्दा हुन् ! आफूहरूलाई उछिन्नेहरूको यति चाँडै विकास भएकोमा रणभुल्लमा पर्दा हुन् ! प्रदेश सरकारलाई हेक्का रहोस्, बेइमानी राजनीति होइन र राजनीति बेइमानी होइन ! राजनीतिक बेइमानी धेरै दिन टिक्दैन ।"

सांसद गोसाईले भन्नुभयो, "राजनीतिमा दिएको वचन पूरा गर्न सकिएन, जनताको पक्षमा काम नै गर्न सकिएन, बारम्बार हात उठाउनुपर्ने स्थिति आयो र आफू मातहतका कर्मचारीलाई समेत तह लगाउन सकिएन भने एउटा

बाँकी पृष्ठ १२ मा

## सोभियत सङ्घको गुण बिर्सने युरोप !

ललितपुर । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा ललितपुर जिल्लाको महालक्ष्मी नगर समितिको आयोजनामा कार्यकर्ता भेला शनिबार सम्पन्न भयो ।

पार्टीका सचिव एवं प्रतिनिधिसभाका सदस्य प्रेम सुवालले सत्ता र प्रमुख विपक्षी दलको सिद्धान्तहीन गठबन्धन ती दुवैको लागि हिमालयमा चिप्लेटी खेल्नुजस्तै हुने उल्लेख गर्नुभयो ।

सांसद सुवालले अगाडि थप्नुभयो, "राजनीति देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने क्षेत्र हो । राजनीतिक दल एक निश्चित दर्शनअनुसार एक वर्ग आधारमा स्थापना र सञ्चालन हुन्छ । सिद्धान्तहीन निर्वाचन गठबन्धन र सत्ता गठबन्धन गर्ने शासक दलरूबाट देश र जनताले केही पाउने छैन बरु गुमाउँदै जानुपर्नेछ । शासक दलहरूको नाम फरक फरक भए पनि आर्थिक विषय निजीकरण र वैदेशिक मामिला भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको पिछलग्गू बन्नु हो । विदेशी लगानीले नेपाललाई नवउपनिवेश बनाउनेछ ।"

सांसद सुवालले पार्टीका कार्यकर्ताहरू पार्टी प्रकाशन अध्ययन गरी पार्टी गतिविधिमा सहभागी हुनुपर्ने आवश्यकता औँल्याउँदै शत्रु र मित्रलाई चिन्न सक्षम हुनुपर्नेमा जोड दिनुभयो ।

"सरकारहरूले देशमा रोजगारी नदिई युवालाई वैदेशिक रोजगारीको नाममा बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामी बन्न पठाएको देशघात नै हो । वैदेशिक रोजगारीमा गएका लाखौँ नेपाली महिलाहरू यौन शोषण र बलात्कारको शिकार भएका छन् । दाल, चामल, तरकारीसमेत भारतबाट आयात गरी खुवाउने सरकारहरूले कृषिमा आत्मनिर्भर नेपाल बनाउने छैनन् । नेपालीले देशभित्र रोजगारी नपाएको हुँदा नेपालको राहदानी वरियता १०३ औँ स्थानबाट २७ औँ स्थानमा खस्किएकोबताइन्छ", सांसद सुवालले उल्लेख गर्नुभयो ।

सांसद सुवालले थप्नुभयो, "स्तालिन नेतृत्वको सोभियत सङ्घले दोस्रो

बाँकी पृष्ठ १२ मा



समाजवादविना प्रजातन्त्र हुनसक्दैन र प्रजातन्त्रविना समाजवाद पनि हुनसक्दैन ।

*–रोजा लक्जेम्बर्ग (समाजवादी नेतृ)*

## सम्पादकीय

# समाचारका शीर्षकहरू र सरकारको हेरफेर

'सङ्कटमा गठबन्धन'- *(नागरिक, दैनिक, २१ फागुन २०८०)* ।

'सुशासन र नैतिकता गुमाएको सरकार' *(नागरिक, दैनिक, २१ फागुन २०८०)*

'सत्ता गठबन्धनमा उलटफेरसम्मको आशङ्का' *(राजधानी, २१ फागुन २०८०)*

'प्रधानमन्त्रीको सुशासन प्रतिबद्धतामा गम्भीर प्रश्न' ' मुख्य सचिव र मन्त्री नै भ्रष्टाचार, छानबिनमा पर्दासमेत लिइएन' 'एक्सन', 'पालो पुऱ्याउन मन्त्रीमण्डल पुनर्गठनको तयारी' 'फेरबदल हुँदैमा सरकार प्रभावकारी नहुने ' ।

*(नेपाल समाचारपत्र-२१ फागुन २०८०)*

'गठबन्धन धरमर'

'मन्त्री फेरबदल, राष्ट्रियसभा अध्यक्ष र सङ्क्रमणकालीन न्यायले सत्ता समीकरण सकसमा')

'देउवा मन्त्रीहरूसँग आक्रोशित'

*- 'अन्नपूर्ण पोष्ट, २१ फागुन २०८०)*

'प्रमुख दलहरूबिच 'अस्वाभाविक, दौडधुप'

*(नयाँ पत्रिका २१ फागुन २०८०)*

समाचारपत्रहरूको माथिका शीर्षकहरूले सरकारको हेरफेरमा भित्रभित्र तयारी भइरहेको प्रस्ट छ । नेपाली काङ्ग्रेससँगको गठबन्धन टुट्ने पूर्वसङ्केत ती समाचारहरूले दिए । सँगसँगै नयाँ गठबन्धनको निम्ति प्रम प्रचण्डको भाषामा आलोचनाका भावहरू यसरी पोखिए -

१) 'आयोजनाको लागत बढाउने बेथिति अन्त्य गर्न प्रधानमन्त्रीको निर्देशन'

*(नयाँ पत्रिका- २१ फागुन २०८०)*

देश र सरकारमा ठेकेदारहरूको मनपरी २०-२५ वर्षदेखि बढ्दै गइरहेको थियो । सत्ताधारी दलहरूलाई निर्वाचनमा आर्थिक मद्दत गरेरै ठेकदारहरू आफ्नो अनुकूल ऐन- कानुनहरू बनाउन लगाउँदै थिए । गठबन्धन सरकारको लगाम प्रम प्रचण्डको हातमा थिएन र लगाम शेरबहादुर देउवाको हातमा थियो । यस्ता अनेक कारणले प्रचण्डले गठबन्धनलाई तिलाञ्जली दिएर नयाँ बनाउन लागेको अनुमान गर्न सकिन्थ्यो । अन्य कारणहरू निम्न छन्-

१) '७६ वर्षपछि आयो राष्ट्रिय बीमा नीति'

'के छ राष्ट्रिय बीमा नीतिमा ?' *(नयाँ पत्रिका- २७ फागुन २०८०)*

२) 'लिने र बेच्ने 'गञ्जागोल' मै नेपाल एयरलाइन्स'

*(अन्नपूर्ण पोष्ट, २१ फागुन २०८०)*

'सङ्कटमा नेपाल एयरलायन्स'

'न पुराना बिक्री हुन्छन्

न नयाँ जहाज किन्ने अवस्था छ'

'चिनियाँ जहाजको विकल्प के ?'

यस्तै प्रश्नै प्रश्न र किचलोले नेपाल एयरलाइन्सलाई खाल्डोमा पुऱ्यायो । ग्राम्सन्सको नियमअनुसार बजारबाट 'सुनको सिक्का लोप हुँदै जान्छ र नक्कली मुद्रामात्र बजारमा रहन्छ' यो स्वाभाविक हो । सुन र चाँदीको सिक्का चलाएजस्तै सरकारी र निजी हवाईजहाज चलाउन दिँदा निश्चय पनि सामान्य अवस्थामा निजी हवाई सेवाले सरकारी हवाई सेवालाई बजारबाट फाल्छ !

त्यस्तै गठबन्धनको सरकार केमा चुक्यो ? भन्ने सवालमा । 'गरिबी न्यूनीकरणमा चुकेको सरकार' बताउँछन् पर्यवेक्षकहरू ।

*(राजधानी, २१ फागुन २०८०)*

३) गठबन्धन सरकारमा चारैतिर भ्रष्टाचारको समाचारले पत्रपत्रिका भरिए । हुँदा हुँदा स्यानेटरी प्याडमा समेत भ्रष्टाचार गरे । 'धनुषा सहिदनगरमा तत्कालीन नगर प्रमुख यादवसहित नौ जना विरुद्ध मुद्दा ।' अफसोच ! तराईका जनप्रतिनिधिलाई शासक दलहरू राजनीतिक नैतिकताबारे शिक्षित गर्न असफल साबित भए ।

४) 'मेलम्चीमा खोइ त छानबिन ?' गौरीबहादुर कार्की

*(नागरिक, २१ फागुन २०८०)*

मेलम्चीको पानीबारे उपत्यकामा ०१२-२०१५ सालमा ठुलो चर्चा भइरहन्थ्यो, तर प्रम कृष्णप्रसाद भट्टराईको पालामा 'याक एन्ड यति' मा भन्दै थिए सभाका सहभागीहरू '२ वर्षमा पनि बन्दैन मेलम्ची योजना !' 'देश ऋणमा डुबाउनेहरू सक्रिय भएको हुँदा ।'

हेरौँ, नयाँ गठबन्धन सरकारले भ्रष्टाचारलाई कसरी ठेगान लगाउँछ र जनतालाई कसरी चित बुझाउने प्रयास गर्छ !?

# प्रधानमन्त्री र मन्त्रीहरूसँग समस्याको समाधान भएन

✍ **प्रेम सुवाल**

नेपालीलाई 'भाडाको सिपाही' बनाएको 'गोर्खा भर्ती' खारेज नगरिएसम्म नेपालीको अन्य देशको सेनामा नेपाली युवाको भर्ना र मृत्युसमेत रोकिने छैन । यसकारण बेलायत र भारतमा भइरहेको 'गोर्खा भर्ती' अविलम्ब खारेज हुनु जरुरी छ ।



**देशको सन्तुलित विकास गरिएको भए काभ्रे पलाञ्चोक, सिन्धुपाल्चोक, धादिङ जिल्लाबाट ढुङ्गा, गिट्टी, बालुवा सङ्घीय राजधानी काठमाडौँमा ओसार्नुपर्ने थिएन । यहाँको कृषि भूमि कङ्क्रिटको जङ्गलमा परिणत हुने थिएन । डोजर र टिपरले सहरका मान्छे मर्ने थिएनन् । यस विषयमा सरकारको ध्यान जानु जरुरी छ ।**

देशको जल्दोबल्दो विषयमा प्रधानमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु :-

नेपालीलाई 'भाडाको सिपाही' बनाएको 'गोर्खा भर्ती' खारेज नगरिएसम्म नेपालीको अन्य देशको सेनामा नेपाली युवाको भर्ना र मृत्युसमेत रोकिने छैन । यसकारण बेलायत र भारतमा भइरहेको 'गोर्खा भर्ती' अविलम्ब खारेज हुनु जरुरी छ ।

सत्ता पक्ष र प्रमुख विपक्षीबिच सरकारले यही फागुन २१ गते संसद्मा स्पष्टीकरण दिने सहमति भई संसद् चालु भइरहेको छ । तर, भ्रष्टाचार र अनियमिततामा संलग्नहरूलाई बर्खास्तीसहित कारबाही नगरिएसम्म, लघुवित्त र मिटरब्याज पीडितको ऋण मिनाहा र जालसाजी कागज खारेज नगरिएसम्म, सहकारी पीडितको बचत फिर्ता नगराइएसम्म, दूध, किसानको अर्बौं रुपैयाँ भुक्तानी नगराइएसम्म संसद्मा सरकारको सम्बोधन हुँदैमा अर्थ हुनेछैन ।

पूर्वसभामुख दमननाथ ढुङ्गानाले संसद् 'सुन चोरहरूको' भएको बताउनुभयो । पञ्चायतकालमा एक सुन बुढाको चर्चा थियो । बहुदल र गणतन्त्रमा शासक दलहरूले नयाँ पुस्तालाई चुनाव जित्ने सबै उपाय सिकाए तर देश, जनता र प्रजातन्त्रको सेवा गर्नेबारे नसिकाउँदा पूर्वसभामुख दमन दुङ्गानाको 'सुनचोरहरूको संसद्' टिप्पणी आएको हुनुपर्दछ ।

प्रधानमन्त्री र मन्त्री पदको अर्थ कोट लाउने, चश्मा लाउने र फुर्ती गर्ने होइन, समस्याको समाधान गर्ने क्षमता हुनु हो । प्रधानमन्त्रीको मापदण्ड बन्दुक र बम पड्काएको होइन भने मन्त्री नियुक्तिको मापदण्ड कुनै विश्वविद्यालयको विद्यावारिधि पनि होइन ।

श्रममन्त्री र मन्त्रालयका सचिवले जापानमा मासिक ३ लाख पाउने गरी वार्षिक २० हजार दक्ष नेपाली पठाउन ढोका खुलेको बताए । विदेश पुगेका नेपाली चेलीहरू आँसुको धारा बगाउँदै गुनासो गर्दै प्रश्न गर्छन्- "भो अब विदेशको कुरा नकोट्याऊ त्यो त दुःखको खाडल र राक्षसी व्यवहार हो । अब यो नर्कबाट हामी कहिले फर्कन पाउने हो ?"

डा. लोकराज बरालले भन्नुभयो- "दलहरू सिद्धान्तच्यूत हुनुहुँदैन ।" सरकारमा गएका कम्युनिस्ट र प्रजातन्त्रवादी पार्टीहरू एमसीसी सम्झौता पढ्दै नपढी पारित गर्छन्, नेपालको चुच्चे नक्सा केटाकेटीको खेल बनाउँछन्, निर्वाचन जित्न र सरकार गठन गर्न सिद्धान्तहीन गठबन्धन गर्छन् ।" ती दलहरूसँग देश र जनताले आशा गर्ने ठाउँ छैन ।

प्रधानमन्त्री दाहालले ०८०/८१ को समीक्षा बैठकमा भन्नुभयो- "जोवन धान्ने र काल पर्खने खालको सरकार भो । मन्त्रीदेखि मुख्य सचिवको दिमागमा बेचैनी बढ्यो ।" प्रधानमन्त्रीसँग देश विकासको खाका छैन । मन्त्री र सचिवसँग यस्तो खाका झन् भएन । यसकारण प्रधानमन्त्रीको रोइलोको अर्थ छैन ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ०७४ सालमै टेरामक्स खरिदको कारबाही रद्द गरेको थियो । तर, ०७८ साल कार्तिकमा प्रधानमन्त्री, मन्त्री, सचिवहरूले यसलाई ब्युँताए । अहिले करोडौं भ्रष्टाचार भएको सार्वजनिक भयो ।

२०१५ सालको चुनावी घोषणापत्रमा नेपाली काङ्ग्रेसले 'समाजवाद टाढाको लक्ष्य' भनेर लेखेको थियो भने गोर्खा परिषद्ले 'वर्गविहीन समाज खडा गर्ने' उल्लेख गरेको थियो । जर्मनीका मजदुरहरूबिच कम्युनिस्ट प्रभाव बढेको हुँदा हिटलरले पनि 'राष्ट्रिय समाजवाद' को नारा दिएका थिए । भारतको काङ्ग्रेस आईका इन्दिरा गान्धीले पनि समाजवादको कुरा गरेकी थिइन् । मोदीको बीजेपीको आर्थिक दर्शन गान्धीको गाउँ विकाससँग जोडिएको बताइन्छ । नेपालका शासक दलहरू पनि समाजवाद र कम्युनिस्ट दाबी गर्छन् । आफूलाई कुनै नामको एउटा दल दाबी गर्नुभन्दा पनि साँच्चै त्यस्तो काम गर्ने हुनु जरुरी छ, तर हुन सकेनन् । शासक दलहरू विदेशीको भरमा चुनाव जित्ने र सरकारमा पुग्नेमा केन्द्रित छन् । सरकारमा गएर भौतिक निर्माण त राणा शासन र पञ्चायत सरकारले पनि गरेका थिए । मुख्य कुराहरू शासक नेताहरू स्वअनुशासनमा बस्ने र जनताको सांस्कृतिक विकास गर्ने हो । आजसम्मका सरकारहरू यसमा लागेका छैनन् ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले शुक्रबार संसद्को विशेष समयमा बोल्नुभयो । उक्त विशेष समयमा सांसद सुवालले राख्नुभएको मन्तव्यको सार- सं.)*

### शासक दलहरूको आर्थिक र विदेश मामिला फरक भएन

निर्माणमुखी सामग्रीको उत्खनन्, सङ्कलन, प्रशोधन गर्ने र बिक्रीमा गुणस्तर कायम गर्ने जिम्मेवारी सरकारको हो । यस्तो व्यक्ति विशेषको हातमा दिनु हुँदैन । विकास र वातावरणबिच सन्तुलन कायम गर्ने विषय धेरै अगाडिदेखि उठेको हो तर बसाइँसराइ काठमाडौँ उपत्यकामा बढेको हुँदा सङ्घीय राजधानी काठमाडौँ विश्वको पहिलो प्रदूषित ठाउँ भयो । प्रदूषणको कारण यहाँका बासिन्दाहरूमा फोक्सो, मुटु, मिर्गौला रोग देखिएको विज्ञहरू बताउँछन् । यसबारे सरकार सचेत देखिएन ।

यो विधेयक पारित भए देशभरि नै नदीजन्य सामग्रीको दोहन बढ्ने र वातावरण थप बिग्रिने, चुरे दोहनका साथै अन्नको भण्डार तराई मरुभूमिमा परिणत हुने, चुरे क्षेत्र, राष्ट्रिय निकुञ्ज संरक्षण क्षेत्र, वन्यजन्तु आरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रको खनिजसमेत दोहन हुनेछ । व्यावसायिक अनुमतिको नाममा खनिज क्षेत्र उत्खनन र प्रशोधनको काम व्यक्तिलाई दिनु देशघात नै हो । राज्यको दोहन गर्नेहरू नै अहिले खर्बपतिको सूचीमा परेका छन् । यसबारे पनि सरकार सचेत देखिएन ।

उद्योग दर्ता र अनुगमन गर्ने उद्योग विभाग अर्को भन्सारको रूपमा रहेको छ । उद्योग विभागमा बस्नेहरूले मन्त्रीहरूलाई भाग दिएको दाबी गर्दै छन् । यसबारे मन्त्रीहरू मौन बस्नुले मन्त्रीहरूले भाग लिएको त होइन ? भन्ने प्रश्न उठ्यो ।

देशको सन्तुलित विकास गरिएको भए काभ्रे पलाञ्चोक, सिन्धुपाल्चोक, धादिङ् जिल्लाबाट ढुङ्गा, गिट्टी, बालुवा सङ्घीय राजधानी काठमाडौँमा ओसार्नुपर्ने थिएन । यहाँको कृषि भूमि कङ्क्रिटको जङ्गलमा परिणत हुने थिएन । डोजर र टिपरले सहरका मान्छे मर्ने थिएनन् । यस विषयमा सरकारको ध्यान जानु जरुरी छ ।

संविधानअनुसार नागरिकको कर्तव्य सार्वजनिक सम्पत्ति संरक्षण गर्ने हो । यो विधेयकले नागरिकलाई निर्माणमुखी सामग्री उत्खनन्को नाममा प्राकृतिक स्रोत दोहन गर्ने अधिकार दिइएको छ ।

केही प्रदेश सरकारले निजी क्षेत्रलाई सडक बनाउन लगाई कर उठाउन दिने निर्णय गर्दै छन् । यो निर्णय सरकारी र सार्वजनिक सम्पत्तिमा व्यक्तिलाई रजाइँ गर्न दिने देशघाती हो । सम्बन्धित शासक पार्टी र सरकारले यो देशघाती काम रोक्नु जरुरी छ ।

राज्यको कमजोर उपस्थितिको फाइदा उठाउँदै नेपाल-भारत सीमा क्षेत्रको वनमा मनोमानी ढङ्गले खयरको रुख कटान भइरहेको छ । यो विषयमा दाङ राजपुरका जनताले सरकारी निकायलाई जानकारी गरायो तर कटान रोकिएको छैन । जनतालाई सिंहदरवारको डर देखाई खयर रुख कटान भइरहेको छ । रौतहटको चन्द्रपुरमा पनि सालको काठ मासिइसकेको र खयरको रुख कटान भइरहेको जनता गुनासो छ । सिंहदरवारका सिंह प्रधानमन्त्री, मन्त्री, सचिवहरू नै हुन् । के ती सिंहहरूले ढलेको रुख कटानका नाममा जङ्गलका राम्रा रुख कटान गर्न आदेश दिएका हुन् र ?

वायु प्रदूषण विज्ञहरूका अनुसार सङ्घीय राजधानी काठमाडौँ विश्वको ५० औं प्रदूषित सहरमध्ये पहिलो नम्बरमा रहेको छ । यही क्रमले वायु प्रदूषण कायम रहेमा हिमनदी पग्लने क्रम बढ्ने छ । साथै अबको ५० वर्षमा मानिसहरू बाँच्नको लागि नभई नहुने कञ्चन, स्वच्छ र शुद्ध पिउने पानी तथा खाद्यान्नको ठुलो सङ्कट आइपर्नेछ । पुँजीवादी देशहरूले ३२ देखि ३६ प्रतिशत पानी र विश्वका अधिकांश प्राकृतिक स्रोत दोहन गर्दै छन् । ती पुँजीवादी देशहरू संसारको वायु प्रदूषणमा २१ प्रतिशत दोषी रहेको तथ्याङ्क छ ।

उद्योगी-व्यापारीहरूले नेपालको अर्थतन्त्रमा शासक दलहरूको साझा एजेन्डा नबनेमा दुर्घटना हुने बताए । अहिले शासक दलहरूको नाम फरक फरक छ । तर, आर्थिक र वैदेशिक मामिलाको नीति एउटै छ । निजीकरण र वैदेशिक पुँजी ल्याएर देशलाई नवउपनिवेश बनाउनेमा शासक दलहरूको एउटै नीति छ । यो यथार्थ नेपालका उद्योगी-व्यापारीहरूले बुझ्नु जरुरी छ ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०८० फागुन १८ गते निर्माणमुखी सामानको व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० मा विरोधको सूचना पेश गर्दै राख्नुभएको मन्तव्यको सार-सं)*

# पारदर्शिता भ्रष्टाचार न्यूनीकरणका एक उपाय !

विवेक

**नेपालको सबै क्षेत्र अस्तव्यस्त हुनुको मुख्य कारण हो भ्रष्टाचार । भ्रष्टाचार देशलाई तहस नहस पार्ने महारोग हो । समयमा त्यसको निर्मूल गर्नेतर्फ ध्यान दिइएन भन्ने देशलाई जोगाउनसमेत सम्भव हुँदैन । कानुनमा सुधार गर्नु पनि हाम्रा नीति निर्माताहरूले समयमै ध्यान दिनु जरुरी छ । नीतिगत भ्रष्टाचारमा उन्मुक्तिको प्रश्नले नीति निर्माताहरूलाई भ्रष्टाचार गर्न उत्साहित गरी रहन्छ । भ्रष्टाचारसम्बन्धी छानबिन गर्ने थुप्रै निकायहरू भए पनि ती निकायले स्वतन्त्ररूपमा छानबिन गर्न सक्दैनन् । भागबण्डाबाट पदाधिकारी नियुक्त गर्ने प्रवृत्ति स्वतन्त्र छानबिन गर्न नसक्नु को मुख्य कारण हो ।**

दैनिकजसो सञ्चारमाध्यममा आइरहने भ्रष्टाचारका समाचारहरूले जनता आजित भएका छन् । पछिल्लो चरणमा बहालवाला मुख्य सचिव बैकुण्ठ अर्यालसमेतको नाम भ्रष्टाचारमा मुछिएको सार्वजनिक भयो । १७ फागुन २०८० को कान्तिपुरले मुख्य पृष्ठमा 'मुख्य सचिव अर्याल र भ्रष्टाचार अभियुक्त विकल पौडेलबिच आर्थिक लेनदेन' शीर्षकमा समाचार लेख्यो – 'नेपाल राष्ट्र बैङ्क, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजश्व अनुसन्धान विभाग र प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी) एकसाथ अनुसन्धान गरिरहेका व्यक्तिसँग निजामति कर्मचारीका सर्वोच्च पदमा रहेका अर्यालको आर्थिक लेनदेन भेटिएको छ ।'

नेपालमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम र निष्पक्ष तथा भ्रष्टाचार मुक्त बनाउने कुरा नेता र प्रशासकहरूको भाषणमा मात्र सीमित हुन पुगेको छ । नेपालमा सङ्घीयता कार्यान्वयनमा आएपछि भ्रष्टाचारमा केही कमी आउने जनताले अपेक्षा गरेका थिए । सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहमा निर्वाचित सरकारहरू गठन हुने, त्यसले जन उत्तरदायी, पारदर्शी र सक्षम प्रशासन सञ्चालन गरी सुशासनको प्रत्याभूति दिने जनताको अपेक्षा थियो । जन अपेक्षा विपरीत भ्रष्टाचारको गति 'अरबी घोडा' झैँ तिब्र गतिमा अगाडि बढ्दै छ । अहिले कुनै पनि क्षेत्र भ्रष्टाचार मुक्त छैन । निम्न स्तरका कर्मचारीदेखि उच्च पदस्थ कर्मचारीहरूसम्म र वडाध्यक्षदेखि प्रधानमन्त्रीसम्म भ्रष्टाचारमा संलग्न भएका समाचारहरूले अन्तर्राष्ट्रिय जगतमा नेपालको बेइज्जत भइरहेको छ ।

संसद्मा र सडकमा भ्रष्टाचारीहरूलाई कडा कारबाही हुनुपर्ने आवाज निरन्तर उठिरहेका छ । तर, कानुन बनाउनेहरूको ध्यान त्यसमा गएको देखिँदैन । संसद्मा भ्रष्टाचारीहरूलाई मृत्युदण्ड दिनुपर्ने कुरा पटक पटक उठे पनि त्यसको सुनुवाइ भएको छैन । संसारमा नेपाल मात्रै यस्तो देश होला जहाँ भ्रष्टाचार गरेको सम्पत्ति फिर्ता गर्ने कबोल गरेपछि मुद्दा चलाइँदैन । ललितानिवास जग्गा भ्रष्टाचार काण्ड त्यसको एक उदाहरण हो । एमालेका नेता विष्णु पौडेलका छोरा र सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मीले जग्गा फिर्ता गर्ने भनेपछि अख्तियारले मुद्दा नै चलाएन; अन्यलाई मात्र मुद्दा चलायो । विशेष अदालतले हालै धेरैलाई कैद र जरिवाना हुने फैसला गऱ्यो । त्यही मुद्दामा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल र बाबुराम भट्टराईविरुद्ध पनि मुद्दा चलाइएन । 'नीतिगत निर्णयमा अनुसन्धान गर्न नमिल्ने' भन्दै अख्तियार पन्छियो र मुख्य निर्णयकर्ताहरूलाई नै प्रतिवादी बनाइएन । मन्त्रिपरिषद्को अध्यक्षता गर्नेहरूलाई नै प्रतिवादी नबनाइएपछि त्यस निर्णयमा हस्ताक्षर गर्ने भूमिसुधार मन्त्रीहरूले सजाय पाउने कुरा पनि भएन । उनीहरूले सफाइ पाए । डाडु र पन्यू हातमा भएका शासकहरूले कसरी आफूलाई सुरक्षित गर्छन् भन्ने दृष्टान्त ललिता निवास घटनामा प्रस्ट देखियो ।

भ्रष्टाचार गरेको सम्पत्ति फिर्ता गर्दैमा ऊ अपराधबाट मुक्त हुन सक्दैन भन्ने एक उदाहरण दक्षिण कोरियामा देख्न सकिन्छ । दक्षिण कोरियाका पूर्व राष्ट्रपति चुन डु ह्वानले आफू राष्ट्रपति हुँदा करोडौँ भ्रष्टाचार गरे । सन् १९८८ मा आफैले आफ्ना भ्रष्टाचारका पोल खोले । उनले भ्रष्टाचार गरेको घटनाप्रति प्रायश्चित गर्दै सार्वजनिक टेलिभिजनमार्फत सबैसँग माफीसमेत मागे । आफ्ना सबै सम्पत्ति ३० लाख डलर बराबर कोरियाली नगद, २ करोड डलर बराबर राजनैतिक चन्दा, सियोलस्थित करोडौँ डलर बराबरका विशाल भवनहरू र ठाउँ ठाउँमा रहेका घरहरू राज्यलाई फिर्ता गरेको घोषणा गरे । तर, त्यहाँको कानुनले उनलाई छुट दिएन । उनलाई भ्रष्टाचारमा मुद्दा चलाइयो । अदालतले उनलाई मृत्युदण्डको फैसला गर्यो ।

नीतिगत निर्णयबारे पनि भारतको एउटा घटना प्रासङ्गिक छ । सन् १९७१-१९७७ सम्म भारतमा इन्दिरा गान्धी प्रधानमन्त्री थिइन् । उनले आफ्नो शासनकालमा भएका भ्रष्टाचारका विषयमा छानबिन गर्न नपाउने गरी निर्वाचन कानुनमा संशोधन गरिन् । अदालतले त्यसलाई सन् १९७५ मा खारेज गरी दियो ।

नेपालले भ्रष्टाचार नियन्त्रणबारे दक्षिण कोरिया, भारतजस्ता पुँजीवादी देशहरूबाट भए पनि केही सिक्नुपर्ने हो । सन् १९७२ मा जापानका प्रधानमन्त्री काकुइ तानाकाको नेप्पोन एयर घुस काण्डमा होस् या सन् १९९३ मा भारतका प्रधानमन्त्री नरसिंह राव सरकार टिकाउन झारखण्ड मोर्चासँग घुस लिएको काण्डमा होस् उनीहरू भ्रष्टाचारी नै ठहर भए र कैद सजाय भोग्न तथा जरिवाना तिर्न बाध्य भए । नेपालमा भने भ्रष्टाचार गरेको सप्रमाण हुँदा हुँदै प्रधानमन्त्री र उच्च ओहडामा बसेकै कारण उन्मुक्ति पाउने गरेका थुप्रै उदाहरणहरू छन् ।

भ्रष्टाचारको अन्त्य र सुशासन नेपाली जनताले शब्दमा होइन व्यवहारमा खोज्दै छन् । शासक दलका नेताहरू निर्वाचन कानुन विपरीत एउटा निर्वाचनमा '७ करोडसम्म खर्च गरेको' भनी हाकाहाकी बोल्छन् र निर्वाचन आयोगलाई हाँक दिन्छन् । भ्रष्टाचार नियन्त्रणको लागि खडा गरिएका राज्य संयन्त्रहरू तिनीहरूलाई छुने आँट गर्दैनन् । भ्रष्टाचारीहरू सङ्गठित र झन् झन् बलियो हुँदै गइरहेका छन् । राज्यका हरेक तहमा उनीहरूको बलियो पकड हुन पुगेको छ । निर्वाचनमा करोडौँ खर्च गर्ने प्रवृत्तिले गर्दा नेपालको राज्य व्यवस्था 'चोरलाई चौतारा र साधुलाई सूली' बन्दै छ । सङ्घ, प्रदेश र स्थानीय तहका निर्वाचन विचार र सिद्धान्तको प्रतिस्पर्धा वा पार्टी घोषणापत्रहरूको लडाइँ हुनुपर्नेमा भोज खुवाउने, पैसा बाँड्ने, गुन्डागर्दी गर्ने तथा जनतालाई झुटा आश्वासन दिनेमा प्रतिस्पर्धा भइरहेका छन् । जबसम्म यस्ता गलत प्रवृत्तिको अन्त्य हुँदैन त्यसबेलासम्म भ्रष्टाचारमा कमी आउनेछैन ।

एक पटक भक्तपुर मालपोत कार्यालयका प्रमुखले भक्तपुर नगरपालिकाका कर्मचारीहरूबिच भनेका थिए - राष्ट्रपतिसम्मलाई पुग्छ पुग्दैन मलाई थाहा छैन, मालपोतमा लिएको पैसा (घुस) प्रधानमन्त्रीसम्म त पुग्छ पुग्छ ।' उनी अहिले बितिसकेका छन् । झापाका जग्गा काण्डमा उनलाई पनि प्रतिवादी बनाइएको छ । त्यतिबेला डम्बर श्रेष्ठ भूमि सुधार मन्त्री र माधवकुमार नेपाल प्रधानमन्त्री थिए । केही समयपछि डम्बर श्रेष्ठ पनि नगरपालिकाका कर्मचारीहरूबिच पुगे । उनलाई मालपोत कार्यालयका प्रमुखको भनाइ सुनाउँदा हाँसे मात्रै जवाफ दिएनन् । ललिता निवास जग्गा काण्डमा उनले सफाइ पाए भने नेपाललाई मुद्दा नै चलाइएन ।

भ्रष्टाचारको मुख्य कारण पुजीवादी राज्य व्यवस्था हो । पुँजीवादी व्यवस्था भ्रष्टाचार मुक्त बन्नै सक्दैन । शोषण वा नाफा पुँजीवादको प्राण हो । त्यसैले भ्रष्टाचारलाई पुजीवादको छाया पनि भनिन्छ । शोषणकै कारण आर्थिक असमानता बढ्छ । निजी सम्पत्ति राख्ने व्यवस्था भएसम्म आर्थिक असमानताका दुरी बढ्दै जानेछ ।

आज भ्रष्टाचारकै कारण देशको अर्थतन्त्र ध्वस्त बन्दै छ । विकास निर्माणका काममा बालुवामा पानी खन्यायजस्तै भइरहेको छ । त्यसको कुनै उपलब्धी छैन । ३० अर्बको लागतमा सुरु भएको मेलम्ची खानेपानी योजना ६२ अर्ब खर्च भइसकेको जनाइएको छ, उपत्यकाबासीले खानेपानी पाउने सुनिश्चितता छैन, एउटा पुल निर्माण गर्न ३१४ वर्ष लगाएर अधुरो छोड्छन् । यस्ता प्रवृत्तिले देश उठ्दै नसक्ने गरी थला पर्दै छ ।

नेपाल सरकारले भ्रष्टाचारलाई नियन्त्रण गर्न सकेको खण्डमा अहिलेको भन्दा दोब्बर, तेब्बर राजश्व वृद्धि हुनेछ । त्यहीअनुसारको विकासको कामले गति लिनेछ । सुनकाण्ड, भुटानी शरणार्थी काण्डमासमेत 'ठूला माछा' लाई पकड्न नसकेको जनगुनासो व्याप्त छ । कानुनको आँखामा सबै बराबर हुन्छ र त्यहाँ अपराधअनुसार सबैलाई समान ढङ्गको सजाय हुनु अनिवार्य छ । झन् उच्च पदस्थ कर्मचारी वा पदाधिकारीहरूको लागि पदअनुसार थप सजाय हुनु आवश्यक छ ।

नेपालको सबै क्षेत्र अस्तव्यस्त हुनुको मुख्य कारण हो भ्रष्टाचार । भ्रष्टाचार देशलाई तहस नहस पार्ने महारोग हो । समयमा त्यसको निर्मूल गर्नेतर्फ ध्यान दिइएन भन्ने देशलाई जोगाउनसमेत सम्भव हुँदैन । कानुनमा सुधार गर्नु पनि हाम्रा नीति निर्माताहरूले समयमै ध्यान दिनु जरुरी छ । नीतिगत भ्रष्टाचारमा उन्मुक्तिको प्रश्नले नीति निर्माताहरूलाई भ्रष्टाचार गर्न उत्साहित गरी रहन्छ । भ्रष्टाचारसम्बन्धी छानबिन गर्ने थुप्रै निकायहरू भए पनि ती निकायले स्वतन्त्ररूपमा छानबिन गर्न सक्दैनन् । भागबण्डाबाट पदाधिकारी नियुक्त गर्ने प्रवृत्ति स्वतन्त्र छानबिन गर्न नसक्नु को मुख्य कारण हो ।

देशलाई खोक्रो पार्ने भ्रष्टाचार हो भने त्यसमा कमी ल्याउने उपाय भनेको पारदर्शिता हो । नेपाल सरकारले सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने सबै काम पारदर्शी गर्नैपर्ने अनिवार्य व्यवस्था गर्न सके अहिले भइरहेको आधाभन्दा बढी भ्रष्टाचारमा कमी आउने निश्चित छ ।

भ्रष्टाचारविरुद्ध लड्ने जनतामा सचेतना पनि भ्रष्टाचार न्यूनीकरण गर्ने अर्को उपाय हो । अहिले जनता विभिन्न पार्टीहरूमा विभाजित छन् । आफ्ना नेता, कार्यकर्ता भ्रष्टाचारमा मुछिएमा त्यसलाई बचाउने कोसिस गर्ने गरेको पनि देखिन्छ । जोसुकै होस् गलत काम गर्नेले सजाय पाउनैपर्छ भन्ने जनताको जमात ठूलो भयो भने भ्रष्टाचार गर्नेहरू डराउने छन् । साथै भ्रष्टाचारीलाई मृत्युदण्डको कानुनी व्यवस्था अर्को उपाय हो ।

# सरकार ! गाउँ शून्य हुँदै छ

रामरतन चौधरी

गोरखा र तनहुँको सीमामा बग्ने मर्स्याङ्दी नदीको पूर्वपट्टि किनारमा अवस्थित पालुङटार नगरपालिका क्षेत्रमा मगर, घले, गुरुङ, तामाङ, राई, नेवार, सन्न्यासी, क्षेत्री, बाहुन, मुसलमान, ठकुरी, कुमाल, गाइने, बादी, दराइँ, माझी, विश्वकर्मा, परियार, नेपालीलगायतका जातजाति मिलेरै बसेको देखिन्छ । भौगोलिक तथा वातावरणीय दृष्टिले पनि यो नगरपालिकाका क्षेत्रहरू महत्त्वपूर्ण छन् । समुद्री सतहदेखि १४३७ मिटर उचाइमा रहेको ऐतिहासिक लिगलिगकोट यही नगरपालिकाभित्र पर्दछ । यहाँ पहिले मर्स्याङ्दी नदी र चेपे नदीको सङ्गमस्थल चेपेघाटदेखि लिगलिगकोटसम्म करिब १० किलोमिटर दौडेर राजा बन्ने परम्परा रहेको थियो । अहिले पनि बर्सेनि दौड प्रतियोगिता चलेकै छ । मस्याङ्दी तथा चेपे नदीको ठूलो हिस्सा यसै नगर क्षेत्र भएर बग्ने गर्दछन् । यो क्षेत्र पर्यटकीय तथा ऐतिहासिक दृष्टिकोणले पनि महत्त्वपूर्ण रहेको देखिन्छ ।

बिसं २०७१ सालमा साविकका गाईखुर, पालुङटार, आँपपिपल र च्याली गाविसलाई मिलाएर पालुङ्टार नगरपालिका बनाइएको थियो भने २०७३ सालमा धुवाँकोट, खोप्लाङ, मिरकोटलाई पनि पालुङटारमा मिलाइयो । यहाँ धुवाँ, धुलो, प्रदूषणको समस्या त्यति देखिँदैन । हावापानी मानव स्वास्थ्य अनुकूल नै छ ।

पञ्चायतकालमा पालुङटार विमानस्थलबाट काठमाडौँ र भरतपुरमा हवाईजहाज चल्थ्यो । यो विमानस्थलको धावनमार्ग १ हजार ९७ मिटर छ । पृथ्वी राजमार्ग बन्नुपूर्व यहाँको मुख्य साधन हवाइजहाज नै थियो । त्यतिबेला नियमित ३ वटा विमानले सेवा दिने गर्दथ्यो । यो विमानस्थल सञ्चालन हुँदा गोरखा, लमजुङ, तनहुँलगायतका बासिन्दाले सुविधा पाएका थिए । २०३१/०३२ सालसम्म यो विमानस्थलबाट हवाई उडान हुने गरेको स्थानीय बताउँछन् । सरकारले उचित ध्यान नपुऱ्याउँदा यो विमानस्थल अहिले गाईभैँसी चराउने चौरमा परिणत भएको छ । विमानस्थलका संरचनाहरू जीर्ण अवस्थामा छन् भने आसपासका जग्गाहरू अतिक्रमणमा पर्दै छन् ।

अहिले पालुङटारलगायतका क्षेत्रमा सडकको सञ्जाल राम्रै जोडिएको देखिन्छ । पालुङटारबाट हर्मी चौतारो हुँदै मोटरसाइकलमा करिब १५ मिनेटको यात्रापछि हामी पालुङ्टार नपा वडा नं ८, लुइँटेल गाउँ पुग्यौँ । सडक कालोपत्रे भएकोले यात्राको लागि सहज छ । अलिकति घुमाउरो बाटो भए पनि चारैतिर हरियाली रमाइला दृश्यहरू देखिन्छन् । लुइँटेल गाउँमा देवकोटा, न्यौपाने, नेपाली, परियार, विश्वकर्मा, नेवार जातिको मिश्रित बस्ती छ भने लुइँटेलको सङ्ख्या अलि बढी छ ।

लुइँटेल गाउँको बजारमा नेवार समुदाय व्यापार-व्यवसाय गरेर बसेका छन् । हाल करिब १० घर जति नेवारहरू बाँकी छन् । स्थानीयका अनुसार पहिले पहिले लुइँटेल गाउँको बजारमा किनमेल गर्नेहरूको भीड लाग्थ्यो । अहिले गाउँमा बस्ने मान्छे नभएपछि व्यापार-व्यवसाय पनि ठप्प छ । गाउँको बजार दिउँसो त सुनसानजस्तै हुन्छ । नेवार समुदायले त्यस ठाउँमा पहिले कृष्ण जात्रा, रोपाइँ जात्रा, लाखे जात्रा चलाउने गर्दथे । जात्रा हेर्नेहरूको भीड हुन्थ्यो । गाउँमा मानिसहरू घट्दै गएपछि व्यापारीहरू पनि कोही चितवन, कोही काठमाडौँ त कोही पालुङ्टार बजारमा झरे । नेवार समुदाय अन्यत्र बसाइँ सरेर गएपछि जात्रा पर्व सञ्चालन पनि बन्द भयो । पहिलेको जस्तो रौनक अहिले लुइँटेल गाउँमा नभएको स्थानीय गुनासो गर्छन् ।

लुइँटेल गाउँको एउटा पसलमा ६९ वर्षीय गजेन्द्र बासँग हाम्रो भेट भयो । केही क्षण उहाँसँग भलाकुसारी गऱ्यौँ । उहाँ पहिले सेनामा जागिरे हुनुहुँदो रहेछ । उहाँका २ छोरा र २ छोरी छन् । एउटा छोरो साउदी अरबको रोजगारीमा रहेछन् । उनले भक्तपुरमा घडेरी जोडेका छन् । अर्को छोरो चितवनमा घडेरी जोडेर परिवारसमेत उतै बस्छन् । बुहारी, नाति नातिनाहरू पनि गाउँमा बस्दैनन् । गजेन्द्र बाका भाइहरू पनि चितवनतिरै बसाइँ सरेर गए । गाउँका अधिकांश जग्गा जमिन बाँझै देखिन्छन् । गजेन्द्र बाको घरमा बुढाबुढीमात्रै भएकोले खेतबारीमा काम गर्ने मानिस छैनन् । आफू तन्नेरी हुँदा परिवारका सबै सदस्य गाउँमै थिए । सबैले मिलेर काम गर्दा अन्न उब्जाउ निकै राम्रो हुन्थ्यो । गाउँमा केरा, आँप, लिच्ची, सुन्तलालगायतका फलफुल राम्रै उत्पादन हुन्थ्यो । आफ्नै बारीमा करिब १०० बोट जति सुन्तला लगाएर राम्रै आम्दानी गरेको उहाँ झल्झली सम्झनुहुन्छ । गाउँमा मानिसहरूको बसोबास हुँदा मकै, भटमास, तोरी, आलु, साग-सब्जी, गहुँ, धान मनग्ये उत्पादन हुन्थ्यो । गाई, भैँसीको दुध पनि प्रशस्त उत्पादन हुन्थ्यो । गाउँलेले पशुपालनबाट पनि राम्रै आम्दानी गर्थे । अहिले नयाँ पुस्तामा काम गर्ने जाँगर देखिँदैन । विदेश

*पञ्चायतकालमा पालुङटार विमानस्थलबाट काठमाडौँ र भरतपुरमा हवाईजहाज चल्थ्यो । यो विमानस्थलको धावनमार्ग १ हजार ९७ मिटर छ । पृथ्वी राजमार्ग बन्नुपूर्व यहाँको मुख्य साधन हवाइजहाज नै थियो । त्यतिबेला नियमित ३ वटा विमानले सेवा दिने गर्दथ्यो । यो विमानस्थल सञ्चालन हुँदा गोरखा, लमजुङ, तनहुँलगायतका बासिन्दाले सुविधा पाएका थिए । २०३१/०३२ सालसम्म यो विमानस्थलबाट हवाई उडान हुने गरेको स्थानीय बताउँछन् । सरकारले उचित ध्यान नपुऱ्याउँदा यो विमानस्थल अहिले गाईभैँसी चराउने चौरमा परिणत भएको छ । विमानस्थलका संरचनाहरू जीर्ण अवस्थामा छन् भने आसपासका जग्गाहरू अतिक्रमणमा पर्दै छन् ।*

जाने तथा अन्य ठाउँमा बसाइँ सर्ने चलन बढ्दै गएपछि गाउँ उराठलाग्दो बनेको छ ।

अहिले पालुङ्टारस्थित ठाँटी पोखरीबाट लुइँटेल गाउँ हुँदै गोरखा बजार पुग्ने हुलाकी मार्ग खुलेको छ । बाटो फराकिलो हुँदै गर्दा पुरानो बजारका घरहरू भत्कँदै छन् । गजेन्द्र बा दुखेसो पोख्छन्-"पहिले पहिले गाउँमा सडक थिएन, मान्छे धेरै थिए । अहिले सडक पुग्यो तर मान्छे छैनन् । पहिले गाउँमा उत्पादन पनि राम्रै हुन्थ्यो । अहिले खेती गर्ने मानिस छैनन् । गाउँ शून्यजस्तै भयो । बाँदरको आतङ्क पनि बढ्दो छ ।"

शिक्षाको निम्ति लुइँटेल गाउँमा नाम चलेको अमर ज्योति जनता माध्यमिक विद्यालय पनि छ । यही विद्यालयबाट पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले माध्यमिक शिक्षा उत्तीर्ण गरेका थिए । नेपालको स्वास्थ्य क्षेत्रका विशिष्ट व्यक्तित्व डा. उपेन्द्र देवकोटा, हाल गण्डकी प्रदेशका मुख्य मन्त्री सुरेन्द्रराज पान्डे, हितराज पान्डेलगायतका नाम चलेका व्यक्तिहरू यही विद्यालयमा पढेर ठूला मान्छे बने । त्यही गाउँको हावापानीमा हुर्किए । तर, अहिले उनीहरूका परिवार गाउँमा बस्दैनन् । गाउँमा सबै नेताका घर, जग्गा जमिन छ तर बसोबास छैन । नेताहरू सहरमुखी भए । ठूला मान्छे नै गाउँमा नबसेपछि अरू गाउँले के बस्छन् ? गजेन्द्र बा दुखेसो पोख्छन् । अधिकांश जनता गाउँ छाडेर गएकाले विद्यालयमा विद्यार्थीको सङ्ख्या पनि कम हुँदै छ । नगरपालिकाले पालुङटारलाई 'स्मार्ट सिटी' को रूपमा विकास गर्ने योजना बनाएको चर्चा छ । तर, गाउँमा मान्छे छैनन् । त्यो 'स्माट सिटी' के का लागि ? पहिले गाउँमा मान्छे टिकाउने योजना ल्याउनु जरुरी छ । गाउँका जग्गा जमिन बाँझो रहने र समथर भूभागमा बस्ती बढेर उत्पादन नहुने रोग देशैभरि देखिएकोले सरकार सचेत हुनु जरुरी छ । देशको सन्तुलित विकास गर्ने हो भने शासक दलका नेताहरू सहरमुखी बन्ने होइन; गाउँ फर्कनुपर्छ ।

*२०८० फागुन २० गते*

# देश कसरी बिचौलिया तथा अपराधीहरूको हातमा गयो ?

✍ सुरेन्द्रराज गोसाई

हामी प्रदेश सभाको १५ औं महिनामा छौं । गम्भीर समीक्षा आवश्यक छ । आजसम्म आइपुग्दा देश राजनीतिक तथा आर्थिक सङ्कटमा अझ बढी फस्दै छ । देश कसले चलाउँदै छ ? के देशमा सरकार छ ? यक्ष प्रश्न खडा छन् । देश किन विदेश हिँडिरहेछ ? सर्वत्र चिन्ता छ । विदेशी शक्तिसामु शासक नेताहरू किन घुँडा टेक्दै छन् ? प्रश्न तड्कारो खडा छ ।

सर्वदलीय बैठकहरूमा भएका कुरा सुन्दा र शासक दलका नेताहरूका यहाँ व्यक्त भनाइ सुन्दा एउटा बालकको प्रसङ्ग याद आयो । बालकले उसको बाबालाई भनेछ, “आजको फूटबल टुर्नामेन्टमा मैले धेरै गोल त गर्नसक्थेँ । तर, गोलपोस्टमा गोलकिपर हुँदो रहेछ ! त्यही भएर सकिनँ ।” मुख्यमन्त्रीजीलाई खाली पोस्टमा गोल गर्ने र म्याच जित्ने बालरहर त्याग्न सुझाव दिन्छौँ ।

राजनीतिक कार्यकर्तालाई जब सिद्धान्त एउटा, व्यवहार अर्को र सरसङ्गत झनै अर्को हुन पुग्छ त्यस्तो अवस्थामा निकै गाह्रो हुन्छ । प्रदेश सरकारलाई भइरहेको यही नै हो ।

नेपाली समाजमा एउटा आहान प्रचलित छ, ‘आगोसँग नजिस्किनु, पानीसँग नजिस्किनु र राजनीतिसँग नजिस्किनु ।’ तर, शासक दलहरू जिस्किरहेका छन् । त्यसको परिणाम उनैले भोग्नेछन् ।

राजनीति इमानदारी, नैतिकता, विचार तथा सिद्धान्तमा आधारित हुन्छ । राजनीतिबाट यी सबै निकालेको खण्डमा राजनीति लाजनीति बन्छ, अपराध कर्म बन्छ र ठगीनीति बन्छ । शासक दल र वाग्मती प्रदेश सरकारको हिजोआजको राजनीति हेर्दा लाज पनि लजाउँदो हो ! देशका नामुद ठगहरूसमेत प्रदेश सरकारको काइदा देखेर ताजुब मान्दा हुन् ! आफूहरूलाई उछिन्नेहरूको यति चाँडै विकास भएकोमा रणभुल्लमा पर्दा हुन् ! प्रदेश सरकारलाई हेक्का रहोस्, बेइमानी राजनीति होइन र राजनीति बेइमानी होइन ! राजनीतिक बेइमानी धेरै दिन टिक्दैन ।

प्रदेश सरकारले एउटा पुरानो कथाको याद दिलाउँदै छ । सरकारको अनुहारमा ‘बाघ आयो, बाघ आयो’ भन्ने ठग गोठालोको प्रतिबिम्ब जनता देख्दै छन् । पहिलोपटक झुक्याए, गाउँलेले सहे । दोस्रोपटक झुक्याए, गाउँलेले सहे । तर, अन्तिम पटकमा साँच्चिकै बाघ आएर उसका गाईवस्तुमात्र होइन गोठालोलाई समेत खाइदियो ! बारम्बार झुक्याउने खेल खेलिरहेको प्रदेश सरकारको गति पनि त्यही नहोस् !

हिजोआज चेक बाउन्सको बैङ्किङ कसुरका घटनामा दैनिक दर्जनौं कैद हुँदै छन् । आज वाग्मती प्रदेश सरकारले विपक्षलाई दिएको चेक पनि ‘बाउन्स’ भएको व्यापक चर्चा छ । यदि त्यसो हो भने मुख्यमन्त्री र अर्थमन्त्री कहिले जेल जाने हुन् ? कहिले सजाय पाउँछन् ?

राजनीतिमा दिएको वचन पूरा गर्न सकिएन, जनताको पक्षमा काम नै गर्न सकिएन, बारम्बार हात उठाउनुपर्ने स्थिति आयो र आफू मातहतका कर्मचारीलाई समेत तह लगाउन सकेन भने एउटा सरल उपाय बाँकी रहन्छ । त्यो हो, राजीनामा । प्रदेश सरकारले पनि बेकामे र अनैतिक भएर पदमा बसिरहनुभन्दा राजीनामा दिएर स्वास्थ्यलाभ गर्न घर बस्नु उपयुक्त हुने जनताको सुझाव छ ।

हिजोआज काठमाडौंतिर एउटा गज्जब खालको रोग देखापर्दै छ । त्यतातिर केही मानिसहरू छन् जो दौरासुरुवालमा ठाँटिएर दिनभरि नेपालको विशाल झन्डा हल्लाएर बजारबजार डुल्छन् र सभासमारोहमा पुग्छन् । आफूले आफैँलाई सरकार दाबी गर्दछन् । हाम्रा मन्त्रीहरूलाई पनि झन्डा हल्लाउने नै मात्र खुब रहर भएको भए काठमाडौँतिरका ती मानिसहरू सँगसँगै हिँडाउनु उपयुक्त हुने प्रदेशवासीको सुझाव छ । कि नभए, झन्डा बोक्दै हिँड्ने ती नै मानिसलाई हेटौँडा बोलाएर मन्त्री बनाए कसो होला भनी चियाचौतारीमा गन्थन चल्दै छ ।

काठमाडौँ उपत्यका मन्दिरै मन्दिरको मात्र होइन गल्ली नै गल्लीको सहर पनि हो । अहिलेको वाग्मती प्रदेश सरकारलाई हेर्दा बन्द गल्लीमा हराएको मानिसझैँ अनुभव हुन्छ, न भित्र जान सक्नु, न त बाहिर आउन नै ! चक्रव्युहमा अभिमन्यु फसेझैँ सरकारमा जानसम्म सक्यो तर न सिन्को भाँच्न सक्यो न त ज्यान जोगाएर बाहिर निस्कनै जान्यो ! वाग्मती प्रदेश सरकारको पनि त्यही दुर्दशा नहोस्, कामना छ ।

भदौ-असोजतिर सुतेको वाग्मती प्रदेश सरकार



फागुनमा चल्मलायो ! करिब ६ महिनामा बिउँझेर आफैँले आफैँलाई कुम्भकर्ण घोषणा किन गर्दै छ भनी हेटौँडाका गल्ली गल्लीमा यतिखेर चर्चा छ । यदि होइन भने, १-२ महिना या ३-४ महिनामा पनि त बिउँझन सक्थ्यो ! यसरी पात्रो हेरेरै बिउँझेझैँ कसरी भयो ? जनताको जिज्ञासा छ । गैँडालाई पनि आज कन्याए ६ महिनापछि हाँस्छ भन्ने कहावत प्रदेश सरकारको जीवनसँग मेल खान गएकोमा यो कस्तो संयोग भनी केही मानिसहरू आश्चर्यचकित छन् ।

हेटौँडातिर हुइँकिँदै गरेका केही मानिसहरूलाई देखेर एउटा युवकले कता जान लागेको भनी सोधनी गरेछ । ती मानिसहरूले सरलतापूर्वक हेटौँडा गन्तव्य भएको बताएछन् । रसिक खालको त्यस युवकले मुसुमुसु हाँस्दै भनेछ, “श्री इडियट्स फिल्म लाग्दै छ । त्यही हेर्न जाने हो ?” ती लोगोधारी मानिसहरूले त्यस युवकको कुरोको चुरो तब पाए जब हेटौँडा पुगेर तीन दलको गठबन्धन प्रदेश सरकारको अनुहार देखे !

असन्तुष्टि पोख्ने या विरोधको आ-आफ्नै शैली हुन्छ । त्यो ठट्यौलो युवकको भनाइ सम्झी–सम्झी ती लोगोधारीहरू अहिलेसम्म पनि खुब हाँस्दै छन् रे !

प्रदेश सरकारले आफ्नो स्रोतको व्यवस्थापन आफैँले गर्न नजानेर या नसकेर पनि चारैतिरबाट अपहेलित हुनुपरेको र बिलखबन्दको स्थितिमा पुगेको तर्क पनि गरिन्छ । वास्तविकता यही हो भने प्रदेश सरकारले स्रोतको पहिचान गरेर बैसाखी फ्याँक्ने प्रयास थाल्न अत्यन्त ढिलो भयो । आफ्नै आयको स्रोत नभएको प्रदेश सरकारलाई स्थानीय पालिकाले नटेर्नु र सङ्घीय सरकारले नगन्नु भनेको नेपाली समाजको मनोविज्ञानको प्रतिबिम्ब झल्किएको मान्न सकिन्छ ।

सबैभन्दा उदेकलाग्दो विषय त प्रदेश सरकार आफूसँग भएको विकास बजेटसमेत खर्च गर्ने ल्याकत राख्दैन । सारा योजनाहरू अलपत्र छन् । अधूरा छन् । गरिएका काम गुणस्तरहीन छन् । कमिसनको खेल जतातते फैलिएकै कारण अनियमितता बढेको व्यापक गुनासो छ । समयमा भुक्तानी नदिन अनेक बहानाबाजी चल्ने गरेको भुक्तभोगीहरू बताउँछन् । जतातते सङ्घ, प्रदेश र स्थानीयका योजनामा ‘ओभरल्यापिङ’ दोहोरोपनको समस्या देखिन्छ । यता हेर्‍यो यता भताभुङ्ग उता हेर्‍यो उता भताभुङ्ग ! सातवटा प्रदेशमध्ये वाग्मती कम क्षमताको भनी तस्बिरले देखाउँछ । फजुल खर्च, अनुत्पादक खर्च र आफूखुसी भागबन्डा गर्न भने प्रदेश सरकार अरूभन्दा निकै अगाडि देखिन्छ । बहुमतको बलमा जे पनि गर्दा इतिहासमा घृणाको पात्रसिवाय अरू केही नबन्ने हेक्का राख्न हाम्रो बेलैमा सुझाव छ ।

देश वैदेशिक ऋण पासोमा फस्दै छ । देशलाई उत्पादन शून्यतामा लगेर मरुभूमितुल्य बनाइँदै छ । विदेशी पुँजीका दलालहरू नेपाललाई आर्थिकरूपमा फसाउने षड्यन्त्र गर्दै छन् । विश्व बैङ्क, एसियाली विकास बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता साम्राज्यवादी तथा एकाधिकार पुँजीका खतरनाक ज्यावलहरूमार्फत देशको अर्थतन्त्रमाथि निरन्तर हमला हुँदै छ । समयसँगै तिनका नेपाली दलालहरू उदाङ्गो हुने नै छन् ।

सरकारले तिर्नुपर्ने सार्वजनिक ऋण गत माघसम्ममा २३ खर्ब ८५ अर्ब नाघ्यो । हरेक नेपालीको टाउकोमा ८२ हजारभन्दा बढी ऋण पुगेको पछिल्लो तथ्याङ्कले देखाउँछ । तर, ऋण लिएरै भए पनि घिउभात खाने मानसिकताबाट सरकार मुक्त हुन सकेको छैन । प्रदेश मुख्यमन्त्रीहरूलाई भैँसेपाटीमा भव्य दरबार बनाएर काठमाडौँबाटै प्रदेश सरकार चलाउन खोजिँदै छ । यो कुन खालको विकास हो ? यो कुन खालको सङ्घीयता हो ? सरकारलाई कसले उल्टो तरिकाबाट रुख चढ्न सिकाउँदै छ ? के शासक दलहरूले विदेशी दलालहरूलाई मात्र आर्थिक सल्लाहकार राखेका हुन् ?

देशको कुल जनसङ्ख्याको २०.२७ प्रतिशत नेपाली गरिबीको रेखामुनि रहेको तथ्याङ्क गत माघमा प्रकाशित भयो । वाग्मती प्रदेशमा १२.५९ प्रतिशत जनता गरिबीको रेखामुनि रहेको देखायो । त्यसको अर्थ करिब १० लाख हाम्रा प्रदेशवासी गरिबीको रेखामुनि बाँचिरहेका छन् जो दिनको २ सय रुपैयाँ पनि आम्दानी गर्दैनन् । प्रदेश सरकार गरिबी दर घटाउन होइन बढाउन र जनताको टाउकोमा बोझ थप्दै छ भन्ने व्यापक गुनासो छ र त्यसको तीव्र विरोध हुँदै छ । ३४ वर्षमा पनि जनतालाई गरिबीको दुश्चक्रबाट बाहिर ल्याउन नसक्ने र नखोज्नेहरू अझै प्रजातान्त्रिक समाजवाद र जनवादको नारा जप्दै छन् । यो पाखण्ड नभए के हो ? यो धोका नभए के हो ?

वाग्मती प्रदेशमा विद्यालय जाने उमेरका २.९ प्रतिशत बालबालिका विद्यालय बाहिरै छन् भन्ने तथ्याङ्क भर्खरै बाहिर आएको छ । वाग्मती प्रदेशमा अत्यधिक प्रदूषण बढेको, त्यसको कारण क्यान्सर रोग बढेको र लागुऔषध दुर्व्यसनी बढेको जानकारहरू बताउँछन् ।

ठग सहकारी सञ्चालकका कारण सर्वसाधारणको उठिवास हुँदै छ । मिटरब्याज पीडित, लघुवित्त पीडितहरूको बिजोग अवर्णनीय छ । ती आत्मदाह गर्दै छन् । दुग्ध उत्पादन व्यवसायमा आबद्ध देशका ३० लाख परिवार करिब ७ अर्ब भुक्तानी नपाएर बिचल्लीको अवस्थामा छन् । भारतबाट दूध र दूधजन्य वस्तु निर्बाध भित्र्याइनाले समस्या गम्भीर बनेको हो । सर्वसाधारण जनताको आर्थिकरूपमा अत्यन्त बिजोग भइसक्दासमेत कुनै जिम्मेवारी बहन नगर्नु सरकारको हदैसम्मको लापरबाही हो । बाँकी रहेका एक दुई स्वदेशी उत्पादन जोगाउनसमेत यथोचित ध्यान पुर्‍याउन नसक्नु सरकारको नालायकीको पराकाष्ठा हो ।

भ्रष्टाचार अनियन्त्रित बन्दै गइरहेको जगजाहेर छ । भ्रष्टाचारका काण्डमा पूर्वउपप्रधानमन्त्री, पूर्वमन्त्री, पूर्वसचिवहरू जेलमा छन् । कोही अनेक गरेर छुटे । बहालवालाहरूमाथि ठुलठुला अभियोग लाग्दै छ । ती स्पष्टीकरण दिँदै जागिर पनि खाँदै छन् । दैनिकजसो ठुलठुला भ्रष्टाचार र तस्करीका काण्ड बाहिरिने क्रम महिनौँदेखि जारी छ । नक्कली सवारीचालक अनुमतिपत्र वितरणमा १० वर्षमा १० अर्ब भ्रष्टाचार भएको खबर आज भर्खरै सार्वजनिक भयो । देश कसले चलाउँदै छ ?

विश्वका जुनसुकै कुनामा युद्ध भए तापनि नेपाली नै मर्ने अवस्था तयार भएको छ । नेपाली युवाहरूलाई विदेशी भूमिमा विदेशीका निम्ति मर्न पठाउने अपराधीहरू को हुन् ? देश हेर्दाहेर्दै कसरी बिचौलिया तथा अपराधीहरूको हातमा गयो ?

गत फागुन १३ गतेको एक अनलाइन पत्रिकामा शासक दलका नेताहरूबारे भारतीय भनाइ सार्वजनिक भयो । भारतीय सेनाका अवकाश प्राप्त मेजर जर्नल तथा नेपाल मामिलाका जानकार अशोक मेहताले प्रचण्ड भारतको सही घोडा भएको र देउवालाई तबेलामा राख्नुपर्छ भनी लेखेको सार्वजनिक भयो । भारतीय अनलाइन समाचार पोर्टल ‘दि पायोनियर’ मा प्रकाशित आलेखमार्फत उनले सो अभिव्यक्ति दिएका हुन् । यसको खण्डन आजसम्म कतैबाट भएको देखिँदैन । मौनम् स्वीकृतम् लक्षणम् भनेको यही हो कि ! यो कतै सर्पको खुट्टा सर्पले देख्छ भनेझैँ त होइन ? यद्यपि, यो प्रसङ्ग नेपाली राजनीतिमा त्यति नौलो त होइन ! नेपाली राजनीतिमा ‘ट्रोजन घोडा’ को प्रसङ्ग बारम्बार उठिरहेकै हो ।

वास्तवमा देश र जनताका जल्दाबल्दा समस्या समाधान या न्यूनीकरण गर्नको लागि सरकार आवश्यक हुने हो । प्रदेश सरकार मूकदर्शक बनिरहेकोमा जनता आक्रोशित छन् । सरकारलाई बुँख्याचा भन्नु समेत बुँख्याचाकै अपमान हुने स्थिति आइसकेको छ ! यो विडम्बनाको अन्त्य हुन आवश्यक छ ।

जाडो याम सकिसकेपछि बल्ल सुरु भइरहेको यो हिउँदे अधिवेशन हेटौँडाको गर्मी खाने र मन्त्री तथा शासक दलका माननीयले क्यान्टिनको मकै खाने पर्वमा सीमित नहोस् । शुभकामना !

*(वाग्मती प्रदेशसभाको फागुन १५ गते सुरु भएको हिउँदे अधिवेशनको पहिलो बैठकमा नेमकिपाका केन्द्रीय सदस्य तथा प्रदेश सांसद सुरेन्द्रराज गोसाईले राख्नुभएको विचार)*

# प्रतिगामी र प्रगतिशीलताको कसी के हो ?

राजनीतिक दलगत अर्थमा गणतन्त्रवादी र धर्मप्रति तटस्थता प्रगतिशील हो भने धर्म कट्टरताको कारण हत्या, हिंसा र लडाइँको बीउ रोप्ने निहुँ प्रतिगामी हो । नेपालजस्तो सानो जनसङ्ख्या, जातीय र धार्मिक विविधता भएको देशमा छिमेकी र अन्तर्राष्ट्रिय प्रभावबारे नेपाल सचेत हुनु आवश्यक छ ।

बेलायती पुँजीवादी क्रान्तिभन्दा पहिले १७ औं शताब्दीसम्म राज्यसत्ताको उत्पत्ति राजाबाट भएको, राजा ईश्वरको अवतार र ईश्वरकै रूपमा लिएर ‘दैवी सिद्धान्त’ लाई मानिन्थ्यो । तर, बेलायती क्रान्तिपछि फ्रान्सेली क्रान्ति र रुसी क्रान्तिले ‘दैवी सिद्धान्त’ लाई अस्वीकार गरेको प्रस्ट थियो ।

अमेरिकी स्वतन्त्रता आन्दोलन बेलायती राजा र बेलायती उपनिवेशवादकै विरोधमा भएको थियो । अमेरिकी स्वतन्त्रतापछि पनि अमेरिकामा राष्ट्रपति होइन ‘राजा’ नै स्थापना गर्न खोजेका थिए त्यसबेलाका प्रतिगामी अमेरिकीहरूले । तर, सैनिक विद्रोहको खतरा देखेपछि अमेरिकामा राजतन्त्रको स्थापनाको कल्पना कसैले गरेनन् ।

दोस्रो विश्वयुद्धमा जापानले सजिलै हिटलर र मुसोलिनीले जस्तै आत्मसमर्पण नगर्दा अमेरिकाले हिरोसिमा र नागासाकीमा अणु बम खसालेर लाखौँ जापानी जनताको हत्या र पुस्तौँ पुस्तालाई अपाङ्ग बनायो । अमेरिका जापानी सम्राटलाई युद्ध अपराधीको रूपमा ज्यान सजाय दिने पक्षमा थियो । तर, जापानी सेना र जनता संवैधानिक राजालाई युद्ध अपराध मानेको खण्डमा लाखौँ जापानी जनताले आत्महत्या गर्ने र सम्पूर्ण दक्षिण-पूर्वी एसियामा ‘साम्यवादीहरू’ प्रभावशाली हुने निष्कर्षले आजसम्म जापानमा ‘राजा’ र ‘राजतन्त्र’ बाँकी रहे । प्रम तोजोलाई बलिको बोका बनाइयो ।

भियतनामको राजा र राजतन्त्रलाई अमेरिकाले नै समाप्त पार्‍यो । कम्बोडियाको राजा सिंहानोकलाई संयुक्त राज्य अमेरिका र फ्रान्सले नै अपदस्त गरे र ज्यान सजायको घोषणा गराए । जनताको सङ्घर्षले अमेरिकीहरू कम्बोडियाबाट पुच्छर लुकाए भागे । अरू धेरै देशका राजा महाराजाहरूलाई बेलायत र अमेरिकी उपनिवेशवादले नै रसातलमा पुर्‍याए ।

**मानिस र व्यवस्थाका प्रकारहरू**

सामान्यत: मानिस दुई प्रकारका हुन्छन् । पहिलो, अरूलाई पछि हुने दु:ख थाहा पाएर सहयोग गर्ने । दोस्रो, अरूलाई दु:ख दिएको कारण पछि प्रतिकार भएपछि मात्रै आफ्नो बिराम थाहा हुने ।

राजनैतिक र सामाजिक व्यवस्था पनि दुई प्रकारका छन् । इतिहासमा दासहरूले पाएको दु:खलाई दास मालिकहरूले दु:ख सम्झने गर्दैनथे । दासहरूको हत्या हुँदा आफ्नै सम्पत्तिको क्षति सम्झनुपर्छ भन्ने दास मालिकहरूलाई समेत ‘दासपक्षीय’ भनी शत्रु सम्झन्थे । सामन्त र पुँजीवादी व्यवस्थामा पनि भू-दास, किसान, मजदुर र अन्य शोषितबारे शत्रु नै सम्झेर दमन गर्दथे ।

त्यसको परिणाम दास विद्रोहहरू भए । बेण राजाको बध दासहरूबाट भयो । रोम, ग्रिस र संयुक्त राज्य अमेरिकामा पनि ठुलाठुला दास विद्रोहहरू भए । पछि मालिक, सामन्त, पुँजीपतिवर्ग आफ्नो र व्यवस्था जोगाउन अनेक सुधार र सम्झौताहरू गर्न बाध्य भए ।

सभ्यताको विकास सँगसँगै मानिसले अनेकौं भौतिक प्रगति गरे । उनीहरूले नयाँ नयाँ सहर, सडक (भूमि), जल र आकाशमा गुड्ने, चल्ने र उड्ने अनेकौं प्रकारका बाहन उड्ने वस्तुहरू बनाए; सहर र ज्ञान-विज्ञानका अनेक प्राविधिक आश्चर्यहरूको आविष्कार गरे । मानिसले मानिसलाई मार्ने हातहतियार र विध्वंसात्मक यन्त्र संयन्त्र र विनाशका वस्तुहरू बनाएर भविष्यमा आफैँमाथि तेर्सिने वस्तु बनाए । तर, संयम, धैर्य र अरूको दु:खबाट पछि हुने प्रतिकारबारे नसोची बाँदर बुद्धिले मानव विकास र सभ्यता नै एक ठुलो अन्योल र नसुल्झिएको विषय बन्यो ।

टाढा जानु पर्दैन, कोरिया, हिन्द-चीन, इराक, लिबिया, सिरिया र अफगानिस्तानको दु:खको कारण विदेशी हस्तक्षेप नै जिम्मेवार देखियो । प्यालिस्टिन र इजरायल साना देश, राज्य, धर्म र फरक संस्कृतिको कारण प्यालेस्टिनी र गाजाका जनताका दुर्दान्त दु:ख पीडाले संसारका मानिसको हृदयलाई चिमोटेको छ । सबैले एकै आवाजमा भन्दै छन्, इजरायली प्रधानमन्त्री नेतन्याहु र अमेरिकी राष्ट्रपति बाइडेन के रगत र मासुले बनेका मानिस होइनन् ? उनीहरू पछि हुनेबारे सोच्दैनन् ?

क्याथरिन रसेल, युनिसेफका कार्यकारी निर्देशकले लेखे- ‘अकल्पनीय पीडाबिच गाजामा बालबालिका’ (नयाँ पत्रिका- १६ फागुन २०८०) । अल जजिराको समाचारलाई मजदुर दैनिकले साभार गर्‍यो - वासिङ्टन डिसीमा १५ फागुन २०८० को दिन ‘इजरायली दूतावास बाहिर आत्मदाह गर्ने अमेरिकी वायुसेना जवानको मृत्यु ।’ १६ फागुन २०८० को नयाँ पत्रिकाले एक समाचार छाप्यो । त्यसको शीर्षक छ - ‘एक साताभित्र इजरायल हमासबिच युद्धविराम हुने बाइडेनको दाबी ।’

# विद्यालयको स्मारिकाभित्र समाज र देशको चित्र

सृष्टि

बाल विकास सेकेण्डरी स्कुलको ३६ औं वार्षिकोत्सव समारोहको डबलीमा नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँले यस वर्षको स्मारिका 'Souvenir 2080' भव्य समारोहबिच विमोचन गर्नुभयो । यसै वर्ष विद्यालयको नियमित प्रकाशन ‘The Dawn’ अर्थात् ‘मिर्मिरे’ का दुई अङ्कहरू पनि प्रकाशित भए । यो स्मारिका भने विद्यालयको तर्फबाट पाठकका निम्ति यस वर्षको अर्को एउटा महत्त्वपूर्ण कोसेली हो ।

नेपालको शैक्षिक जगतमा एउटा फरक तथा विशिष्ट शैलीको अभ्यास गरिरहेको विद्यालयलाई हेर्ने आँखीझ्याल हो, यो स्मारिका । विगत ३६ वर्षदेखि कामदार जनताका छोराछोरीलाई कम शुल्कमा गुणस्तरीय शिक्षादीक्षा दिने र सत्मार्ग देखाउने सामाजिक उत्तरदायित्व बहन गर्दै आइरहेको ‘बाल विकास’ को प्रतिध्वनि हो, यो स्मारिका । स्मारिकाको सम्पादकीय शीर्षक “कामदारवर्गका छोराछोरीलाई शिक्षादीक्षा दिनु सबैभन्दा ठूलो धर्म हो” ले नै धेरै कुरा स्पष्ट पार्दछ ।

पुँजीवादी राज्य सधैंसधैं कामदार जनतामाथि दमनकारी नीति लिन्छ । शिक्षामा राज्यको विभेद नेपाली समाजमा हिजोदेखि कै सिलसिला हो । राज्य आफैं शिक्षामा द्वैध चरित्र देखाउँदै छ । एकातिर सामुदायिक विद्यालयहरू सुनियोजित ढङ्गमा धमाधम ध्वस्त बनाइँदै छन् । अर्कोतिर, धनी नवधनाढ्यका लागि शिक्षामा व्यापार र नाफाखोरीको छूट दिइँदै छ, अझ भनौं प्रश्रय दिइँदै छ । त्यसकारण, बहुसङ्ख्यक काम गरिखाने जनताका छोराछोरीहरू आज पनि गुणस्तरीय शिक्षा प्राप्तिबाट विमुख छन् । समाजको यो विभेद या खाडल हटाउन ‘बाल विकास’ले पनि आफ्नै तवरबाट कोसिस गर्दै छ ।




किसान र मजदुरका छोराछोरीलाई  समय र युग सुहाउँदो गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यअनुसार निजी शैक्षिक गुठीअन्तर्गत सञ्चालित यस शैक्षिक संस्थाले एउटा पुस्ताको सेवा गरिसकेको छ । विद्यालय दोस्रो पुस्तामा हिँड्दै छ । मुनाफारहित भएर शिक्षा क्षेत्र र समाजको सेवा गर्न सकिन्छ भन्ने एउटा उदाहरण या नमुना बन्न सफल विद्यालयको इतिहासदेखि आजसम्मको दर्पण स्मारिकाले प्रस्तुत गर्छ । स्मारिकाले अरू धेरै विद्यालयलाई समेत उत्साहित गर्ने विश्वास लिन  सकिन्छ ।

भक्तपुर कुनै बेला शिक्षाको हिसाबले अत्यन्त पछाडि पारिएको जिल्ला थियो । गरीब तथा किसानका छोराछोरीलाई पढ्ने अवसर नै थिएन । नेपाल मजदुर किसान पार्टीको नेतृत्व र समाजका अगुवाहरूले त्यो अँध्यारोलाई चिर्ने आन्दोलन थाल्नुभयो । एक किसिमको शैक्षिक जागरण अभियानको सुरुआत भयो भक्तपुरमा । आज ४ दशकको अवधिमा भक्तपुर एक हिसाबले शैक्षिक गन्तब्यमात्र होइन ज्ञानविज्ञानको केन्द्र बन्दै छ । नेमकिपाले सुरु गरेको त्यो शैक्षिक आन्दोलनको एउटा सारथी थियो बाल विकास सेकेण्डरी स्कूल । एउटा सानो कोठाबाट सुरु गरिएको विद्यालयले आज ठूलै आकार लिइसकेको छ । शिक्षाको त्यो सानो बिउ आज फल लाग्ने रुख बनिसकेको छ । यसर्थ भक्तपुरको शैक्षिक आन्दोलनमा सहयात्राको शब्दचित्र हो, यो स्मारिका ।

स्मारिकाभित्र विद्यालयको स्पष्ट वर्गीय पक्षधरता पाइन्छ । विद्यालयको वैचारिक तथा सैद्धान्तिक आधारशिलाबारे स्मारिकाले बताउँछ । स्मारिकाभित्र शिक्षाशास्त्र मात्र होइन इतिहास छ, भूगोल छ, अर्थशास्त्र छ, समाजविज्ञान छ, राजनीतिशास्त्र छ, साहित्य छ, विज्ञान छ । त्यतिमात्र होइन यसभित्र समाजले चिन्नुपर्ने राजनीतिज्ञ छन्, साहित्यकार छन्, शिक्षक छन्, विद्यार्थी छन् । यसर्थ स्मारिकाभित्र सिँगो समाज छ, देश छ । समाज परिवर्तनको आवाज छ, नयाँ पुस्ताका निम्ति मार्गदर्शन छ, सन्देश छ ।

यस वर्षको स्मारिकामा मुख्य आकर्षण नेमकिपा अध्यक्ष श्रद्धेय नेता एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँसँग लिइएको अन्तर्वार्ता र उहाँको विचार हो । का. रोहितको सङ्क्षिप्त व्यक्तित्वचित्र उतार्न स्मारिका सफल छ । यसअघि कुनै पनि पुस्तक या संस्मरणहरूमा नछापिएका का.रोहितका जीवन प्रसङ्गहरू असाध्यै रोचक ढङ्गले प्रस्तुत गरिएका छन् । बाल्यकालदेखि आजसम्मको यात्रामा उहाँबाट विद्यार्थीले सिक्नुपर्ने सन्दर्भहरू गज्जबका छन् । आउँदो शनिबार (फागुन २६ गते) कामरेड रोहितको जन्मदिन हो, त्यसको स्मरण पनि स्मारिकाले गराउँछ । अध्यक्ष रोहित आफ्नो जन्मदिन कसरी मनाउनुहुन्छ ? आफ्नो विद्यालय जीवनको सम्झना कसरी गर्नुहुन्छ ? आफूलाई पढाउने गुरुहरूको स्मरण कसरी गर्नुहुन्छ ? आफूलाई प्रभाव पारेका पुस्तकहरू, साहित्य, चलचित्रबारे कस्तो धारणा राख्नुहुन्छ ? साथै देश र राजनीतिबारेका प्रश्नहरूमा उहाँको धारणा बुझ्न स्मारिकाले मद्दत पुऱ्याउँछ ।

अन्तर्वार्ता पढ्दा अध्यक्ष रोहितसँग आमुनेसामुने गफिरहेझैं महसुस हुनेछ । उहाँको अध्ययनशैली तथा पुस्तकमोहबारे जानकारी मिल्छ । उहाँको पुस्तकालय भ्रमण गर्ने आदतबारे पनि थाहा हुन्छ । निम्नमध्यम वर्गीय परिवारमा जन्मेर पनि उहाँलाई गरिब जनताको सेवामा समर्पित हुने बाटो गुरु, पुस्तक र पुस्तकालयले देखाएको हो भन्नुहुन्छ, का.रोहित । अध्ययनप्रति उहाँको लगाव जन्मदिनको प्रसङ्गमा उहाँकै अभिव्यक्तिबाट अनुभूत हुन्छ – “एक्लै बस्दा जन्मदिनको सम्झनाले आफूले पढ्न नपाएका पुस्तक र पढ्न नभ्याएका वर्षौंदेखिका पुस्तक सम्झन्छु र पुस्तक खोजेर पढ्छु ।”

उहाँले अन्तर्वार्तामार्फत विद्यार्थी र शिक्षकलाई मात्र होइन कार्यकर्ताहरूलाई पनि अध्ययन चिन्तनका लागि उत्साहित गर्नुभएको छ । वर्तमान विकृत राजनीतिको चिरफार गर्दै राजनीतिक क्षेत्रमा अध्ययनशील तथा चिन्तनशील व्यक्तिहरूको खाँचो औंल्याउनुभयो । उहाँ लेख्नुहुन्छ – “अध्ययन र चिन्तन त सास फेर्नु जत्तिकै थाहै नपाइकन अगाडि बढ्ने प्रक्रिया हो । नेताहरूले मात्र होइन कार्यकर्ताहरूले झन अध्ययन गर्नु आवश्यक छ । नेताहरूमा विस्तारै शारीरिक बल तथा मानसिक कमजोरी देखिँदै जाने भौतिक नियम हो । त्यसकारण कार्यकर्ताहरू मेहनती हुन आवश्यक छ । सबै काम नेताहरूले मात्र गर्ने हो भने कार्यकर्ताहरूको अर्थ के हो ? कार्यकर्ताहरू नै पछि नेता बन्ने हुन् ।”

अध्यक्ष रोहित त्याग, तपस्या, आदर्श, इमानदारी र नैतिकतासहितको राजनीतिका पर्याय हुनुहुन्छ । कहिल्यै सत्ता र पदमोह गर्नुभएन बरु अस्वीकार गर्नुभयो । यो दृढता र अडानको ऊर्जाबारे सोधिएको एक प्रश्नको जवाफमा उहाँ भन्नुहुन्छ - “आफ्नो सिद्धान्तप्रति निष्ठा र निःस्वार्थरूपले देश र जनताको सेवा गर्ने भावना नै अरूको विचार र दृष्टिकोणलाई जितेको हो । सरकारी जागिर खाने र पुँजीवादी सरकारको सेवा गर्नेबारे कामदारवर्गका ‘वर्ग-शत्रु’ को रूपमा लिने हुनाले सानैदेखि ममा सादा जीवन उच्चविचारको प्रभाव थियो ।”


उहाँले माघ २० गते सम्पन्न विद्यालयको वार्षिकोत्सवमा राख्नुभएको मन्तब्यमा पनि नयाँ पुस्तालाई व्यक्तिवादबाट टाढा रहन मार्गनिर्देश गर्नुभएको थियो । व्यक्तिवाद भनेको आफ्नो मात्र स्वार्थ हेर्ने र अरूको स्वार्थ नहेर्ने प्रवृत्ति हो । व्यक्तिवादको विरोध आजको समाजमा आवश्यक छ । व्यक्तिगत स्वार्थ त्यागेर सिङ्गो समाजको बुद्धिजीवीकरणतर्फ जानुपर्ने दिशानिर्देश उहाँको मन्तव्यमा छ । समाजको बुद्धिजीवीकरण पिएचडी गरेकाहरूको सङ्ख्याले हुँदैन, चेतनाले हुन्छ । पढेलेखेका ठगहरूलाई बुद्धिजीवी भन्न मिल्दैन भन्नुहुन्छ का.रोहित । समाजको बुद्धिजीवीकरणका लागि फेरि पनि किसान, महिलाहरूको रात्री कक्षा, मौसमी विद्यालयहरू, प्राविधिक विद्यालय तथा प्रकाशनहरूको आवश्यकता औंल्याउनुभएको छ । नयाँ पुस्तालाई राजनीतिक तथा सामाजिक चेतानासहितको शिक्षा प्रदान गर्ने सवालमा जोड दिन सुझाउनुभएको छ । का.रोहितको मन्तब्य र अन्तर्वार्तामा जीवनदर्शन छ । देश र जनताप्रति उहाँको प्रगाढ प्रेमको अनुभूति छ ।

स्मारिकामा भक्तपुर नगरपालिका मेयर तथा विद्यालय व्यवस्थापनका समितिका सदस्य सुनिल प्रजापतिको विचार छापिएको छ । विद्यालय स्थापनाकालको सङ्घर्ष र पृष्ठभूमि उहाँको अभिव्यक्तिबाट थाहा हुन्छ । देश छोडेर धमाधम नेपाली युवा विद्यार्थी विदेश हिँडिरहेको यो समयमा स्मारिकाले विद्यार्थीलाई देश चिनाउने प्रयास गरेको छ । स्मारिकाको अग्रपृष्ठमा छापिएको देशभक्तिपूर्ण गीतले त्यही अनुभव हुन्छ । “मलाई सिँगो देश देऊ !” शीर्षकमा एसआरले रचना गर्नुभएको गीत निकै मार्मिक तथा हृदयस्पर्शी छ । स्मारिकामा कवि प्रा.डा रामप्रसाद ज्ञवालीको कविता “समर्पित छ यो मसी” छापिएको छ । देश र देशभक्तहरूमा समर्पित कलमको कवितांश यसप्रकार छ -

*“जनता देशका निम्ति आफ्ना पीडा सबै भुली*
*भोकै प्यासै सही कष्ट चढ्दै सङ्घर्षका चुली*
*रूपान्तरणको यात्रा गर्दछन् जो महारथी*
*तिनै महारथीलाई समर्पित छ यो मसी”*

स्मारिकामा विद्यालयका प्रिन्सिपल एवम् वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईका तीन मन्तव्यहरू सङ्ग्रहित छन् । इन्जिनियरिङका विद्यार्थीहरूसँग सामयिक छलफलमा उठेको अरनिकोको सन्दर्भ रोचक छ । ८०० वर्ष अघि जन्मेका र १७ वर्षको उमेरमा ८० जना कालिगड तथा वास्तुविद्सहित चीनतिर गएका नेपालका विभूति अरनिको इन्जिनियर, आर्किटेक्टहरूका निम्ति विशेष प्रेरणा बन्नुपर्ने उहाँको तर्क हो । त्यतिबेलाका इन्जिनियर एवम् वास्तुशास्त्री अरनिकोले नेपाल चीनको सांस्कृतिक सम्बन्ध मात्र होइन सामाजिक, कूटनीतिक तथा आर्थिक सम्बन्ध स्थापना गर्न निर्वाह गरेको भूमिका र गरेको योगदानबारे चर्चाको आवश्यकताबोध उहाँको विचारले गराउँछ । तीन मन्तव्यहरूले शैक्षिक क्षेत्रबारे थप स्पष्ट हुन पाठकहरूलाई मद्दत गर्नेछ ।

स्मारिकामा जलस्रोत अध्येता रतन भण्डारीको लेख निकै महत्त्वपूर्ण पाठ्यसामग्रीहरूमध्ये एक हो । नेपालको जलसम्पदामा भारतको कब्जाको इतिहासदेखि वर्तमान चलखेल र षड्यन्त्रहरूबारे तथ्यसङ्गत जानकारी लेखले दिन्छ । सन् १९५० को सन्धिदेखि आजसम्म नेपालको जलविद्युतको स्रोतमा भारतको कब्जाको सिलसिलाका दोषीहरूलाई लेखले उदाङ्ग्याउँछ । भारतीय एकाधिकार पुँजीले कसरी पाइला पाइला गरी नेपालको जलविद्युत् दीर्घकालका लागि कब्जा गर्दै छ भन्ने बुझ्न रतन भण्डारीको लेख नपढी हुन्न । अध्येता भण्डारीको यो लेख पढिसकेपछि उहाँका अरू रचना पढ्ने इच्छा पाठकमा जाग्नेछ ।




भक्तपुर कुनै बेला शिक्षाको हिसाबले अत्यन्त पछाडि पारिएको जिल्ला थियो । गरीब तथा किसानका छोराछोरीलाई पढ्ने अवसर नै थिएन । नेपाल मजदुर किसान पार्टीको नेतृत्व र समाजका अगुवाहरूले त्यो अँध्यारोलाई चिर्ने आन्दोलन थाल्नुभयो । एक किसिमको शैक्षिक जागरण अभियानको सुरुआत भयो भक्तपुरमा । आज ४ दशकको अवधिमा भक्तपुर एक हिसाबले शैक्षिक गन्तब्यमात्र होइन ज्ञानविज्ञानको केन्द्र बन्दै छ । नेमकिपाले सुरु गरेको त्यो शैक्षिक आन्दोलनको एउटा सारथी थियो बाल विकास सेकेण्डरी स्कूल । एउटा सानो कोठाबाट सुरु गरिएको विद्यालयले आज ठूलै आकार लिइसकेको छ । शिक्षाको त्यो सानो बिउ आज फल लाग्ने रुख बनिसकेको छ । यसर्थ भक्तपुरको शैक्षिक आन्दोलनमा सहयात्राको शब्दचित्र हो, यो स्मारिका ।

स्मारिकामा हरेक शिक्षक, अभिभावक तथा विद्यार्थीले पढ्न छुटाउन नहुने लेख नेपाल प्राध्यापक समाजका अध्यक्ष सरोजराज गोसाईको हो । शिक्षालायबाटै रैथाने एवम् परम्परागत ज्ञान संरक्षणको आह्वानसहितको खोजमूलक लेख निकै मननीय छ । लेखमा ङातापोल, हाकुवा, तिसिमा, रञ्जितकारको रङ्ग, प्राङ्गारिक मल बनाउने शैली, परालको सुकुल, घोडताप्रे र बकाइनोजस्ता विषयहरूको परम्परागत ज्ञान र त्यो ज्ञानलाई विज्ञानसँग जोडेर गरिएको अध्ययनले पाठकको मन झङ्कृत पार्नेछ । उहाँले कृषि अनुसन्धान केन्द्र खुमलटारतिर हेरेर रैथाने ज्ञानको अभिलेखीकरणको आवाज दिनुभएको छ साथै रैथाने ज्ञानलाई शिक्षासँग जोड्न राज्यको ध्यानाकर्षण गराउनुभएको छ ।

स्मारिकामा प्रसिद्ध लेखक हृदयचन्द्र सिंह प्रधानसँग पनि भेट हुनेछ । भर्खर लेख्न थालेका जो कोहीका निम्ति “म कसरी लेखक हुन आएँ” भन्ने प्रधानको लेख प्रेरणादायी हुनेछ । अध्यक्ष माओ र डाक्टर नर्मन बेथुनसँग पनि भेट हुन्छ स्मारिकाभित्रै । ती रचनाले स्मारिकाको ओज बढाएको अनुभूत हुन्छ ।

स्मारिकामा सङ्ग्रहित बागमती प्रदेश सभा सदस्य सृजना सैंजूको मन्तब्यमा महिलाहरूको राजनीतिमा सक्रिय सहभागिताबारे महत्त्वपूर्ण विचार पाइन्छ । शिक्षिका सीता प्रजापतिको मन्तब्य र केही शिक्षक शिक्षिकाका लेख र पुस्तक चर्चाहरू छापिएका छन् । विद्यालयमा शिक्षक, विद्यार्थीले पुस्तक अध्ययन संस्कृतिलाई राम्रै हुर्काइरहेको आभाष स्मारिकाले दिन्छ । स्मारिकामा विद्यार्थीहरूको यात्रा संस्मरण र कविताहरू छापिएका छन् । स-साना कोपिलाहरूका प्रयास निकै प्रशंसनीय छन् । स्मारिकाभित्रका तस्वीरहरूले सिङ्गो विद्यालयको सक्रियता र जीवन्त गतिविधि प्रस्तुत गर्छ ।

एउटा पठनीय तथा सङ्ग्रहणीय स्मारिका २०८० का लागि बाल विकास स्कुल परिवारप्रति साधुवाद छ । अन्य शैक्षिक संस्थाहरूले पनि स्मारिका प्रकाशन गरी समाजलाई शिक्षित बनाउने प्रयास जारी राखेका छन् । यस्ता रचनात्मक कार्यमा पाइला नसारिसकेका विद्यालयहरूले पनि कोसिस गरुन्, शुभेच्छा छ ।

# उग्र-साम्राज्यवाद : विकराल पतनोन्मुख चरण-६

✍ द ट्राइकन्टिनेन्ट

*(यो अनुसन्धान वर्षौंको सामूहिक प्रयासका कारण सम्भव भएको हो । यसका निष्कर्षहरूमा धेरै विद्वान तथा समाजवादी अभियन्ताहरूको महत्त्वपूर्ण योगदान छ । यस दस्तावेजमा प्रयोग भएका तथ्यतथ्याङ्क 'दक्षिणी गोलार्द्ध दृष्टि' ( जीएसआई) बाट लिइएको हो । यी तथ्याङ्कको सम्पादन र संयोजन गिसेला केर्नाड्स, मिकाइला न्होन्डो इस्कर्ग, टिका मोरेनो र देबोरा भेनेजियलले गर्नुभएको हो । दस्तावेजको चौथो खण्ड अर्थशास्त्री जोन रोसले प्रकाशित गर्नुभएका अनुसन्धानहरूमा आधारित छ । पाठकको सहजताका निम्ति यहाँ दस्तावेजमा उल्लेख टिपोटहरूका सम्पादित अंश मात्र उल्था गरिएको छ भने सन्दर्भ सामग्रीहरू दिइएको छैन । अनुवादक)*

## इतिहास

सन् १९१६ मा भ्लादिमिर लेनिनको पुस्तक 'साम्राज्यवाद : पुँजीवादको उच्चतम् चरण' प्रकाशित भयो । त्यो पुस्तकले सन् १९१० मा प्रकाशित रुडोल्फ हिल्फेर्डिङको पुस्तक 'वित्तीय पुँजी' बाट धेरै कुरा लिएको थियो । लेनिनको रचनामा १९ औँ शताब्दीको पुछारतिर वित्तीय पुँजीको उदय भएको चर्चा गरिएको छ । पुस्तकले कसरी पुरानो उदारवादी पुँजीवाद वित्तशासित साम्राज्यवादमा बदलिँदै गरेको स्पष्ट किटान गऱ्यो ।

पुँजीको हाँगाबिँगा बढ्नुको अर्थ उत्पादन विस्तारको लागि झन् बढी पुँजी लगानी गर्नुपर्ने भयो । यो पुरानो होडबाजीमा अभ्यस्त धेरै पुँजीपतिहरूको क्षमता बाहिरको कुरा थियो । यसकारण एउटा गुट वा समूहको एकाधिकार वा अल्पतन्त्रमा गयो । तिनीहरूको आवश्यकता परिपूर्ति गर्न समग्र वित्ततन्त्रको पुनः गठन भयो ।

यति नै बेला प्राविधिक परिवर्तन पनि समानान्तर गतिमा अघि बढ्दै थियो । सन् १८९० को दशकमा उत्पादक शक्ति र कारखानाको उत्पादन बाफबाट विद्युत् शक्तिमा निर्भर हुन थाल्यो । यसले गर्दा ऊर्जाको कार्य क्षमता बढ्यो, मर्मतसम्भार कम गरे पनि भयो, उत्पादन अझ विकेन्द्रित भयो, कारखानाको संरचनामा बदलाव आयो, ठूलो मात्रामा उत्पादन हुने भयो र श्रम विभाजन ह्वात्तै बढ्यो र श्रमको सामाजिकीकरण भयो । उत्पादन शक्तिमा आएको यसखाले द्रुत परिवर्तन पछि ट्रासन्जिस्टर र कम्प्युटरको आविष्कार हुँदा पनि देखिएको थियो ।

लेनिनले यो नयाँ चरणका पाँच विशेषता पहिल्याउनुभयो : वित्तीय पुँजीको उदय र वित्तीय अल्पतन्त्र; उत्पादन र एकाधिकारको केन्द्रीकरण; पुँजीको निर्यात; एकाधिकारी कार्टेलहरूको उदय, जसले आपसमा विश्वलाई नै 'बाँडे'; विश्वका विशाल पुँजीवादी शक्तिहरूले समस्त पृथ्वीको बाँडफाँट गर्ने कार्य टुङ्ग्याए, यसका साथै साम्राज्यवादी देशहरूबिच द्वन्द्व चर्कियो ।

यो विकासक्रमको अर्थ पुँजीवादको नयाँ , उच्चतम् र अन्तिम चरणको थालनी भयो; आधुनिक साम्राज्यवादी चरण सुरु भयो । पुँजीवादको अर्को नयाँ चरण हुन सक्दैन किनभने होडबाजी नहुने परिपाटी पुँजीवाद हुन सक्दैन ।


लेनिनले सोभियत क्रान्तिको मुखमै त्यो पुस्तक लेख्नुभएको थियो । सोभियत संघको स्थापनापछि श्रम र पुँजीको द्वन्द्व गुणात्मक रूपमै बदलियो । यो अब केवल एउटा देशको घरायसी अन्तरविरोधमा सीमित रहेन । बरु, फरक-फरक वर्गीय आधार भएका राज्यहरूबिचको अन्तरविरोध पनि त्यसमा मिसियो ।

आधुनिक साम्राज्यवादले विगतमा युरोपले विश्वभरि चलाएको दबदबा र शोषणको विरासत बोकेको छ । लेनिनले आधुनिक साम्राज्यवादका कारण जन्मिएको चरम नाफालाई 'विश्वभरि प्रचलित सामान्य पुँजीवादी नाफाभन्दा धेरै माथि रहेको अतिरिक्त नाफा' भनी परिभाषित गर्नुभएको छ ।

पहिलो विश्वयुद्धपछि विश्वको पुँजीवादी विभाजन फेरि चर्कियो । सन् १९२९ देखि सन् १९३९ मा आएको महामन्दीमा यो विभाजन तीव्र रह्यो । अनेक साम्राज्यवादी महाशक्तिहरूले विभिन्न कर र सर्तका अनेक पर्खाल ठड्याएर आफ्ना अर्थतन्त्रलाई अरूका लागि बन्द गरे । दोस्रो विश्वयुद्धअघि अमेरिकाको नेतृत्वमा विश्व वित्ततन्त्रको पुनः संरचना गरियो । त्यसको सहमति सन् १९४४ जुलाईमा ब्रेटन उड्समा गरिएको थियो । मुख्य-मुख्य मुद्राहरूलाई अमेरिकी डलरमा साट्न सकिने र अमेरिकी डलरलाई सुनमा साट्न सकिने बन्दोबस्तले नयाँ 'हरियो डलर' को वर्चस्व कायम भयो । यसको नीति-नियम लागु गराउन अन्तर्राष्ट्रिय मुद्राकोष तथा पुनःसंचरना एवम् विकासका लागि अन्तर्राष्ट्रिय बैङ्क (आइबीआरडी) को स्थापना भयो । पछि यही बैङ्कलाई विश्व बैङ्क भनियो । यिनै दुई संस्थाले त्यसपछिका वर्षहरूमा दक्षिणी गोलार्द्धका देशहरूमाथि अमेरिकी दबदबा कायम गर्न प्रमुख भूमिका खेले ।

## दोस्रो विश्वयुद्धपछिको विश्व

सन् १९४५ मा पुँजीवादी महाशक्ति देशहरूमध्ये संरा अमेरिका विजयी भयो र अमेरिकी डलरको दबदबा पनि सुरु भयो । सन् १८४५ देखि सन् १९७१ सम्मको अवधि अमेरिकी साम्राज्यवादको विस्तारवादी चरण थियो । यस अवधिमा अमेरिकाले उल्लेख्य राजनीतिक घाटा व्यहोर्नुपऱ्यो; अनेक देशमा नौला समाजवादी प्रयोगहरू देखापरे । तर, उत्पादनमा आफ्नो हात माथि हुनाले अमेरिका निर्धक्क अघि बढ्यो । दोस्रो विश्वयुद्धपछि उसले विश्व पुँजीवादी व्यवस्थामा कायापलट आउनेगरी पुनःसंरचना गऱ्यो । उसले करदस्तुरलगायत अमेरिकी बजार जोगाउने गरी लगाइएका अन्य छेकबारहरू भत्कायो । आफ्नो विस्तारका लागि उसले ती छेकबारलाई अनावश्यक देख्यो । यद्यपि अमेरिकी पुँजीवादी व्यवसायहरूको नाफाका लागि अनुदान दिने प्रावधानहरू भने कायम नै राख्यो । दोस्रो विश्वयुद्धपछि विश्व पुँजीवादको नयाँ 'भूमण्डलीकृत' पुनःगठन अलग्गै थियो । अन्तर्राष्ट्रिय संरचनाका हिसाबले त्यो सन् १९४५ अघिको पुँजीवादी व्यवस्थाभन्दा नितान्त फरक थियो । अघिल्ला औपनिवेशिक साम्राज्यहरूको युगमा भन्दा यसबेला उत्पादक शक्तिमा अत्यन्त तीव्र विकास भयो । १९ औँ र २० औँ शताब्दीभरि खुला व्यापारको आवरणमा सधैँ एकाधिकारीहरूकै मनोमानी रह्यो । बेलायतको सन्दर्भमा कार्ल मार्क्सले यो कुरा औँल्याउनुभएको थियो । साम्राज्यवादी एकाधिकारहरूको माध्यमबाट अन्तर्राष्ट्रिय सैनिक संयन्त्रको पहरेदारीमा संरा अमेरिकाले यो दबदबामा फड्को माऱ्यो ।




सन् १९४९ मा नेटोको गठन भयो । यसका तीन उद्देश्य थिए । पहिलो, पश्चिम युरोपमा कम्युनिस्ट प्रभाव फैलिनबाट रोक्ने । दोस्रो, अन्य सम्पूर्ण साम्राज्यवादी देशहरूलाई सैनिक रूपमा अमेरिकाको अधीनमा राखिरहने । तेस्रो, समाजवादी देशहरूलाई रोक्न र कालान्तरमा समाजवादी व्यवस्था उन्मूलन गर्न सैन्य गुट निर्माण गर्ने । अमेरिकाले युरोपेली कुलीनहरूलाई हातमा लिन थाल्यो र आफ्नो उत्तर एटलान्टिक योजनामा तिनको सहमति बटुल्यो । आर्थिक एकीकरण र निर्भरता तथा राजनीतिक अधीनताको माध्यमबाट उसले यो काम फत्ते गरेको थियो । सन् १९४८ मा सुरु भएको मार्शल योजना आर्थिक औजार थियो भने सन् १९५४ मा सुरु भएको बिल्डरबर्ग बैठकजस्ता संस्थानहरू राजनीतिक औजार थिए ।

औपनिवेशिक दुनियाँमा अमेरिकाका तीन उद्देश्य थिए । पहिलो, युरोपेली कब्जाको परायज टुङ्ग्याउने र अमेरिकी आर्थिक स्वार्थहरूको अवरोध हटाउने । दोस्रो, युरोपेली देशहरूलाई समाजवादी खेमामा जानबाट रोक्ने । तेस्रो, कम्युनिस्टहरूबाट प्रभावित वा कम्युनिस्टहरूको नेतृत्वमा हुने क्रान्तिकारी प्रयत्नलाई परास्त गर्ने ।

तिनताका भनिने तेस्रो विश्वका देशहरूमाअमेरिकाले कहिल्यै पनि स्थानीय स्तरमा पूर्ण राजनीतिक, आर्थिक र सामाजिक सम्बन्धमा हावी हुने वा व्यवस्थापन गर्ने उद्देश्य वा आकांक्षा देखाएन । यस मामिलामा २० औँ शताब्दीको अन्त्यतिर क्युबा र फिलिपिन्सजस्ता केही देश मात्र अपवाद रहे । सैनिक शक्ति, खुफिया कारबाही, आर्थिक चलखेल र अमेरिकी 'सौम्य शक्ति' को प्रयोग गरेर अमेरिकाले नवउपनिवेशवादी रणनीति विकास गऱ्यो । नाममात्रको राजनीतिक स्वतन्त्रता र झन्डै-झन्डै पूर्ण आर्थिक परनिर्भरता नै यस रणनीतिको चुरो थियो । दोस्रो विश्वयुद्धपछि युरोपका देशहरूलाई अमेरिकी वर्चस्वकारी योजनामुनि लैजान भूमिका खेल्ने पहिलो संस्थान 'आइबिआरडी' थियो । मार्शल योजनाले गति लिएपछि त्यस संस्थाले दक्षिणी गोलार्द्धमा आफ्नो काम सुरु गऱ्यो ।

## नवउदारवाद

साम्राज्यवादको अर्को खुड्किलोलाई सामान्यतया नवउदारवाद भनिन्छ । सन् १९६० को दशकमा आर्थिक जमोट सुरु भयो र सन् १९७४ मा सङ्कट चुलियो । यति नै बेला तेस्रो विश्वको देशहरूमा वामपन्थी उभार आयो । यिनै खतराको प्रतिक्रियामा नवउदारवाद जन्मेको थियो ।

नवउदारवादको पहिलो प्रयोग मिल्टन फ्रिडम्यानको मार्गदर्शनमा 'शिकागोका शिष्यहरू' ले चिली (सन् १९७३) र अर्जेन्टिना (सन् १९७६) मा गरेका थिए । (मिल्टन फ्रिडम्यान शिकागो विश्वविद्यालयको अर्थशास्त्र विभागका प्रोफेसर थिए । दक्षिण अमेरिकाका विद्यार्थीलाई त्यहाँ लगेर नवउदारवादी अर्थनीति पढाइयो र तिनलाई स्वदेश फर्काएर त्यो अर्थनीति लागू गरिएको थियो । तिनै विद्यार्थीलाई शिकागो ब्वाइज वा शिकागोका शिष्यहरू' भनिन्छ । अनु.) दुवै देशमाहिंसात्मक सत्ताविद्रोह गराई हजारौँ सर्वसाधारणको हत्या गरी वामपन्थी अभियानको जरा काटेर त्यहाँ नवउदारवादको प्रयोग गरिएको थियो । त्यस विद्रोहमा संरा अमेरिकाको पूर्ण समर्थन थियो । सन् १९७९ मा बेलायतमा मार्गरेट थ्याचर प्रधानमन्त्री निर्वाचित भइन् । सन् १९८० मा रोनाल्ड रेगन अमेरिकी राष्ट्रपतिमा निर्वाचित बने । यिनीहरूको आगमनसँगै विश्वभरि भकाभक नवउदारवादी प्रयोग हुन थाल्यो ।

सन् १९८१ सम्ममा संरा अमेरिका दाताराष्ट्र बन्यो । सन् १९९१ मा सोभियत सङ्घको पतन भयो । यसपछि अमेरिका अझ नाङ्गो गरी र त्यसमा पनि सैन्य तवरले साम्राज्यवादी अभियानमा जुट्यो । नवउदारवादका विशेषता यसप्रकार छन् :

१) संरा अमेरिकी डलरलाई स्वर्ण मानकबाट हटाएर अमेरिकाले 'महासाम्राज्यवादी' वित्तीय एकाधिकार कायम राख्ने सहुलियतहरू खल्तीमा हाल्यो । यसपछि विश्वले आर्थिक भूमण्डलीकरण र पुँजीवादी एकाधिकारको वित्तीयकरण भोग्यो ।

२) अमेरिकाले आक्रामक रूपमा विश्वभरि नै बौद्धिक सम्पत्तिको अधिकार फैलाउँदै लग्यो र झन्डै निर्बाध विश्वभरि एकाधिकार कायम गऱ्यो । प्रत्यक्ष मालसामानमा आधारित अर्थतन्त्र अगोचर अर्थतन्त्रमुनि दब्दै गयो । सानो स्तरको उत्पादनले विश्वमा ठूलो ठाउँ ओगटेको थियो । अमेरिकी एकाधिकारले त्यस्तो उत्पादनलाई निर्दयीतापूर्वक ध्वस्त पाऱ्यो ।

३) अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैङ्क लगातार मितव्ययी (वास्तवमा खर्च कटौती) नीतिहरू अघि बढाए । यसले गर्दा दक्षिणी गोलार्द्धका देशहरू झन्झन् गरिब भए र ऋणको भारमुनि दब्दै गए । यो ऋण उत्तरी गोलार्द्धका देशहरूलाई सामान निर्यात गरेर मात्र तिर्न सकिन्थ्यो र त्यो पनि अमेरिकी डलरमा तिर्नुपर्थ्यो । अन्य बैङ्कभन्दा फरक अमेरिकी डलरको वर्चस्व जोगाउन विश्व बैङ्कले ऋणी देशको अर्थनीति तय गर्ने, राज्यको दायरा खुम्च्याउने र स्थानीय मुद्राको मूल्य घटाउने मौका पायो । निजीकरण गर्ने, सार्वजनिक क्षेत्रलाई ठप्प पार्नु, (खासगरी दक्षिणी गोलार्द्धका देशहरूमा) अर्थतन्त्र र समाजमा राज्यको भूमिका घटाउँदै लग्नु र श्रम कानुनहरू खुकुलो पार्दै लग्नु नै उसको नीतिहरूको मुख्य लक्ष्य भयो । यसले गर्दा गरिबी र असमानता बढ्यो । महिलाको बेतलवी प्रजनन कार्य सघन बन्नु यसको एउटा उदाहरण हो ।

४) ठूलो प्राविधिक परिवर्तन र अमेरिकी अनुदानको तेलको मूल्यका कारण औद्योगिक उत्पादन र आपूर्ति शृङ्खला अलग्ग गर्दा उत्पादकत्वमा ठूलो वृद्धि भयो । यति मात्र होइन विश्व पुँजी र त्यसका बहुराष्ट्रिय कम्पनीहरूले पनि अकूत लाभ लिए । सँगसँगै कामदार वर्ग झन्झन् गरिब हुन पुगे । पुँजीले उत्पादनका विभिन्न हाँगाबिँगालाई दक्षिणी गोलार्द्धका अनेक साना र कमजोर देशहरूमा फैलाउन सक्यो । ब्राजिल र दक्षिण अफ्रिकाजस्ता पछि मात्र औद्योगीकरण थालेका दक्षिणी गोलार्द्धका देशहरूको औद्योगीकरणमा ऱ्हास आयो । ठूलो आकार र समाजवादले चीनलाई पनि यो दुर्भाग्यबाट जोगायो ।

५) अर्थतन्त्र उत्पादन गर्नेभन्दा पनि सेयर कारोबार र एकाधिकार कम्पनीमार्फत दस्तुर उठाउने पुँजीमा आधारित हुन थाल्यो । विश्वभरिको वित्तीय बजार नियमनमुक्त हुँदै गयो । सञ्चार प्रविधिमा क्रान्ति आयो । यसले सट्टाबाजीमा प्रयोग हुने वित्तीय पुँजी छिनभरमै ठूलो मात्रामा प्रवाह हुन सम्भव भयो ।

६) अर्थतन्त्रका विविध क्षेत्रमा उत्पादन तथा वितरणको एकाधिकारमा नयाँ उन्नत रूप देखापऱ्यो । डिजिटल एकाधिकार पुँजीको उदयभित्रै गुगलजस्ता मुठ्ठीभर एकाधिकारी तथा अल्पतन्त्री कम्पनीहरू देखिए । चीन, रुस, इरान, प्रजग कोरिया, क्युवाजस्ता केही देशलाई छोडेर यिनले पूरै विश्वमाथि दबदबा कायम गरे ।

७) आक्रामक राज्यहरूको सङ्ख्या बढ्यो । असमानता चरमचुलीमा पुग्यो र नवफासीवादी लोकरिझ्याइँले टाउको उठायो ।

८) गुगल, फेसबु, ह्वाट्सएप, इन्स्टाग्राम र ट्वीटरजस्ता अमेरिकी प्रविधिहरूको व्यापक र आर्थिक एकाधिकारका कारण पश्चिमको सांस्कृतिक, राजनीतिक र विदेश नीति हावी हुने वातावरण बन्यो ।

माइकल हडसनको पुस्तक 'महासाम्राज्यवाद' सन् १९७२ मा प्रकाशित भयो । अमेरिकाले स्वर्ण मानक त्याग्दा बाँकी विश्वले ठूलो पराजय व्यहोरेको विश्लेषण उक्त पुस्तकमा गरिएको छ ।

आआफ्ना मुद्राहरू कायम गर्नका निम्ति सुन किन्नुको साटो अमेरिकाले अन्य देशका केन्द्रीय बैङ्कहरूलाई आफ्नो डलर सञ्चितीलाई अमेरिकी धितोपत्र किन्न बाध्य पाऱ्यो । यसरी बाँकी विश्वलाई उसले आफ्नो ऋण तिर्न लगायो । भियतनामका जनताविरुद्ध आफूले गरेको युद्धको खर्च उसले यसरी नै असुल्यो । संरा अमेरिका ऋणदाता देश बन्यो । तर, उसले आफ्नो ऋणको सट्टाभर्ना भने डलर-वालस्ट्रीट साँठगाँठको माध्यमबाट गरिरह्यो ।

| Country/te | Building In | Buildingstc | Areahectai | Military Basestotal number |
|---|---|---|---|---|
| Japan | 10339000 | 12079 | 41715 | 76 |
| Germany | 9135000 | 12537 | 2682 | 93 |
| Rep. Korea | 5631000 | 5832 | 12262 | 62 |
| Italy | 2011000 | 2032 | 945 | 31 |
| Guam | 1382000 | 2807 | 25322 | 45 |
| United Kin | 1364000 | 2883 | 3253 | 14 |
| Kuwait | 676000 | 1503 | 2549 | 6 |
| Qatar | 661000 | 663 | | 2 |
| Cuba | 588000 | 1540 | 11662 | 1 |
| Turkey | 478000 | 817 | 1356 | 8 |
| Spain | 419000 | 889 | 3802 | 2 |
| Puerto Ric | 411000 | 794 | 7042 | 29 |
| Bahrain | 390000 | 468 | 83 | 9 |
| Belgium | 362000 | 479 | | 10 |
| Marshall Is | 286000 | 633 | 551 | 6 |
| Greenland | 220000 | 197 | 94306 | 1 |
| Djibouti | 171000 | 379 | 459 | 2 |
| Netherlanc | 151000 | 150 | | 5 |
| United Ara | 128000 | 400 | 5059 | 3 |
| Portugal | 114000 | 170 | 532 | 6 |
| Honduras | 92000 | 336 | | 1 |
| Singapore | 86000 | 120 | | 3 |
| Romania | 70000 | 179 | 177 | 4 |
| Bahamas | 62000 | 179 | 219 | 6 |
| Greece | 61000 | 85 | 41 | 4 |
| Saint Heler | 43000 | 124 | 1402 | 1 |
| Australia | 41000 | 83 | 8124 | 5 |
| Bulgaria | 39000 | 93 | | 2 |
| Virgin Islan | 26000 | 29 | 5964 | 5 |
| Jordan | 17000 | 31 | 3978 | 1 |
| Cyprus | 16000 | 38 | | 1 |
| Israel | 13000 | 19 | | 2 |
| American S | 11000 | 10 | 2 | 1 |
| Niger | 11000 | 45 | | 1 |
| Poland | 11000 | 20 | | 3 |
| Curaçao | 9000 | 15 | 17 | 1 |
| El Salvador | 6000 | 14 | 14 | 1 |
| Northern M | 5000 | 17 | 6499 | 10 |
| Peru | 5000 | 7 | | 1 |
| Norway | 3000 | 4 | | 1 |
| Iceland | 2000 | 7 | 425 | 1 |
| Kenya | 2000 | 5 | | 1 |
| Canada | | | 91 | 1 |
| Total | 35548000 | 48712 | 240533 | 468 |

Source: Global South Insights elaboration based on the

***(स्रोत : एमआर अनलाइन । सम्यक)***

# प्रशान्त महासागरमा 'चीन खतरा' कार्ड खेल्दै अमेरिका अमेरिका निराश हुने निश्चित

✍ चेन होङ




सोमबार एक रोयटर्स रिपोर्टअनुसार किरिबाटीसँग चिनियाँ प्रहरीले सहयोग गरेको आधारमा संरा अमेरिकाले फेरि एकपटक यो प्रशान्त टापु राष्ट्रमा आफ्नो ध्यान केन्द्रित गऱ्यो र यस क्षेत्रका देशहरूलाई चिनियाँ सुरक्षा बलहरूको सहयोगको विरुद्ध चेतावनी दियो ।

यद्यपि किरिबाटीका कार्यवाहक प्रहरी आयुक्तले चिनियाँ पुलिसले किरिबाटी पुलिसलाई 'आवश्यक वा अनुरोध गर्ने सेवाहरू मात्र प्रदान गर्दछ' भनी स्पष्ट गरे । अमेरिकी विदेश विभागका प्रवक्ताले चीनसँगको सुरक्षा सम्झौता र सुरक्षाले राष्ट्रको सार्वभौमसत्तामा हुन सक्ने 'सम्भावित प्रभाव' बारे चिन्ता व्यक्त गरे । वास्तवमा, यो कथन एक स्पष्ट निन्दनीय आरोप हो । यो स्पष्ट छ कि चीन-किरिबाटी सहयोगसँग सम्बन्धित कुनै नकारात्मक प्रभावहरू छैनन् र संरा अमेरिका पनि यो तथ्यबारे राम्ररी परिचित छ ।

पारस्परिक सम्मान र समानतामा आधारित सामाजिक स्थायित्व र सार्वजनिक हितका लागि आफ्नो प्रहरी क्षमता अभिवृद्धि गर्न टापु राष्ट्रको अनुरोधको जवाफमा किरिबाटीसँग चीनको सहयोग हो । यो संयुक्त कदमले कुनै पनि राजनीतिक शर्तहरू संलग्न गर्दैन र किरिबाटी सरकार र जनताले स्वागत गरेका छन् । यद्यपि, अमेरिकाले प्रशान्त महासँगरमा आफ्नो सैन्य उपस्थितिलाई रणनीतिक प्राथमिकताका रूपमा सधैँ ठूलो महत्त्व दिएको हुनाले उसले किरिबाटीसँगको चीनको सहयोगलाई 'सैन्यकरण' सँग सम्बन्धित भनी बदनाम गर्ने र बदनाम गर्ने एउटा ठुलो बहाना बनाउँछ ।

किरिबाटीलाई चेतावनी दिने अमेरिकाले लामो-हातको अधिकार क्षेत्रभन्दा बाहिर पनि जान्छ - शब्दले नबोले पनि यो लगभग एक स्वतन्त्र देशको सार्वभौमसत्ताको लागि स्पष्ट उपेक्षा वा अपमान गर्ने कार्य हो र किरिबाटीको आन्तरिक मामिलामा कठोर हस्तक्षेप हो । किरिबाटीलाई स्वायत्त हुने अधिकार छ तर स्वायत हुने क्षमता छैन ।

जब यो प्रशान्त टापु देशहरूमा सामाजिक र आर्थिक विकासको लागि चीनको सक्रिय समर्थन र सहयोगको कुरा आउँछ, यसलाई 'नव-औपनिवेशिकता' र 'धम्की' भनेर गाली र बदनाम गरिन्छ । तथ्य के हो भने प्रहरी सहयोगको नाममा संरा अमेरिकाले आफ्नो वर्चस्वको औचित्य खोज्दै, प्रशान्त क्षेत्रमा चीनको उपस्थितिलाई किनारा लगाउने र बाहिर निकाल्ने गरी पूर्णतया असमान सुरक्षा सहयोग र सैन्य तैनाथीको लागि निरन्तर दबाब दिइरहेको छ । त्यस्ता 'दोहोरो मापदण्ड' व्यवहारले यस क्षेत्रमा अमेरिकाको आधिपत्यवादी महत्त्वाकाङ्क्षा र भित्री मनसायलाई पर्दाफास गर्दछ । चीन र प्रशान्त टापु राष्ट्रहरूबिचको सम्बन्धलाई पृथक पार्ने प्रयासलाई प्रकट गर्दै 'चीन खतरा सिद्धान्त' लाई जोडतोडकासाथ प्रचार गर्दछ ।

हालैका वर्षहरूमा, चिनियाँ सरकार सार्वजनिक सुरक्षाको लागि प्रशान्त टापुका देशहरूको रोजाइको साझेदार बनेको छ । गत वर्षको जुलाईमा सोलोमन टापुको सरकारले चीनसँगको प्रहरी सम्झौताले प्रशान्त क्षेत्रलाई कुनै 'धम्की' मात्र नभई त्यहाँको स्थायित्व र विकासमा सकारात्मक योगदान पुऱ्याएको भन्दै पश्चिमी शक्तिहरूको भनाइलाई खारेज गरेको बताएको थियो । "जनवरीमा, पपुवा न्यू गिनीले पनि देशमा हिंसात्मक दङ्गामा १५ जनाको मृत्यु भएपछि चिनियाँ पुलिसलाई सहयोगको लागि अनुरोध गरेको थियो ।

चीन र प्रशान्त टापु राष्ट्रहरूबिचको बढ्दो र गहिरो सहयोग त्यहाँको प्रहरी बलको सीमित क्षमताको कारण हो । यो वास्तवमा इतिहासमा पश्चिमी उपनिवेशवादको लामो विरासत हो । यो ती उपनिवेशहरूले पश्चिमी शासन प्रणालीको प्रत्यारोपण र लागू गरेर यस क्षेत्रलाई शासन गरेदेखिकै हो । जब टापु देशहरूले अन्ततः आफ्नो स्वतन्त्रता प्राप्त गरे, त्यहाँ सामाजिक शासनको सन्दर्भमा एक शक्ति शून्यको स्थिति थियो । त्यसले स्थानीय पुलिसले सामाजिक अशान्ति जस्ता परिस्थितिहरूलाई प्रभावकारी रूपमा सामना गर्न असमर्थ हुँदा लगातार समस्याहरू र सामाजिक समस्याहरू निम्त्याएको छ । तसर्थ, चीनसँगको सहकार्यले यो कमीलाई ठ्याक्कै पूर्ति गरिरहेको छ । पारस्परिक सम्मान र पारस्परिक लाभमा आधारित चीनको सहयोग व्यापक रूपमा स्वागत र समर्थनका साथ अत्यन्त सफल भएको छ ।

पश्चिमले चीनमाथि जति आक्रमण गर्छ, त्यति नै यसले चीनको योगदान सफल भएको प्रमाणित गर्छ र आफूलाई ईर्ष्या र द्वेषको निशाना बनाउँछ । प्रशान्त क्षेत्रमा चीन विश्वस्त र प्रशंसनीय साझेदार नभएको भए पश्चिमका चीनविरोधी तत्वहरूले चीन र किरिबाटीजस्ता प्रशान्त टापु राष्ट्रहरूबिचको फलदायी र समृद्ध सहयोगको निन्दा गर्ने त्यस्तो कोसिस गर्ने थिएनन् । पश्चिमबाट निरन्तर बदनाम भए पनि यी प्रशान्त क्षेत्रका देशहरू चीनसँगको साझेदारीमा अडिग रहेका छन् - के सही र के गलत हो भन्ने कुरा आफैं स्पष्ट छ ।

वास्तवमा, प्रशान्त टापु राष्ट्रहरू र चीन बीचको बढ्दो न्यानो सम्बन्ध चीनको 'प्रभाव' को नतिजा होइन, बरु यी देशहरूले आफैले गरेको छनौट हो । गत वर्ष अमेरिकाले प्रशान्त क्षेत्रका टापुका तीन देशलाई ७ अर्ब डलरभन्दा बढी सहयोग गर्ने योजना बनाएको थियो । यस महिनाको सुरुमा, संरा अमेरिकाले सहायता प्याकेजमा कोष समावेश गर्न असफल भयो । संरा अमेरिकाको खाली वाचाले देखाउँछ कि वाशिंगटनले वास्तवमा प्रशान्त टापु राष्ट्रहरूको अर्थतन्त्र र सुरक्षाको बारेमा चासो राख्दैन, तर तिनीहरूको क्षेत्रीय र विश्वव्यापी वर्चस्ववादी रणनीतिको भूराजनीतिक मूल्यहरू हुन् ।

प्रशान्त महासागरका देशहरूले उनीहरूमा निहित स्वार्थ राख्नेहरू र उनीहरूलाई पारस्परिक लाभ र सम्मानको आधारमा सहयोग गर्नेहरूबिच भेद गर्न पर्याप्त विवेकशील छन् । चीनलाई बदनाम गर्ने र प्यासिफिक टापुका देशहरूबाट टाढा राख्ने अमेरिकी प्रयासहरूको बाबजुद पनि त्यस्ता दुर्भावनापूर्ण प्रयासहरू असफल हुन बाध्य छन् । प्रशान्त क्षेत्रका सरकार र जनतासँग सही छनोट गर्ने राजनीतिक बुद्धि र निर्णय क्षमता छ ।

संरा अमेरिकाले आफ्ना वाचाहरू पूरा गर्न असफल भएको यो पहिलोपटक होइन र यो अन्तिम पनि हुनेछैन । संरा अमेरिकाको कथित 'सहयोग' मा भर पर्नुको सट्टा, यस क्षेत्रका देशहरू र जनताले सक्रिय रूपमा आफ्नो सार्वभौमसत्ताको रक्षा गर्न र उनीहरूको दीर्घकालीन हितका लागि राष्ट्रिय विकासलाई अगाडि बढाउन आवश्यक छ । संरा अमेरिकाले ऐतिहासिक रूपमा आफ्नो रणनीतिक खेलहरूमा टापु देशहरूलाई प्यादाको रूपमा हेरेको छ, तर वर्तमान विश्वव्यापी प्रवृत्तिले स्पष्ट रूपमा इतिहासको सही पक्षलाई सङ्केत गर्दछ ।

(लेखक पूर्वी चीन जनरल विश्वविद्यालयको एशिया प्यासिफिक स्टडीज सेन्टरका कार्यकारी निर्देशक हुन् ।)


फेब्रुअरी २६, २०२४

***-ग्लोबल टाइम्स अनलाइनबाट***

***अनुवाद : प्रकाश***

# यस पटक, पुटिनको आणविक चेतावनी असामान्य छ

✍ हु सिजिन



गएको बिहीबार रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आणविक हतियारको विषयलाई टेबुलमा राखेका थिए । उनले युक्रेनमा लड्न सेना पठाएमा पश्चिमी देशहरूले आणविक युद्ध भड्काउने खतरा रहेको चेतावनी दिए । "पश्चिमी राष्ट्रहरूले बुझ्नुपर्छ कि हामीसँग पनि हतियारहरू छन् जसले तिनीहरूको भूमिमा लक्ष्यहरू प्रहार गर्नसक्छ । यी सबैले आणविक हतियारको प्रयोग र सभ्यताको विनाशसँगको द्वन्द्वलाई साँच्चिकै धम्की दिन्छ," पुटिनले भने । पश्चिमा राजनीतिज्ञहरूले नाजी जर्मनीका एडोल्फ हिटलर र फ्रान्सका नेपोलियन बोनापार्टको नियति सम्झनुपर्छ भन्ने पनि पुटिनले सुझाव दिए ।

पुटिनले यसअघि धेरैपटक आणविक हतियार प्रयोग गर्ने सम्भावनालाई उल्लेख गरेका छन् वा सङ्केत गरेका छन्, तर यस पटककोजस्तो प्रत्यक्ष र कठोर रूपमा कहिल्यै भनेका थिएनन् । उनको मनसाय स्पष्ट रूपमा सम्पूर्ण पश्चिमलाई चेतावनी पठाउने हो । युक्रेनमा सेना पठाउन अस्वीकार नगर्नेबारे फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोँको अघिल्लो कथनले सनसनी पैदा गरेको थियो र अन्य प्रमुख पश्चिमी देशका नेताहरूले तुरुन्तै भने कि उनीहरू यस्तो कदमलाई समर्थन गर्दैनन् । यद्यपि, म्याक्रोँको टिप्पणीले पश्चिम र रूसबिचको बढ्दो तनावको रेखा पार गरिसकेको छ, जसलाई मस्कोले हल्का रूपमा लिएको छैन । तसर्थ, पुटिनले सिधै आणविक हतियारहरू टेबलमा राखेर ठूलो कदम चालेका छन्, यदि पश्चिमले सेना पठाउने साहस गरेमा उसले आणविक हतियार प्रयोग गर्ने आँट गर्नेछ ।

निश्चय पनि, पुटिनले धम्की मात्र दिइरहेका थिए, तर आणविक धम्की जारी गर्नु अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर विषय हो । सबै देशहरूले आणविक आक्रमणबाट पूर्ण सुरक्षा सुनिश्चित गर्न आवश्यक छ । आणविक हतियारहरू प्रयोग गर्ने धम्कीदेखि तिनीहरूको प्रयोगको लागि रणनीतिक तयारीहरू र अन्ततः आणविक आक्रमण सुरु गर्ने, यस लामो अनुक्रममा प्रत्येक चरण मामुली कुरा होइन । म्याक्रोँको टिप्पणीले पुटिनलाई कतिको आक्रोशित बनाएको छ भन्ने स्पष्ट छ ।

युक्रेनमा द्वन्द्वले पहिले नै एउटा ढाँचा बनाएको छः अमेरिका र पश्चिमले युक्रेनलाई सैन्य सहायता प्रदान गर्दछ तर रुसको माटोमा आक्रमण गर्दैन । स्पष्ट छ कि रूसको बदलामा केवल परम्परागत हतियारहरू प्रयोग गरेर नाटो सेनाहरूले प्रत्यक्ष रूपमा लडाइँमा संलग्न हुँदैनन् । हाल, स्थिति लगभग सन्तुलित छ, रसियाले थोरै फाइदा पाएको छ । युक्रेनमा पश्चिमी हतियार आपूर्तिको तीव्रता घट्दै गएको देखिन्छ र युक्रेनको सानो जनसङ्ख्या र सीमित सैन्य स्रोतहरूको साथ रूसले बिस्तारै आफ्नो फाइदा विस्तार गर्न सक्छ ।

यदि पश्चिमी सेनाहरू प्रत्यक्ष रूपमा लडाइँमा संलग्न भए, युक्रेनको अवस्था फेरिनेछ । अत्याधुनिक हतियारसहित नाटो देशका सेनाको सहभागिताले रुसी अग्रपङ्क्तिमा ठूलो प्रभाव पार्नेछ र पुटिनले असफल हुने जोखिमको सामना गर्नुपर्नेछ । तसर्थ, पुटिनले म्याक्रोँले छलफल गरेअनुसार पश्चिमी देशहरूले सेना पठाउने सम्भावनालाई कहिल्यै स्वीकार गर्दैनन् । आणविक हतियारको मुद्दा उठाएर, पुटिनको लक्ष्य भनेको म्याक्रोँ र नाटो देशका नेताहरूलाई त्यस दिशामा जारी राख्नबाट रोक्नु हो ।

पुटिनको 'आक्रोश' ले केही प्रभाव पारेको देखिन्छ । अमेरिकी विदेश विभागका प्रवक्ताले पुटिनको टिप्पणीलाई 'गैरजिम्मेवार' भनी आलोचना गरे । तर पश्चिमा तर्फबाट थप उक्साहट भएको छैन । म्याक्रोँले तुरुन्तै पुटिनलाई कडा प्रतिक्रिया दिएनन्, केवल रुस-युक्रेन द्वन्द्वमा उनको टिप्पणीलाई सावधानीपूर्वक सोचिएको थियो । यो सम्भव छैन कि पश्चिमी नेताहरूले पुटिनको चेतावनीलाई आक्रामक रूपमा प्रतिक्रिया दिनेछन्, किनकि तिनीहरू स्थितिलाई अझ बढाउन चाहँदैनन् ।

प्रश्न रहन्छः के पुटिनले वास्तवमा आणविक हतियार प्रयोग गर्ने साहस गर्नेछन् ? यो ठूलो र गम्भीर प्रश्न हो । सामान्यतया, जबसम्म रूसले परम्परागत माध्यमबाट युक्रेनमा आफ्नो लक्ष्य हासिल गर्न सक्छ वा राजनीतिक गरिमा कायम गर्न सक्छ, पुटिनले आणविक हतियार प्रयोग गर्दैनन् भन्ने विश्वास गर्छन् । तर, यदि रुसले युक्रेनमा हार बेहोरेको छ र त्यसले पहिले नै कब्जा गरिसकेका चार पूर्वी क्षेत्रहरू पुनः कब्जा हुने जोखिममा छन् र पुटिन सरकार घरेलु रूपमा कमजोर भएमा आणविक हतियार प्रयोग गर्ने प्रश्न थप खुला हुन सक्छ ।

पश्चिमी देशहरूले पुटिनलाई असफल हुन र पद त्याग गर्न बाध्य पार्ने जुवा खेल्ने हिम्मत गर्दैनन्, र पुटिनले आणविक हतियारको आधारभूत लाभलाई त्याग्न र पश्चिमले व्यवस्था गरेको भाग्यलाई स्वीकार गर्ने आशा गर्दैनन् । तसर्थ, संयमको वकालत गर्दै पश्चिममा सधैँ आवाज उठेको छ । अर्कोतर्फ, आणविक हतियारको प्रयोग एक आधारभूत जोखिम हुनेछ, ठूलो अनिश्चितता सिर्जना गर्नेछ ।

पुटिनका लागि हतियार प्रयोग गर्नुको सट्टा मुख्य मुद्दाहरूमा पश्चिमलाई सम्झौता गर्न वा संयम देखाउन बाध्य पार्दै आणविक प्रतिरोध कायम गर्नु राम्रो हुन्छ । एक पटक आणविक हतियारहरू प्रयोग गरिसकेपछि, स्थिति बढ्नेछ, र क्रेमलिनले अब के गर्छ भन्नेमा नियन्त्रण गुमाउने सम्भावना छ ।

(लेखक चिनियाँ वरिष्ठ सञ्चारकर्मी हुन् ।)

***-ग्लोबल टाइम्सबाट***

***अनुवाद : आरोही***

# भारतीय विस्तारवादको हस्तक्षेपविरुद्धको सङ्घर्ष नेमकिपा स्थापनाको एक आधार

भक्तपुर । नेपाल मजदुर किसान पार्टीको स्थापनाको आधार किसान आन्दोलन र नेपालको भूमि सुस्तामा भारतीय विस्तारवादको हस्तक्षेपविरुद्धको सङ्घर्ष पनि हो ।"

उक्त भनाइ नेमकिपाका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले भक्तपुर सिकर्मी सङ्घको आयोजनामा नेमकिपाको ५० औँ स्थापना दिवसको अवसरमा शुक्रबार भएको कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

"भारत प्रवासमा समेत नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँलाई अराजक गतिविधिमा फसाउने र हत्यासमेत गर्ने दुष्प्रयास भएको थियो, उहाँले भन्नुभयो ।

नेमकिपा र यसका जनवर्गीय सङ्गठनका सदस्यहरू पार्टी प्रकाशन र पार्टी गतिविधिमा सहभागी भई देश र जनताको सेवामा इमानदारीपूर्वक समर्पित हुनुपर्ने आवश्यकता औँल्याउँदै सचिव सुवालले भन्नुभयो, "मानिसलाई धन-सम्पत्तिले भन्दा पनि नैतिक अडानले सुखी बनाउँछ । खर्बपति भनिएका विनोद र अरूण चौधरीहरूले सरकारी जग्गा आफ्नो बनाएको हुँदा अरुण चौधरी प्रहरी पक्राउमा पऱ्यो । यो जस्तो विनोद चौधरी परिवारको स्खलन अरू के होला ?"

व्यावसायिक अनुमतिको नाममा खनिज क्षेत्र उत्खनन् र प्रशोधनको जिम्मा व्यक्तिलाई निजी क्षेत्र र व्यक्तिलाई दिन नहुने सरकार आफैले गनुपर्नेमा सचिव सुवालले जोड दिनुभयो ।

वातावरणीय संरक्षणसम्बन्धी अध्ययन प्रतिवेदन स्वार्थ समूहको अनुकूल तयार भइरहेको तर दोषीलाई कारबाही नभएको तर्फ उहाँले सचेत गराउनुभयो ।

उद्योग दर्ता र अनुगमन गर्ने उद्योग विभाग अर्को भन्सारको रूपमा बद्नाम भइरहेको छ । देशको सन्तुलित विकास गरिएको भए काभ्रेपलाञ्चोक, धादिङ, सिन्धुपाल्चोक जिल्लाबाट सङ्घीय राजधानीमा गिटी-बालुवा, ढुङ्गा ओसार्न नपर्नेबारे सरकार सचेत भएन, सचिव सुवालले भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष बिक्रम ढुकुछुको सभापतित्वमा भएको उक्त कार्यक्रममा उपेन्द्र सुवाल, विष्णुभक्त कुसी, रामसुन्दर सुवाल र पुण्यराम न्हुछेले पनि बोल्नुभएको थियो ।

# तनहुँमा युवा र किसान एकाइ समिति गठन

तनहुँ । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा तनहुँ म्याग्दे गाउँपालिका वडा नं ७, सकिधारा एम्लेबर गाउँमा किसान भेला भयो ।

उक्त भेलामा नेपाल मजदुर किसान पार्टी गण्डकी प्रदेशका सदस्य मीनबहादुर बाटाले पार्टी स्थापनाकालदेखि काम गरी खाने वर्गको पक्षमा रहेको उल्लेख गर्दै कामदारवर्गकै नेतृत्वमा समाजवादी गणतन्त्र स्थापना नभएसम्म नेपाली जनताको सङ्घर्ष चालु रहने बताउनुभयो । उहाँले शासक दलहरूले कामदार जनताका छोराछोरीहरूलाई स्वदेशमै रोजगारीको बन्दोबस्त नगरी वैदेशिक रोजगारीको नाममा दासजस्तै बेचबिखन गरेको कारण देश ओरालो लागेको बताउनुभयो ।

"समाजवादी क्रान्तिको निम्ति किसान र मजदुर राजनैतिकरूपले सचेत र सङ्गठित हुनु जरुरी छ" उहाँले बताउनुभयो ।

कार्यक्रममा नेमकिपाका रामबहादुर नेपालीले नेमकिपा बलियो नभएसम्म जनताले दुःख पाइरहने भएकोले गरिब जनता नेमकिपाको झन्डामुनि गोलबन्द हुन आग्रह गर्नुभयो ।

उक्त भेलाले गोविन्द परियारको अध्यक्षतामा ७ सदस्यीय नेपाल क्रान्तिकारी किसान सङ्घ सकिधारा एम्लेबर एकाइ समिति गठन गऱ्यो ।

### तनहुँमा युवा भेला

नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा तनहुँ, व्यास नपा ४, नेपालटारमा युवा भेला भयो ।

उक्त भेलामा नेपाल क्रान्तिकारी युवा सङ्घका अध्यक्ष मीनबहादुर बाटाले शासक दलहरूको अकर्मण्यताको कारण करिब ८० लाख नेपाली युवा बिदेसिन बाध्य भएको उल्लेख गर्दै नेपाल मजदुर किसान पार्टी युवालाई स्वदेशमै रोजगारीको बन्दोबस्त गरी देशलाई आत्मनिर्भर बनाउने पक्षमा रहेको बताउनुभयो ।

उहाँले कम्युनिस्ट नामधारी शासक दलहरूले मार्क्स, एङ्गेल्सको सिद्धान्तविपरीत संशोधनवादी बाटो अपनाएर नेपाली जनतालाई धोका दिइरहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय सदस्य महेन्द्र बखुन्छेँले पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा पार्टीले देशैभरि पार्टी प्रकाशनको अन्तरक्रिया, अध्ययन गोष्ठी सञ्चालन गरी जनतालाई राजनैतिकरूपले सचेत पार्ने काम गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा नेमकिपाको तर्फबाट गण्डकी प्रदेशसभा सदस्यका उम्मेदवार रामबहादुर नेपालीले पनि बोल्नुभएको थियो । उक्त भेलाले शर्मिला विकको अध्यक्षतामा ५ सदस्यीय नेपाल क्रान्तिकारी युवा सङ्घ नेपालटार एकाइ समिति गठन गऱ्यो ।

सोही दिन व्यास नपा-६, बाऱ्हबिसे तनहुँमा पनि स्थानीय बासिन्दासँग नेपाल मजदुर किसान पार्टी स्थापनाका आधारहरूबारे छलफल भयो ।

# किसान सङ्घद्वारा 'श्रमिक' को अन्तरक्रिया

काठमाडौँ । नेपाल क्रान्तिकारी किसान सङ्घ काठमाडौँ जिल्ला समितिको आयोजनामा 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिक पत्रिकाको अन्तरक्रिया कार्यक्रम पार्टी कार्यालय क्षेत्रपाटीमा मङ्गलबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले किसान साथीहरूले 'श्रमिक' र 'मजदुर' नियमित अध्ययन गरेमा राजनैतिक र वैचारिक स्तर बढ्ने बताउनुभयो ।

उहाँले 'श्रमिक' पत्रिका सबै किसानहरूको हात हातमा पुऱ्याउनुपर्ने र अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो ।

किसान सङ्घ काठमाडौँ जिल्लाका काशीनारायण डंगोलले किसानहरू सचेत र सङ्गठित पार्न हरेक विषयमा ज्ञान हासिल गर्नुपर्ने बताउनुभयो ।

सचिव काशीलाल डंगोलले सबै मार्क्सवादी साहित्य प्रगतिशील हुने तर सबै प्रगतिशील साहित्य मार्क्सवादी नहुनेबारे स्पष्ट हुनुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ काठमाडौँका अध्यक्ष हरिशरण श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा गुणदास महर्जन, वासुमान महर्जन र बन्दना श्रेष्ठले पनि पत्रिकाको लेखबारे बोल्नुभएको थियो ।

# कैलालीका विभिन्न ठाउँमा श्रमिक महिला दिवसको प्रशिक्षणात्मक कार्यक्रम

कैलाली । ११४ औँ श्रमिक महिला दिवसको अवसरमा नेपाल क्रान्तिकारी महिला सङ्घ कैलालीले गाउँ-गाउँमा भेला, प्रशिक्षण गर्ने निर्णयअनुसार लम्कीचुहा नपा वडा नं १ थपालीपुर र वडा नं ४ अमरपुरमा छुट्टाछुट्टै महिला भेला गरियो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको ठुलो महत्त्व रहेको बताउनुभयो । विश्वका कामदार महिलाले हक, अधिकार प्राप्त गरेको दिनलाई संसारमा श्रमिक महिला दिवस मनाइरहेको उहाँले प्रस्ट पार्नुभयो । उहाँले समाजवादी व्यवस्थामा मात्र कामदारवर्गको हित हुन्छ भन्नुभयो ।

नेमकिपा, कैलालीका अध्यक्ष रमेशकुमार रावलले श्रमिक महिला मुक्ति समाजवादमा मात्रै हुने बताउनुभयो । उहाँले १८ घण्टा काम गर्नुपर्ने बाध्यकारी अवस्थाको अन्त्य भई ८ घण्टामा झरेको दिनलाई उपलब्धिको रूपमा लिएको उल्लेख गर्दै वर्गीय मुक्तिसँगै महिला मुक्ति हुने स्पष्ट पार्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ कैलालीका अध्यक्ष एवं केन्द्रीय सहसचिव लक्ष्मी पुनले महिलाहरूमा पनि वर्ग हुने भएकोले हामीले कामदार महिलालाई राजनैतिक कार्यक्रममा सहभागी गराई समाजवादी राज्य व्यवस्थाको बारेमा सिकाउनुपर्छ भन्नुभयो । अन्तर्राष्ट्रिय क्रान्तिकारी महिला नेतृका कारण श्रमिक महिला आन्दोलन सफल भएकोले नै मार्च ८ मनाउनु आवश्यक भएको उहाँले बताउनुभयो ।

त्यस्तै नेपाल क्रान्तिकारी महिला सङ्घ कैलालीले लम्कीचुहा नपा वडा नं ४ कौवापुरमा गाउँ भेला गऱ्यो ।

भेलामा नेपाल मजदुर किसान पार्टी कैलालीका अध्यक्ष रमेशकुमार रावलले राजनीति गर्नु भनेको जनताको सेवा गर्नु हो भन्नुभयो । उहाँले श्रमिक महिलालाई राजनैतिकरूपमा सचेत र सङ्गठित गरी समाजवादी आन्दोलनमा सक्रिय बनाउनु हाम्रो उद्देश्य हो भन्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ कैलाली अध्यक्ष एवं केन्द्रीय सहसचिव लक्ष्मी पुनले महिलाहरूले पनि समाजवादी व्यवस्था ल्याउनका लागि महत्त्वपूर्ण योगदान दिनसक्ने बताउनुभयो ।

### कैलाली तिलकपुरमा महिला भेला

नेपाल क्रान्तिकारी महिला सङ्घ लम्की चुहा नपा वडा नं ५ तिलकपुर एकाइ समितिको आयोजनामा ११४ औँ श्रमिक महिला दिवसको अवसरमा महिला भेला गरियो ।

भेलामा नेपाल मजदुर किसान पार्टी केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले सबैभन्दा महत्त्वपूर्ण राजनीति हो । अहिले गलत राजनीति पार्टीले शासन गर्दा मानिसले दुःख पाएको बताउनुभयो ।

उहाँले कामदारवर्गले राजनीति गर्न आवश्यक भएकोमा जोड दिनुभयो । हाम्रा पूर्खाले सम्पत्ति कमाउनुभन्दा पनि असल राज्य व्यवस्था ल्याउनका लागि दुःख गरेको भए अहिले युवा काम खोज्दै विदेशमा जानुपर्ने थिएन भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टी कैलाली अध्यक्ष रमेशकुमार रावलले राजनीति गर्नु भनेको जनताको सेवाबाहेक अरू केही होइन । नेपालमा राजनीतिलाई व्यापारको रूपमा लिएकोले मानिस राजनीतिबाट निराश बनेका हुन् भन्नुभयो । उहाँले जुन वर्गको शासन



हुन्छ, त्यसैको हित हुने भएकोले श्रमिक महिलाहरू राजनीतिमा लागे सन्ततिले सुख पाउने धारणा राख्नुभयो । उहाँले त्यसैले घरपरिवार सबै राजनैतिक कार्यक्रममा सहभागी हुनु आजको आवश्यकता हो भन्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय सहसचिव लक्ष्मी पुनले पढेलेखेका महिलाहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा दिदीबहिनीलाई सिकाउनुपर्ने बताउनुभयो ।

सङ्घका उपाध्यक्ष लिलादेवी पुनको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन दुर्गा चलाउनेले गर्नुभएको



थियो ।

### अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउनु आवश्यक

नेपाल क्रान्तिकारी महिला सङ्घ कैलालीले बिहीबार लम्की चुहा नपा वडा नं २ गणेशपुरमा गाउँ भेला सम्पन्न भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस संसारका कामदार महिलाहरूको मुक्तिको दिन हो भन्नुभयो ।

नेमकिपाले महिलालाई राजनैतिकरूपमा शिक्षित, दीक्षित र सांस्कृतिकरूपमा अब्बल बनाउने काम गरिरहेको उल्लेख गर्नुभयो ।

नेमकिपा कैलालीका अध्यक्ष रमेशकुमार रावलले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसबारे जानकारी दिँदै महिलाहरूप्रति सम्मान व्यक्त गर्न हरेक वर्ष मार्च ८ लाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउन सुरु गरेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ कैलाली अध्यक्ष एवं केन्द्रीय सहसचिव लक्ष्मी पुनले धनी र हुने खाने महिलाले गरगहना, लुगा देखाउने तडकभडक गरी नारी दिवस मनाउँदै आएको तर नेक्रामहिला सङ्घले कामदार महिलालाई राजनैतिक प्रशिक्षण दिई दिवस मनाउँदै आएको बताउनुभयो । कार्यक्रममा नेमकिपा कैलाली सदस्य ज्योति बडुवाल र जानकीकुमारी सिजापतिले पनि बोल्नुभएको थियो ।

### नेमकिपा समाजवादी व्यवस्था ल्याउन सङ्घर्षरत

११४ औँ श्रमिक महिला दिवसको अवसरमा, नेपाल क्रान्तिकारी महिला सङ्घ लम्कीचुहा नपा वडा नं ७ एकाइ समितिको हरैयापुरमा महिला भेला आयोजना गरियो ।

भेलामा नेपाल मजदुर किसान पार्टी केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले आमुल परिवर्तन गर्नुलाई क्रान्ति भनिन्छ भन्दै नेपाल क्रान्तिकारी महिला सङ्घ पुँजीवादी व्यवस्थालाई हटाएर समाजवादी व्यवस्था ल्याउनका लागि सङ्घर्ष गरिरहेको बताउनुभयो । जनताले कुन विचार सही र कुन विचार गलत त्यो बुझेर राजनीति गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

नेमकिपा कैलालीका अध्यक्ष रमेशकुमार रावलले नेमकिपाका जनप्रतिनिधि र अन्य दलका जनप्रतिनिधिमा फरक छ भन्नुभयो । हामीले पार्टीका घोषणापत्रलाई मार्ग दर्शनका रूपमा लिन्छौँ तर अरूले घोषणापत्रलाई देखाउने कागज मात्रै बनाएका छन् भन्दै उहाँले जनताको अहित गर्ने दलहरूको कमजोरी जनताको बिचमा पुऱ्याउने काम हाम्रो भएको प्रस्ट पार्नुभयो ।

यसैगरी नेपाल क्रान्तिकारी महिला सङ्घ कैलाली अध्यक्ष एवं केन्द्रीय सहसचिव लक्ष्मी पुनले राजनीति वर्गीय हुने बताउनुभयो । महिलाहरू राजनीतिमा सक्रिय भएर अगाडि आउन समेत जोड दिनुभयो । श्रमिक महिला दिवसको कार्यक्रममा सहभागी हुन आग्रह गर्नुभयो ।

त्यसैगरी नेपाल क्रान्तिकारी शिक्षक सङ्घ कैलाली अध्यक्ष एवं केन्द्रीय सदस्य गुप्तबहादुर शाहीले राजनीतिमा शत्रु र मित्र चिन्नुपर्छ भन्नुभयो । हुनेखाने वर्गले सर्वहारा वर्गलाई राजनीतिमा माथि उठ्न नदिने भएकोले नै हामीले राजनीति गर्नु परेको बताउनुभयो ।

यसैगरी नेपाल क्रान्तिकारी मजदुर सङ्घका राजकृष्ण गोराले किसान र मजदुरलाई राज्य व्यवस्थामा पुगाउने पार्टीको मुख्य धारणा भएको स्पष्ट पार्नुभयो । भक्तपुर नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष समेत रहेका गोराले किसान आन्दोलन चर्काउने काम नेमकिपाले गरेको हुँदा जमिनदार वर्गले नेमकिपाको विरोध गर्छन् भन्नुभयो । काठमाडौँ उपत्यकामा मोहियानी हक कायम, साँढे धपाउनेजस्ता कामले जनताको विश्वास नेपाल मजदुर किसान पार्टीमा भएको प्रष्ट पार्नुभयो

यस्तै नेपाल क्रान्तिकारी युवा सङ्घका कृष्णप्रसाद कोजुले भक्तपुर नगरपालिकामा शिक्षा, स्वास्थ्य रोजगार, आदर निकेतन, शिशु स्याहार केन्द्र, घर-घरमा नर्सिङ, खेलकुद, व्यायामशाला, आदि गरेका बताउनुभयो । जयकला जैशीको अध्यक्षतामा भएको कार्यक्रममा गगनबहादुर थापामगरले पनि बोल्नुभएको थियो ।

### कैलालीको बेलकोटमा महिला भेला

११४ औँ श्रमिक महिला दिवसको अवसरमा नेपाल क्रान्तिकारी महिला सङ्घ घोडाघोडी नपा वडा नं. १ एकाइ समिति बेलकोटको आयोजनामा महिला भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टी कैलालीका अध्यक्ष रमेशकुमार रावलले नेमकिपा नेपालको कम्युनिस्ट आन्दोलनमा प्रकाशस्तम्भको रूपमा रहेको बताउनुभयो ।

नेपालका कम्युनिस्ट नामधारी अरु पार्टी समाजवादी विचारअनुसार कुनै पनि काम नगरेकाले पुँजीवादी पार्टी भएको उहाँले प्रस्ट पार्नुभयो ।

उहाँले हरेक वर्षको मार्च ८ लाई श्रमिक महिलाहरूले संसारमा श्रमिक महिला दिवस मनाउने गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "कामदार महिलाहरूलाई शिक्षित बनाउने काममा हामी लाग्नुपर्छ ।"

नेपाल क्रान्तिकारी महिला सङ्घ कैलाली अध्यक्ष एवं केन्द्रीय सहसचिव लक्ष्मी पुनले श्रमिक महिला दिवसको अवसरमा शुभकामना दिँदै श्रमजीवी महिलाहरू राजनीतिमा सक्रिय नहुँदा पुँजीपतिवर्गले झन् दुःख दिने प्रस्ट पार्नुभयो ।

उहाँले शिक्षा, स्वास्थ्य, रोजगार र सुरक्षा समाजवादी व्यवस्थामा ग्यारेन्टी हुने बताउनुभयो ।

कार्यक्रममा कालीबहादुर शाही र रञ्जनाकुमारी सिंहले पनि बोल्नुभएको थियो ।

# छुट जग्गा दर्ता खुल्यो ! बिचौलियाबाट सावधान !

छुट जग्गा दर्ता जो कोहीले जस्तोसुकै जग्गा दर्ता गर्न पाउने होइन । २०२२ सालअघि आफ्नो हकभोगमा रहेको वा जोताहाको निस्सामा भएका जग्गाधनीहरूले मात्रै जग्गा दर्ता छुट भएको औचित्य पुष्टि गरी निवेदन दिए उपर आवश्यक कारबाही गरी निवेदन परेपछि लामो प्रक्रिया पार गरेर जग्गाको बारेमा जाँचबुझ गर्ने तथा साँच्चै नै त्यो जग्गा निवेदकको भोगचलनमा रहेको तर केही कारणले दर्ता गर्न छुट भएको पुष्टि भएपछि मात्रै जग्गा दर्ता हुने हो ।



✍ रामप्रसाद प्रजापति

## छुट जग्गा दर्ता

करिब एक दशकपछि सरकारले यसअघि नै नापजाँच भई भोगचलन गरिरहेका तर जग्गा दर्ता हुन नसकेका जग्गाको छुट दर्ता गर्न चाहनेका लागि दुई वर्षभित्र निवेदन दिन मन्त्रीपरिषद्को बैठकले निर्णय गरी गत माघ ११ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको छ ।

२०६६ सालदेखि २०७१ सालसम्म करिब ४ वर्ष छुट जग्गा दर्ता खुला गरिएकोमा त्यसपछि बन्द भएको थियो ।

नेपाल सरकारले मालपोत नियमावली, २०३६ को नियम ४ (क) को उपनियम (१) को प्रयोजनको लागि जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नाप नक्सा भएको तर दर्ता गर्नसम्म छुट भएका जग्गा दर्ता गर्न चाहने सम्बन्धित जग्गावालाले सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिन सक्ने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित भएको मितिले २ (दुई) वर्षको अवधि तोकेर सूचना प्रकाशित गरेको हो ।

सामान्यतया जग्गा दर्ता प्रक्रिया भन्नाले यसअघि नापी नक्सा हुँदाका बखत विविध कारणले सम्बन्धित जग्गावालाले जग्गा दर्ता गराई जग्गाधनी दर्ता प्रमाणपुर्जा प्राप्त गरी नसकेका जग्गाको जग्गाधनी दर्ता प्रमाणपुर्जा पाउने प्रक्रिया हो भन्ने बुझिन्छ ।

मालपोत ऐन, २०१९ तथा मालपोत नियमावली, २०३६ मा प्रष्ट व्यवस्था नभए पनि नेपाल सरकारले नियम ४ (क) को उपनियम (१) मा व्यवस्था भएबमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जग्गा दर्ता गर्न निवेदन आह्वान गर्दा जग्गावालाको हैसियतको आधारमा ३ किसिमको वर्गीकरण गरेर जग्गा दर्ताको सूचना प्रकाशित गर्ने गरेको पाइन्छ । क) नापी नक्सा भई जग्गा दर्तासम्म गर्न छुट भएका रैकर जग्गा अर्थात् जग्गाधनीहरू निवेदन गर्न सकिने दर्ता बाँकी जग्गा, ख) सम्बन्धित जग्गावालाले आफू बसोबास गर्न घर बनाई आएको स्वबासी घरजग्गा, घरपाताल दर्ता बाँकी भएमा स्वबासी दर्ता गर्न सकिने, र ग) सम्बन्धित जग्गावालाले बिर्ता उन्मूलन ऐन, २०४९ बमोजिम आफ्नो बिर्ता रैकर परिणत नगरेको ( ख) श्रेणीको बिर्ता जग्गा सम्बन्धित जग्गा जोत्ने मोही किसानले रैकर परिणत गरी जग्गा दर्ता गर्न पाउने गरी अलग अलग सूचना प्रकाशित गर्न गरेको पाइन्छ ।

गत माघ ११ गते प्रकाशित सूचनाअनुसार माथि उल्लिखित पहिलो वर्गीकरणमा पर्ने नापी नक्सा भई जग्गा दर्तासम्म गर्न छुट रहेका सम्बन्धित जग्गावालाहरूले आफूसँग भएको साविक लगत दर्तासहित निवेदन दिन आह्वान गरेको हो ।

मालपोत नियमावली, २०३६ को नियम ४ ले नापी नक्सा नै छुट भएका जग्गा दर्ता गर्न निवेदन दिन सकिने कानुनी व्यवस्था पनि गरेको पाइन्छ भने नियम ४ (क) ले भने दर्ता गर्नसम्म छुट हुन गएको जग्गा दर्ता गर्ने सम्बन्धमा कानुनी व्यवस्था गरेको पाइन्छ ।

जग्गा नाप जाँच ऐन, मालपोत ऐन तथा नियमावलीहरूले जग्गा नाप जाँच तथा जग्गा दर्ता जुनसुकै बखत खुला रहने कानुनी व्यवस्था गरेको पाइँदैन ।

मालपोत नियमावली, २०३६ को नियम ४(क) उपनियम (१) मा "जग्गा नाप जाँच ऐन, २०१९ बमोजिम नाप नक्सा भएको जग्गा दर्ता गर्नसम्म छुट भएमा त्यस्तो जग्गा दर्ता गर्न चाहने सम्बन्धित जग्गावालाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको म्यादभित्र देहायका कागजातसमेत संलग्न गरी सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिनुपर्ने" कानुनी व्यवस्था गरेको पाइन्छ ।

यसरी छुट जग्गा दर्ता गरी पाउन निवेदन दिँदा निवेदनसाथ सम्बन्धित जग्गावाला वा निजका हकवालाले भए नाता प्रमाणित प्रमाणपत्रलगायत निम्नबमोजिमका प्रमाण कागजहरू पेश गर्नुपर्ने कानुनी व्यवस्था गरेको पाइन्छ ।

क) जग्गाको साविक दर्ताको प्रमाण,
ख) जग्गाको तिरो तिरेको निस्सा वा प्रमाण,
ग) उपलब्ध भएसम्म भूमि सुधारसम्बन्धी ७ नं. फाराम,
घ) आवश्यक अन्य प्रमाण

## जग्गाको साविक दर्ताको लगत महत्वपूर्ण प्रमाण

जग्गाको साविक दर्ताको प्रमाण भन्नाले जग्गा नापी हुनुपूर्व आफ्नो जग्गा आफूले भोगचलन गर्दै आएको हो भनी तत्कालीन सरकारलाई सरकारले तोकेको माल अड्डामा आफ्नो जग्गा दर्ता गराएको निस्सा, मोहीको लगत, जग्गावालाको लगत आदि कागज वा जग्गाको तिरो तिरेको रसिद भन्ने बुझिन्छ ।

तिरो तिरेको रसिदलाई साविक लगत वा साविक रसिद पनि भनिन्छ । जुन सामान्यतया जग्गा नापी हुनुपूर्व सम्बन्धित मौजाका जिम्मुवाल, मौजा पतिलाई तत्कालीन सरकारले तोकेको कुट बाली बुझाइ तत्कालिन सरकारले तोकेको छापसमेत लगाई दिएको रसिद हो । जुन रसिदमा जग्गावालाको नाम, थर, ठेगाना, तिरो तिर्नेको नाम, थर, वतन सम्बन्धित जग्गाको मौजा, सि.नं. वा लगत नं., नक्सा नं. र जग्गाको क्षेत्रफल तथा जग्गाको लाग्ने कुटबालीसमेत लेखी असुल भएको भए सम्बन्धित जिम्मुवाल वा मौजा पतिले आफ्नो हस्ताक्षर तथा लाहा छाप समेत लगाई सम्बन्धित जग्गावालालाई दिएको हुन्छ ।

त्यस्ता रसिद वा लगत सामान्यतया दुई किसिमको हुन्छ । एक रैकरतर्फको रसिद र अर्को बिर्तातर्फको रसिद ।

यसरी नापी नक्सा हुनुपूर्व जग्गाको कित्ता नम्बर हुने कुरा भएन । त्यसैले त्यस बखत कुनै जग्गाको कारोबार अर्थात् लिनुदिनु गर्नुपरेको अवस्थामा तत्कालीन सरकारले तोकेको माल अड्डामा गई आफूसँग भएको उल्लिखितबमोजिमको साविक रसिद अर्थात् साविक रसिदको आधारमा जग्गा हक हस्तान्तरण हुने गर्दथ्यो ।

त्यसरी त्यसबखत कोही जग्गावालाले आफ्नो जग्गा साविक लगतको आधारमा अरू कसैलाई आफ्नो हक हस्तान्तरण गरी दिएको रहेछ भने त्यस्तो राजीनामा, छोडपत्र वा जुनसुकै व्यहोराले हक हस्तान्तरण गरी पाउने जग्गावालाले पनि साविक लगतसमेत उल्लेख गरी आफूले उक्त जग्गा कुन मितिमा कति रजिष्ट्रेशन नम्बरबाट लिई पाएको हो ? उल्लेख गरी अहिले छुट जग्गा दर्ता गरी पाउन निवेदन दिन सकिने भयो ।

त्यसैगरी उपलब्ध भएसम्म भूमि सुधारसम्बन्धी ७ नं. फाराम भन्नाले नापीका बखत सम्बन्धित जग्गावालाले आफ्नो के कति जग्गा छ ? सोको विवरण भरी सम्बन्धित भूमि सुधार कार्यालयमा पेश गरेको विवरण भएसम्म छुट जग्गा दर्ता गर्न निवेदन पेश गर्दा साथै पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेको पाइन्छ ।

आवश्यक अन्य प्रमाण भन्नाले नागरिकताको प्रमाणपत्र, नाताप्रमाणित प्रमाणपत्र, मृत्युदर्ता लगायत जग्गा र जग्गावालासँग सम्बन्धित अन्य कागज प्रमाणहरू पनि निवेदनसाथ पेश गर्नुपर्ने देखिन्छ ।

जग्गा दर्ताको निवेदन परेपछिमालपोत कार्यालयले सो जग्गाको सम्बन्धमा कसैको दावी भए ३५ (पैतीस) दिन भित्र उजुर गर्न आउनु भनी सो जग्गा रहेको ठाउँमा वा सबैले देख्ने गरी सार्वजनिक ठाउँमा सूचना टाँस गर्नुपर्ने तथा काठमाडौँ उपत्यकाको हकमा गोरखापत्रमा र काठमाडौँ उपत्यका बाहिरका जिल्लाहरूको हकमा सम्भव भएसम्म स्थानीय पत्रपत्रिकामा सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने व्यवस्था छ ।

यसरी सूचना प्रकाशित भएको मितिले उजुरी गर्ने म्याद नाघेपछि मालपोत कार्यालयले आवश्यक भएमा सम्बन्धित गाउँपालिका वा नगरपालिकासमेत बुझी सो जग्गाको वास्तविक स्थिति देखिने गरी प्रतिवेदन तयार गर्न वा सो जग्गाको सँधियारहरू राखी सरजमिन गराउन सक्ने कानुनी व्यवस्था छ ।

छुट जग्गा दर्ता गर्न लागेको जग्गामा अरू नै मोही किसान रहेको भए किसानलाई समेत बुझी आवश्यक कागज गराउन सकिन्छ ।

दर्ता सम्बन्धमा कारबाही गर्दा मालपोत कार्यालय क्षेत्रीय किताब ( फिल्डबुक) मा बन बुटेन, जङ्गल, झाडी वा वनसँग सम्बन्धित अन्य त्यस्तै व्यहोरा जनिएको जग्गाको हकमा सम्बन्धित वन कार्यालयको र नदी उकास भएको जग्गाको सम्बन्धमा सम्बन्धित भू-संरक्षण कार्यालयको सहमति लिनुपर्ने कानुनी व्यवस्था गरेको पाइन्छ ।

यसरी माथि उल्लिखित विभिन्न प्रक्रिया पूरा गरिसकेपछि मालपोत कार्यालयले प्राप्त निवेदनसहितको कागजात नियम ४ (ख) बमोजिम मालपोत कार्यालयका प्रमुख मालपोत अधिकृतको अध्यक्षतामा, नापी शाखा कार्यालयका प्रमुख र मालपोत कार्यालयका वरिष्ठ कर्मचारीसहित सदस्य रहने गरी गठित जग्गा दर्ता समितिमा पेश गरिन्छ । उक्त समितिले सो जग्गा दर्ता गर्न सिफारिस गरेमा मालपोत कार्यालयले उक्त जग्गाको तिरो तिर्न लगाई सम्बन्धित व्यक्तिको नाममा जग्गा दर्ता गरी जग्गाधनी दर्ता प्रमाणपुर्जा उपलब्ध गर्ने कानुनी व्यवस्था रहेको पाइन्छ ।



## किन जटिल मान्छन् जग्गा दर्ता ?

छुट जग्गा दर्ता जो कोहीले जस्तोसुकै जग्गा दर्ता गर्न पाउने होइन । २०२२ सालअघि आफ्नो हकभोगमा रहेको वा जोताहाको निस्सामा भएका जग्गाधनीहरूले मात्रै जग्गा दर्ता छुट भएको औचित्य पुष्टि गरी निवेदन दिए उपर आवश्यक कारबाही गरी निवेदन परेपछि लामो प्रक्रिया पार गरेर जग्गाको बारेमा जाँचबुझ गर्ने तथा साँच्चै नै त्यो जग्गा निवेदकको भोगचलनमा रहेको तर केही कारणले दर्ता गर्न छुट भएको पुष्टि भएपछि मात्रै जग्गा दर्ता हुने हो ।

२०२२ सालअघि जग्गाको लगत त्यतिबेला गाउँबस्तीका मुखिया/जिम्मुबालको साथमा हुन्थ्यो । जनताले उनीहरूलाई नै तिरो बुझाउँथे र त्यो बापत भरपाई पाउँथे । मुखिया/जिम्मुवालको साथमा रहेको त्यतिबेलाको लगत अहिले मालपोत कार्यालयमा छ । जग्गा दर्ताको निवेदन पेश गरेपछि मालपोत कार्यालयमा त्यहाँको लगत भिडाउने काम हुन्छ । त्यसपछि भोगचलन भइरहेको, तिरो तिरेको र अरू सम्बद्ध प्रमाणहरूसमेत हेरेर मात्रै छुट जग्गा दर्ताको निर्णय हुन्छ । निवेदन दिएकै भरमा जुनसुकै जग्गा दर्ता हुने होइन ।

## बिचौलियाहरूको बिगबिगी

केही सर्वसाधारणमा यसरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरेर छुट जग्गा दर्ताको निवेदन आह्वान गरेको अवधिमा सहजै जग्गा दर्ता गर्न सकिने तर अरू बेला जग्गा दर्ता गर्न परेमा मोटो रकम घुस खुवाई जग्गा दर्ता गर्न सकिने भ्रम रहेको पाइन्छ ।

जग्गा दर्ता प्रक्रिया लामो र झन्झटिलो मात्र नभई जग्गा दर्ता प्रक्रियालाई मालपोत कार्यालयका कर्मचारी तथा मालपोतमा काम गर्ने जग्गाका कारोबारी, बिचौलियाहरूका कारण झन बढी झन्झट हुने गरेको अनुभव अधिकांश सेवाग्राहीको रहेको छ ।

जग्गा दर्ताको सम्पूर्ण काम आफूहरूले गरिदिने, त्यसका लागि जुन जग्गा दर्ता गरिने हो, त्यही जग्गाको निश्चित प्रतिशत/आधासम्म जग्गा नै बिचौलियाले लिने गरी सम्झौता वा बैना कागज नै गरी जग्गा दर्ता गर्ने गरेको पाइन्छ ।

त्यसैले बिचौलिया र जग्गा दलालहरूबाट सावधानी अपनाई छुट जग्गा दर्ता प्रक्रियाका सम्बन्धमा आवश्यक आधारभूत जानकारी हासिल गरेर सुझबुझका साथ सकेसम्म आफैले जग्गा दर्ता गर्न खोज्नु नै श्रेयकर हुने देखिन्छ ।

स्मरणीय छ, यस अवधिमा यसअघि छुट जग्गा दर्ताका लागि निवेदन दर्ता गरी कारबाहीमा रहेको दर्ता गर्न बाँकी जग्गा तथा विभिन्न तहका अदालतबाट मुद्दाका कुनै पक्षका नाममा जग्गा दर्ता गर्न दिएको फैसला वा आदेशबमोजिमका छुट जग्गा पनि दर्ता गर्न सकिन्छ ।

२०८० फागुन २०

# साम्राज्यवादी आक्रमण र जातिवादी विध्वंशको विरोध गरौँ !

एउटा उखान छ, 'सर्प मर्छ तर उसको पुच्छर हल्लिरहन्छ ।'

रुसमा पुटिन वा वर्तमान सरकारविरोधी नेता भनिने एलेक्सी नाभाल्नीको जेलमा हत्या गरेको प्रचार पश्चिमी प्रचार माध्यममा चर्चा भइरहेको छ ।

नयाँ पत्रिका, १८ फागुन २०८० मा 'के रूसमा विपक्षी समाप्त भएकै हो ?' भन्ने लेख बाथ विश्वविद्यालयका रुसी एवं उत्तर सोभियत राजनीतिका उपप्राध्यापक स्टेफन हलले लेखे ।

हुन त कुनै पनि देशमा एक प्रतिपक्षी दलका नेता मर्दैमा वा मार्दैमा न 'प्रजातन्त्र' समाप्त हुन्छ न त प्रजातान्त्रिक आन्दोलन र 'विपक्षी' समाप्त हुन्छ ।

वर्तमान युरोप सोभियत सङ्घ र पूर्वी युरोपका समाजवादी देशहरूमा पुँजीवादको पुन:स्थापनापछि संरा अमेरिकी साम्राज्यवाद मैमत्त हात्तीजस्तै अति अहङ्कारी र घमण्डी भएको कुरा युक्रेनको काँधमा बन्दुक बिसाएर रुसमाथि हान्दा र इजरायलले प्यालेस्टिन (गाजा) मा जातीय नरसंहार गर्न हातहतियार र अन्य सहयोग दिएकैबाट थाहा हुन्छ ।

तर, रुसमा २०० सय वर्ष अगाडि नै जारतन्त्रको विरोधमा र प्रजातन्त्र एवं भूदास प्रथालाई समाप्त पार्न जारको विरोधमा षड्यन्त्रमूलक ढङ्गले विद्रोह गरेका थिए । तिनीहरूमध्ये ५-७ जनालाई फाँसी दिइएको थियो र धेरै अरूलाई हिँडेर जाँदा सय दिनमा पनि नपुग्ने र घोडा बग्गीमा १५ दिन लाग्ने साइबेरिया वा कालापानीमा २० वर्ष निर्वासन वा ज्यान सजाय दिइएको थियो । (रुसको डिसेम्बर विद्रोह- जारविरुद्ध षड्यन्त्र)

क्रान्तिको बेला लडाइँमा मानिस मर्ने सङ्ख्या निश्चय पनि बढी नै हुनेगर्छ । तर, क्रान्तिको विजयपछि क्रान्तिका नेता लेनिनलाई देशी र विदेशी प्रतिक्रियावादीहरूले गोली हानेर मारे ।

त्यस्तै स्तालिनलाई ढिलो लाग्ने विष खुवाएकोबारे धेरै पछि थाहा पाए, त्यस हत्या काण्डमा गृहमन्त्री र पार्टीभित्र घुसेका अन्य नेताहरूसमेत तानिएका थिए । त्यो भन्दा पहिले स्तालिनपछिका नेता किरोभलाई उनकै निवासमा उनका अङ्गरक्षकहरूसमेत हातमा लिई हिटलरको जर्मनी वा नाजीवादी (राष्ट्रिय समाजवाद) हरूले हत्या गरेका थिए । किरोभलाई कुनै पनि हालतमा स्तालिनसमक्ष नपुऱ्याउने उद्देश्यले क्रेमलिनका हरेक तल्लामा हत्याराहरू तयार गरिएका थिए । ती हत्याराहरू र बन्दूकहरूसमेत जर्मनीबाट पठाइएको थियो ।

किरोभको 'हत्यारा' को दोष स्तालिनलाई दिनेजस्ता कुटिल राजनीति गरेपछि जर्मन गुप्तचरहरूबाटै त्यस हत्या काण्डहरूमा ट्रोत्स्की, जिनेभियम, कामेनेभ, बुखारिनजस्ता अन्य नेताहरू पनि सरिक भएको तिनीहरूकै अदालतको बयानबाट प्रस्ट भएको थियो ।

तर, त्यस अदालती कारबाहीमा अमेरिकी राष्ट्रपति रुजवेल्टका अमेरिकी राजदूत आफै उपस्थित थिए र अमेरिका पुगेपछि उनले पनि ती अपराधीहरूले स्वेच्छाले बयान दिएको बताएका थिए । (गुप्त दस्तावेजहरू)

स्तालिनको मृत्युको बेला र स्तालिनका बानी व्यहोरा र सरकारभित्र घुसेका शत्रुहरूको बारे स्तालिनका अङ्गरक्षक ए.टी. रेबिनले आफ्नो संस्मरणमा लेखे । (स्तालिनसँग - ए.टी. रेबिन)

ट्रोत्स्की, कामेनेभ, जिनोभियभ, बुखारिनहरूको देशविरोधी, समाजवाद र पार्टीविरोधी गतिविधिबारे 'गुप्त दस्तावेज' र 'बोल्सेभिक कम्युनिस्ट पार्टीको इतिहास' मा प्रस्ट लेखिएको छ । तिनीहरूका 'राहदानी' समेत जर्मन गुप्तचर विभागसँग थियो ।

यसरी दोस्रो विश्वयुद्ध हुनुभन्दा पहिले र पछि रुस र युरोप अनेक हत्याकाण्ड लडाइँहरूको रक्तरञ्जित इतिहास छ । त्यसो त संरा अमेरिका पनि राष्ट्रपतिको हत्या र अनेक षड्यन्त्रका कथाहरू भएको देश हो ।

युक्रेनलाई संरा अमेरिका र नाटोले रुसमाथि आक्रमण गर्न दिएको सिलसिलामा युरोपमा मालसामानको भाउमा वृद्धि तथा किसानहरू युरोपका किसानहरू आन्दोलनमा छन् । 'युरोपमाथि किसान आन्दोलनको अन्तर्य' नयाँ पत्रिका, १८ फागुन २०८० । तसर्थ, युद्धको विरोध गरौँ ।

# प्रतिक्रियावादी र प्रगतिशील साहित्य

साहित्य दुई किसिमका हुन्छन्- प्रतिक्रियावादी र प्रगतिशील । शोषणको व्यवस्था र शोषकहरूको पक्षमा लेखिएको साहित्यलाई प्रतिक्रियावादी साहित्य भनिन्छ । त्यस साहित्यले अन्याय, अत्याचार, शोषण, आक्रमण र लुटपाटको समर्थन गर्दछ । विदेशी आक्रमण र साम्राज्यवादी युद्धको समर्थन गर्दछ । सामन्तवाद, साम्राज्यवाद, नयाँ र पुरानो उपनिवेशवादको समर्थन गर्दछ । बलियो र ठूलो देशले निर्बलियो र सानो देशमाथि गरेको थिचोमिचो, हस्तक्षेप र दबाबको समर्थन गर्दछ । राजा-महाराजा, पुँजीपति, जमिनदार, मन्त्री र काजीहरूको प्रशंसा गर्दछ । आक्रमणकारी र थिचोमिचो गर्नेहरूको बैगुन र बेइमानीलाई लुकाउँछ । गरिब जनतामाथि अन्याय, अत्याचार र दमन गर्नेहरूलाई 'देशभक्त', 'युग पुरुष', 'उद्धारक' आदि अनेक राम्रा र मीठा कुराहरू जोडेर गुण गाउँछ । कुरूप, फोहोर र गन्हाउने वस्तुलाई झिलिमिली पारेर प्रस्तुत गर्छ । यस्ता साहित्यलाई प्रतिक्रियावादी साहित्य भनिन्छ । यसको ठीक उल्टो जनताको साहित्य हुन्छ । जनताको साहित्य प्रगतिशील हुन्छ । प्रगतिशील साहित्यले जनतालाई मद्दत पुऱ्याउँछ । जनता र क्रान्तिको पक्ष लिन्छ ।

अचेल यथार्थ साहित्यको नाउँमा भाँडभैलो मच्चाईंदै छ । प्रतिक्रियावादीहरू समाजको साँचो कुरो प्रष्ट्याउने भनेर अल्लारे तरुण र तरुणीहरूको गन्थनलाई बयान गर्छन् । प्रेमका फोहोर फोहोर कुरा लेख्छन् । उत्तेजनात्मक दृश्यहरू बयान गरेर पढ्ने जनताको मनलाई बिगारिदिन्छन् । यस्ता साहित्यलाई वासनाप्रधान वा यौनवादी साहित्य भनिन्छ । हामी त्यसलाई फोहोर साहित्य भन्दछौँ । बजारमा अहिले यस्तै अनेक किसिमका जासुसी किताबहरू जङ्गलमा विषालु झारपात उम्रेजस्तै उम्रेका छन् । यस्ता साहित्यमा शोषक र सामन्तले गरिब जनतालाई गरेको दमन, हत्या, अन्याय, अत्याचार र लुटपाटको कुराहरू लेखिँदैनन्, बरु सानो एक घटनालाई अल्झाएर किताबलाई टुङ्ग्याइदिन्छन् । बेकारका हत्या र जीउका रौँहरू ठाड-ठाडा पार्ने कुराहरू लेखेर जनताको समय नष्ट गराउँछन् । यस्तो प्रतिक्रियावादी साहित्यले जनताको मनलाई वर्गसङ्घर्षबाट हटाएर क्षणिक आनन्द र तातो न छारोको कुरातिर लगाइदिन्छन् । यस्ता साहित्य पढ्नु पनि एक अम्मल हो । यो खराब अम्मल हो । प्रतिक्रियावादी साहित्य एक अफिम हो । जसले कामदार जनतालाई वर्गसङ्घर्षका भावनाबाट मनलाई नराम्रा कुरातिर मोडिदिन्छ ।

समाजमा अनेक प्रकारको दुःख-कष्ट र सङ्घर्ष हुन्छ । केही भावुक युवक र युवतीहरू दुःख-कष्टबाट चाँडै आत्तिएर आत्महत्यासमेत गर्छन् । तिनीहरू समाज व्यवस्थाको विषयमा सोच्दैनन् । भविष्यको उज्यालोतिर तिनीहरूको विचार पुग्दैन । तिनीहरू आफ्नो दुःख-कष्टमात्रै बुझ्दछन् । समाजदेखि दिक्क र निराश हुन्छन् । अनि, तिनीहरूको आँखामा संसार र समाजको कुनै अर्थ हुँदैन । तिनीहरू समाज यस्तै हो भनेर सुस्केरा हाल्छन् । भाग्यलाई दोष दिन्छन्; आफ्ना कथा, कविता र गीतहरूमा व्यथा, वेदना र सुस्केराहरू मात्रै पोख्छन् । भविष्य अन्धकार देख्छन् । समाजलाई बदल्ने र सङ्घर्ष गर्ने कुराबाट कोसौँ टाढा भाग्छन् । यस्तो साहित्यलाई निराशावादी या भगुवा साहित्य भनिन्छ । यस्ता विचार धेरैजसो मध्यम वर्गीय लेखक र कविहरूमा पाइन्छ । यस्तो साहित्यले जनताको सङ्घर्ष गर्ने भावनालाई तल झार्दछ । यसले शोषक वर्गलाई फाइदा गर्छ । यसकारण, यो पनि प्रतिक्रियावादी साहित्य हो ।

एक थरी मानिसहरू मोजमज्जा र आकाश पातालका कुराहरू लेख्ने गर्छन् । तिनीहरूमा 'आफै खाऊँ आफै लाऊँ' भन्ने भावनाले काम गरेको हुन्छ । यो भावना स्वार्थी भावना हो । तिनीहरूको निम्ति 'आफू' सबभन्दा ठूलो कुरो हुन्छ । तिनीहरूलाई समाजमा भएका अन्याय, अत्याचार, सङ्घर्ष र सङ्गठनसँग केही मतलब हुँदैन । तिनीहरू आफ्नो दुःख-सुखलाई जनताको दुःख-सुखभन्दा माथि सम्झन्छन् । तिनीहरूको आँखामा जनता मूर्ख छन् र सबभन्दा जान्ने-सुन्ने तिनीहरू आफै हुन् । तिनीहरूले आफ्नो साहित्यमा व्यक्तिलाई सर्वोपरि राख्छन् । यस्ता मपाइँ मार्काको स्वार्थी भावनालाई उचाल्ने साहित्यलाई व्यक्तिवादी साहित्य भनिन्छ ।

समाजमा अनेक प्रकारको दुःख-कष्ट र सङ्घर्ष हुन्छ । केही भावुक युवक र युवतीहरू दुःख-कष्टबाट चाँडै आत्तिएर आत्महत्यासमेत गर्छन् । तिनीहरू समाज व्यवस्थाको विषयमा सोच्दैनन् । भविष्यको उज्यालोतिर तिनीहरूको विचार पुग्दैन । तिनीहरू आफ्नो दुःख-कष्टमात्रै बुझ्दछन् । समाजदेखि दिक्क र निराश हुन्छन् । अनि, तिनीहरूको आँखामा संसार र समाजको कुनै अर्थ हुँदैन । तिनीहरू समाज यस्तै हो भनेर सुस्केरा हाल्छन् । भाग्यलाई दोष दिन्छन्; आफ्ना कथा, कविता र गीतहरूमा व्यथा, वेदना र सुस्केराहरू मात्रै पोख्छन् । भविष्य अन्धकार देख्छन् । समाजलाई बदल्ने र सङ्घर्ष गर्ने कुराबाट कोसौँ टाढा भाग्छन् । यस्तो साहित्यलाई निराशावादी या भगुवा साहित्य भनिन्छ । यस्ता विचार धेरैजसो मध्यम वर्गीय लेखक र कविहरूमा पाइन्छ । यस्तो साहित्यले जनताको सङ्घर्ष गर्ने भावनालाई तल झार्दछ । यसले शोषक वर्गलाई फाइदा गर्छ । यसकारण, यो पनि प्रतिक्रियावादी साहित्य हो ।


यसप्रकार यौनवादी, निराशावादी र व्यक्तिवादी साहित्य प्रतिक्रियावादी साहित्यकै हाँगाबिँगा हुन् । यस्ता साहित्यले समाजको प्रगतिमा तगारो हाल्छन् । जनताको सङ्घर्षको भावनालाई मैलो बनाउँछन् । यसकारण, गरिब र कामदार जनता विवेकशील र बुद्धिजीवी वर्ग यस्तो प्रतिक्रियावादी साहित्यलाई निन्दा गर्छन् ।

किसान, मजदुर र देशका सम्पूर्ण कामदार जनता समाजलाई अगाडि बढाउन चाहन्छन् । देशको मक्किएको पुरानो सामन्ती शोषणलाई खत्तम गर्न चाहन्छन् । अन्याय, अत्याचार र शोषण, आक्रमण, दमन, थिचोमिचो र दबाबलाई मन पराउँदैनन्, देश र जनताको प्रगति चाहन्छन् । यसकारण, कामदार जनताको पक्षमा लेखिएको र आक्रमण, थिचोमिचो र हस्तक्षेपको विरोधमा लेखिएको साहित्यलाई प्रगतिशील साहित्य भनिन्छ । प्रगतिशील साहित्यले जनताको सेवा गर्छ । जनता भन्नाले देशका बहुसङ्ख्यक किसान-मजदुर र कामदार जनता हुन् ।

# साहित्यले जनताको कसरी सेवा गर्छ ?

✍ **हरिबहादुर श्रेष्ठ**

आज देशको कुनाकाप्चामा किसानहरूले बढी तिरोतिरान र कुतको विरोध गर्छन् । जग्गाधनीहरू जोताहा किसानहरूलाई जग्गाबाट निकाल्न खोज्छन् । अनेक छलकपट गर्छन् र मुद्दा लगाउँछन् । त्यसको विरोधमा किसानहरूले 'बाली काट्ने आन्दोलन' चलाउँछन् । आफूले जोतेको खेतमा किसानहरूले बीउ छर्छन्, रोप्छन्, गोडमेल गरेर बाली हुर्काउँछन् । जमिनदारले किसानलाई त्यही जग्गाबाट निकाल्न मुद्दा लगाएको हुन्छ । किसानले आफ्नो किसान सङ्गठनको बलले त्यस खेतबाट बाली काटेर लैजाने सङ्घर्षलाई 'बाली काट्ने आन्दोलन' भनिन्छ । त्यस सङ्घर्षमा किसानलाई जग्गाबाट निकाल्न खोज्ने जग्गाधनी, जमिनदार या शोषकसँग मुक्का-मुक्की हुन्छ, रगतसम्म बग्छ । जमिनदारको पक्षमा किसानलाई दबाउन पुलिस आउँछ । तर, किसानहरू पुलिससँग पनि सङ्घर्ष गरेर आफ्नो पसिनाको कमाइ आफ्नो घरमा लैजान्छन् । सङ्घर्ष बिस्तारै सशस्त्र सङ्घर्षमा विकास हुन्छ । त्यो सशस्त्र सङ्घर्ष राजसत्ता कब्जा गर्ने सङ्घर्षमा विकास हुन्छ । यस सङ्घर्षलाई लिएर लेखक र कलाकारहरूले कलम चलाउँछन् । किसानहरूको पक्षमा तस्बिर लेख्छन् । किसान सङ्घर्षमा भाग लिने निडर र लडाकु किसान कार्यकर्ताहरूको गुणलाई अगाडि सारेर कथा लेख्नु, गीत गाउनु, कविता लेख्नु लेखक र कलाकारहरूको कर्तव्य हो । निःस्वार्थी र क्रान्तिकारी कार्यकर्ताहरू वास्तवमा जनताका वीर पात्रहरू हुन् । तिनीहरूलाई प्रकाशमा ल्याउनु र प्रचार गर्नु नै साहित्यले जनताको सेवा गर्नु हो । यस्तो जनतालाई सेवा गर्ने साहित्यलाई प्रगतिशील साहित्य भनिन्छ । किनभने, यसले समाजको प्रगतिमा टेवा दिन्छ, जनतालाई सङ्घर्ष गर्न हौस्ल्याउँछ ।




प्रगतिशील साहित्यकारहरू 'बाली काट्ने आन्दोलन' र सशस्त्र किसान आन्दोलनलाई समर्थन गरेर निबन्ध, रिपोर्टिङ र कथाहरू लेख्छन् । कविता र गीतहरू गाएर प्रचार गर्छन् । किसान कार्यकर्ताहरूको लडाकू भावनाको प्रशंसा गर्छन् । निःस्वार्थी कार्यकर्ताहरूलाई आफ्नो कथा र काव्यका पात्र बनाउँछन् । कलाकारहरूले सङ्घर्षको तस्बिर लेख्छन् । किसान कार्यकर्ता र नेताहरूको तस्बिर लेखेर प्रचार गर्छन्, नाटक लेख्छन् र खेल्छन् । शोषक, सामन्त, जमिनदार र भ्रष्टाचारीहरूलाई गिज्याउँछन् । व्यङ्ग्य हान्छन् र निन्दा गर्छन् । किसानहरूको सङ्गठन र सङ्घर्षको समर्थन र प्रशंसा गर्छन् । सामूहिक भावना र सामूहिक जीवन राम्रो छ भनेर त्यसको पक्षमा कलम चलाउँछन् ।

आज देशका, चाहे त्यो पूर्व होस् या पश्चिम, पहाड होस् या तराई, सबै ठाउँमा किसान सङ्घर्ष हुँदै छ । नारायणी अञ्चलमा शोषक सामन्त र खराब पञ्च र धनीहरूको विरोधमा किसानहरू लड्दै छन् । लुम्बिनी अञ्चलमा किसानहरूले जाली फटाहाविरोधी सङ्घर्ष गर्दै छन् । महाकाली र कर्णाली अञ्चलमा सुकुमबासी जनता र सरकारी प्रशासनबिच मारपिट, मुक्कामुक्की हुँदै छ । जिल्ला पञ्चायत, अञ्चलाधीश अफिस, वन विभाग र पुलिसहरू मिलेर सुकुमबासी जनताको झोपडी र खेतबारीमा आगो लगाउँदै छन्, हात्ती हुलेर घर बरबाद गरिँदै छन् । सुकुमबासी गरिब किसानहरू बाध्य भएर आफ्नो जीउधनको सुरक्षाको निम्ति प्रशासन र पुलिसविरुद्ध लड्छन् । मन्त्रीलाई घेर्छन् । अञ्चलाधीश अफिसमा घेरा हाल्छन् । सङ्गठन गर्छन् ।

कोशी र मेचीको अवस्था पनि त्यस्तै छ । जङ्गल फाँडेर बसेका सुकुमबासीहरूको जग्गालाई झोरा भनिन्छ । तर, गरिब सुकुमबासी जनताले फाँडेको त्यस जग्गा ठूला-बडा, साहू-महाजन, काजी र मन्त्रीहरूको नाउँमा दर्ता हुन्छ । आफ्नो रगत पसिना बगाएर आवाद गरेको जग्गा धनी मानिस, शोषकहरूको नाउँमा दर्ता हुन्छ । सुकुमबासी जनता जरुरै रिसाउँछन् । घरबार खोस्दा जनता जरुरै सङ्घर्ष गर्छन् । आत्मरक्षाको निम्ति पुलिस र प्रशासनमाथि जवाबी हमला गर्छन् । शोषकहरूमाथि प्रहार गर्छन् । बदला लिन्छन् । कोशी अञ्चलका झोरा काण्डदेखि लिएर झापाको सशस्त्र किसान विद्रोहको कारण किसान जनतामाथि शोषक वर्गको अन्याय अत्याचार हो । तर, सरकार जाली फटाहा, शोषक र भ्रष्ट कर्मचारीहरूको इसारामा जनतालाई दमन गर्न पुलिस र सेना पठाउँछ । लाठी र गोली चलाउँछ । अनेक निहुँ पारेर राजनैतिक बन्दीहरू र किसान कार्यकर्ताहरूको गैर-कानूनी किसिमले गुप्त हत्या गर्छ । सरकार आफ्नो वर्ग स्वार्थको निम्ति आफूले बनाएको कानूनलाई पनि च्याखामा हाल्छ ।

जनकपुर अञ्चलमा भोकमरी हुन्छ । सबै जग्गाधनी र सामन्तहरूले अन्न लुकाउँछन् । बढी मोल लिएर बेच्छन् । जनता र किसानहरूको थाल र गहनासमेत सस्तोमा हात पार्छन् । विदेशले दिएको सहायता पनि सरकारले राम्रो वितरण गर्दैन । आधाभन्दा बढी ठूलाबडा भनाउँदाकै पेटमा पुग्छ । गाउँ र जिल्लातिर ल्याएको अन्न आधा पञ्च र प्रशासकहरूकै पेटमा जान्छ । अति भएपछि सहन नसकेर जनता एक हुन्छन् । भोकै मर्नुभन्दा लडेर मर्न तम्सन्छन् । सी.डी.ओ. अफिस घेर्छन्, पञ्च र प्रशासनमाथि दबाब दिन्छन् । भोकानाङ्गा जनता मिलेर राजधानीमा अन्न माग्न पुग्छन् । बाह्रबिसेमै पुलिसद्वारा तिनीहरू रोकिन्छन् । भोकानाङ्गा जनताको पक्षमा पर्चा छरिन्छ । पुलिससँग सङ्घर्ष हुन्छ । राप्ती, गण्डकी र धवलागिरी अञ्चलमा पनि त्यस्तै भोकमरी र सङ्घर्ष हुन्छ । खेत खेतमा जग्गाधनी र जोताहा किसानबिच सङ्घर्ष हुन्छ ।

वाग्मती अञ्चलका किसान र प्रगतिशील जनताले देशभर भइरहेको किसान र जनताको सङ्घर्षलाई समर्थन गर्छन् । आफू पनि आफ्नो अञ्चलमा 'बाली काट्ने आन्दोलन' र भ्रष्टाचारविरोधी आन्दोलन गर्छन् । संयुक्त राज्य अमेरिकी साम्राज्यवादी आक्रमणको विरोधमा लडिरहेका भियतनाम, लावस र कम्पुचियाली जनताको समर्थन गर्छन् । विदेशी आक्रमण र दमनको विरोधमा मुक्ति र स्वतन्त्रताको निम्ति लडिरहेका विभिन्न देशका जनताको समर्थनमा सङ्घर्ष गर्छन् । अमेरिकी साम्राज्यवाद र आक्रमणको विरोध गर्छन् । रुसी सामाजिक-साम्राज्यवादको विरोध गर्छन् । देशको कुना काप्चामा विद्यार्थी र बुद्धिजीवी वर्गमा पनि यो भावना बढ्दै गएको छ । आजको देशको तस्बिर यही हो । यथार्थ यही हो । यस्तै कुराहरूबारे लेख लेख्नु, कथा लेख्नु साहित्यकारहरूको कर्तव्य हो । सङ्घर्षशील किसान र जनताको विषयमा कविता लेख्नु र गीत लेख्नु कवि र गायकहरूको काम हो । तिनीहरूकै सङ्गठन र मिहिनेतलाई समर्थन गरेर तस्बिर लेख्नु र नाच नाच्नु कलाकारहरूको काम हो । शोषक, अन्यायी, अत्याचारीहरूको विरोधमा लेख, व्यङ्ग्य र कविताहरू लेखेर जनताको मनोबललाई उठाउन लेखक, कवि र कलाकारहरूले मद्दत गर्नु राम्रो कुरा हो । यस्तै काम र गतिविधिलाई नै साहित्य र कलाले जनताको सेवा गर्नु भनिन्छ । यस्तै साहित्यलाई जनताको साहित्य भनिन्छ । जनताको पक्षमा लेखिएको साहित्यमात्र प्रगतिशील साहित्य हुन्छ । यसरी साहित्य र कलाले जनताको सेवा गर्छ ।

# कर्मचारीहरू कानुनका ज्ञाता हुन जरुरी




भक्तपुर । “कर्मचारीले नागरिक र कर्मचारी दुवैको कर्तव्य निर्वाह गर्नुपर्ने हुन्छ ।”

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले ख्वप मा.वि., ख्वप कलेज र ख्वप कलेज अफ लमा कार्यरत कर्मचारीहरूको आयोजनामा मङ्गलबार भएको कर्मचारी भेला तथा प्रशिक्षण कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

उहाँले भन्नुभयो, “कर्मचारीको पक्षबाट आफूलाई प्राप्त जिम्मेवारी निर्वाह गर्नुपर्ने हुन्छ भने नागरिकको तहबाट देशको विषय शत्रुलाई नबताउने र सार्वजनिक सम्पत्तिको रक्षा गर्ने कर्तव्य हुन्छ ।”

कर्मचारीले आफ्नो जिम्मेवारीसँग सम्बन्धित कानुनबारे जानकारी राख्नुपर्ने आवश्यकता औँल्याउँदै सांसद सुवालले भन्नुभयो, “कर्मचारी मद्यपान, धूमपानलगायत मादक पदार्थबाट टाढा बस्नु जरुरी छ ।”

“कर्मचारी भ्रष्टाचार, ढिलासुस्ती र अनियमिततामा लागे सम्बन्धित संस्थाको प्रतिष्ठामा चोट पुग्छ । कर्मचारीहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा पनि जानकारी राख्नु जरुरी छ”, उहाँले भन्नुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले कर्मचारीहरूले अध्ययनमा जोड दिई देश र जनताको सेवामा लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

मार्क्सवाद, लेनिनवाद र माओ विचारधारा नेमकिपाको मार्गनिर्देशक सिद्धान्त रहेको स्पष्ट पार्दै उहाँले देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने नीतिअनुसार नै नेमकिपाका कार्यकर्ताहरू लागिपरिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “नेमकिपाको जहाँ जहाँ सङ्गठन छ, त्यहाँ त्यहाँ पार्टीका कार्यकर्ताहरूले इमानदारीपूर्वक जनताको सेवा गरिरहेका छन् । कुनै बेला फोहर नगरको रूपमा घृणित भक्तपुर आज देशकै नमुना र सफा नगरको रूपमा परिचित छ । यस्तो स्थिति आउनुमा नेमकिपाको योगदान महत्त्वपूर्ण छ ।”

नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष गौतमप्रसाद लासिवाले हुलबाट निर्देशित हुने नभई सही विचार र दृष्टिकोणबाट निर्देशित हुनु आवश्यक भएको उल्लेख गर्नुभयो ।

कर्मचारीहरू असल, इमानदार कर्तव्यनिष्ठ हुनुका साथै देशभक्त हुनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, “पुँजीवादी व्यवस्थामा सार्वजनिक संस्थानहरूलाई तहसनहस गर्ने दुष्प्रयास पुँजीपतिवर्गबाट हुने गर्छ; यसतर्फ कर्मचारीहरू सजग हुनुपर्छ ।”

नेपाल कर्मचारी समाज ट्रेड युनियनवादी सङ्गठन नभएको स्पष्ट पार्दै अध्यक्ष लासिवाले कर्मचारीको व्यक्तित्व विकास र पेसागत हकहितमा ध्यान दिनुका साथै कर्मचारीलाई देशभक्त बनाउन कर्मचारी समाज अग्रसर रहेको बताउनुभयो ।

“कमीकमजोरीप्रति आलोचना र आत्मालोचना गर्ने बानी विकास गर्नु आवश्यक छ”, उहाँले भन्नुभयो ।

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले संस्थाले लिएको जिम्मेवारी पूरा गर्न त्यहाँ कार्यरत सबैको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो ।

“ख्वप सर्कलका शैक्षिक संस्थाहरू कामदार जनताका छोराछोरीहरूलाई गुणस्तरीय उच्च शिक्षा दिने उद्देश्यका साथ स्थापना भएको हुँदा त्यस लक्ष्यलाई सफलतामा पुऱ्याउन कार्यरत शिक्षक तथा कर्मचारीहरूले इमानदारीपूर्वक काम गर्नु आवश्यक छ”, उहाँले भन्नुभयो ।

ख्वप सर्कलका शैक्षिक संस्थानहरू खुला किताबजस्तै पारदर्शी रहेको हुँदा ख्वपमा कार्यरत सबैले आफ्नो संस्थाप्रति गर्व गर्न लायक हुने गरी काम गर्नुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो ।

कार्यक्रममा ख्वप मा.वि.का प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य, नेपाल कर्मचारी समाजका केन्द्रीय सदस्य दिलकृष्ण माक, ख्वप कलेजका लेखा अधिकृत कृष्णराम पही, ख्वप कलेजका जिन्सी अधिकृत तुल्सीराम सुवाल, पुस्तकालय सहायक कृष्णश्वरी सुवाल र परीक्षा सहायक कृष्णप्रसाद तुइतुईले पनि बोल्नुभएको थियो ।

# उद्योगी–व्यापारीहरूमा पेसागत इमानदारी हुनुपर्ने

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले उद्योगी व्यापारीहरूको भेलामा आ-आफ्नो पेसामा सबै इमानदार हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सांसद सुवालले परनिर्भर अर्थतन्त्रमा देश र जनताले दुःख पाउने उल्लेख गर्दै आत्मनिर्भर अर्थतन्त्रको लागि उद्योगी-व्यापारीहरू लाग्नुपर्नेमा जोड दिनुभयो ।

सांसद सुवालले भन्नुभयो, “सामान लुकाउने, कालो बजार गर्ने, कृत्रिम मूल्य बढाउने, मिसावट गर्नेलगायत गलत कामलाई निरुत्साहित गर्नु जरुरी छ । कसैले गलत गर्दैमा आफू पनि गलत काममा लाग्नु हुँदैन । देश र जनताको इमानदारीपूर्वक सेवामा लाग्नु जरुरी छ ।”

“कतिपय नेपालीहरूको छोराछोरी विदेशमा पठाइएको छ, उमेर घट्दै गएपछि एक गिलास पानी खुवाउने नहुने अवस्था छ, आदर निकेतन खोल्नेतर्फ ध्यान जानु जरूरी छ, समयमा औषधि खान नपाएर पक्षघात हुने सम्भावना छ, पैसा र सम्पत्ति भएर मात्र हुँदैन, मति पनि राम्रो हुनु जरुरी छ”, सांसद सुवालले भन्नुभयो ।

“दोस्रो विश्व युद्धमा सोभियत सङ्घले हिटलरको नाजीवादी जर्मनीलाई पराजित गरेपछि संसारमा धेरै देशहरू स्वतन्त्र भएका हुन् । युरोपका कैयौँ देशहरू स्वतन्त्र भए । भारत पनि स्वतन्त्र भयो । अहिले अमेरिकी साम्राज्यवादले युक्रेनमा रुसविरुद्ध आक्रमण गर्दै छ भने इजरायललाई हातहतियार दिएर प्यालेस्टिनी भूमि कब्जा र जातीय नरसंहार गर्दै छ । एमसीसी सम्झौतासँगै नेपालमा पनि युक्रेन र प्यालेस्टिनको अवस्था आउने खतरा छ । उद्योगी-व्यापारीहरू पनि सचेत भएर बस्नु जरुरी छ”, सांसद सुवालले भन्नुभयो ।

भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले पनि बोल्नुभएको सो भेलामा उद्योगी व्यापारीहरूले कृषि अनुदान र पर्यटन उद्योगमा अनुदान मन्त्रीका आफन्तहरूले मात्र पाएको, पैसा भएर पनि संस्कार नभएकाहरूको कारण अप्ठेरोमा पर्ने, प्राङ्गारिक खेती उत्पादनलाई जोड दिनुपर्ने, भक्तपुरमा रात्रिकालीन पर्यटकीय गतिविधि सुरु गराउनुपर्ने र नयाँ पुस्तालाई व्यावहारिक शिक्षा दिनुपर्ने विषयहरू उठेका थिए ।

# सत्तासीन पार्टीको अकर्मण्यताले देशलाई अगाडि बढाउन नसक्ने

काठमाडौँ । नेपाल मजदुर किसान पार्टी काठमाडौँ महानगर समितिको आयोजनामा शुक्रबार ‘श्रमिक’ साप्ताहिकको अध्ययन गोष्ठी क्षेत्रपाटीमा भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले ‘श्रमिक’ साप्ताहिक र ‘मजदुर’ दैनिक पत्रिकाको अध्ययनले बौद्धिक स्तर वृद्धि हुने र समाजवादी सिद्धान्तको ज्ञान हुने बताउनुभयो । कुनै पनि व्यक्ति हरेक विषयमा ज्ञाता हुनुपर्ने उल्लेख गर्दै उहाँले नेपालमा सत्तासीन पार्टीहरूले आफ्ना कार्यकर्तालाई कुनै ज्ञान नदिएकाले ती पार्टीहरू भिडको पार्टीमा परिणत भएकोले जनताको सेवा गर्न नसक्ने बताउनुभयो ।



नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले सत्तासीन पार्टीको अकर्मण्यताले देशलाई अगाडि बढाउन नसकेको बताउनुभयो ।

काठमाडौँ महानगर समितिका सचिव सानुकाजी महर्जनले जनतालाई सचेत पार्न राजनैतिकरूपले अगाडि बढ्नुपर्ने बताउनुभयो ।

नेमकिपा काठमाडौँ महानगर सम्मेलन तयारी समितिका संयोजक हरिशरण श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा राजु कपाली, नरमान महर्जन, मन्दिरा डंगोल, दामोदर कारञ्जित, बन्दना श्रेष्ठलगायतले काठमाडौँ महानगरमा चैत १० गते हुने नेपालभाषा साहित्य सम्मेलनबारेको तयारी र ‘श्रमिक’ साप्ताहिक तथा ‘मजदुर’ दैनिकबारे आ-आफ्नो विचार राख्नुभएको थियो ।

त्यसैगरी नेपाल मजदुर किसान पार्टी चन्द्रागिरी नगर समितिको आयोजनामा ‘श्रमिक’ साप्ताहिक र ‘मजदुर’ दैनिकको अध्ययन गोष्ठी आइतबार सम्पन्न भयो ।

गोष्ठीमा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले पार्टी प्रकाशनहरू पार्टी र जनवर्गीय सङ्गठनका कार्यकर्ताहरूबिच अध्ययन गोष्ठी र अन्तरक्रियालाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

पार्टी प्रकाशनलगायत ‘श्रमिक’ साप्ताहिक र ‘मजदुर’ दैनिक समाजवादी विचारको झन्डा भएकोले धेरैभन्दा धेरै पाठकहरूबिच पुऱ्याउन जरुरी छ भन्दै उहाँले राजनीतिकरूपले सचेत भएमा देशका शासकहरूको गतिविधि रोक्न मद्दत पुग्ने धारणा व्यक्त गर्नुभयो ।

नेमकिपा चन्द्रागिरी नगर समितिका पुरुषोत्तम महर्जनले नेपाली युवाहरू स्वदेशै रोजगारीको व्यवस्था नभएपछि विदेशमा रोजगारको नाममा पलायन हुनु देशको हितमा नभएको बताउनुभयो ।

गुणदास महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा जितबहादुर महर्जन, हरिशरण श्रेष्ठ, रोशन श्रेष्ठ, पुनम महर्जन र किरण महर्जनले पनि बोल्नुभएको थियो ।

# समाजलाई स्वच्छ र अपराधमुक्त बनाउन कर्मचारीहरू सजग हुनुपर्ने

ललितपुर । “सचेत र सङ्गठित शक्तिले समाज परिवर्तनको लागि महत्त्वपूर्ण योगदान गर्नसक्ने भएकोले हरेक व्यक्ति राजनैतिकरूपले सचेत हुन आवश्यक छ ।”

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य राजवीर डंगोलले ललितपुरमा सम्पन्न कर्मचारी भेला तथा प्रशिक्षण कार्यक्रममा राख्नुभएको हो । उहाँले सचेत, इमानदार र सङ्गठित शक्तिको अगाडि भ्रष्ट, बेइमान र अपराधीहरू डराउँछन्, समाजलाई स्वच्छ र अपराधमुक्त बनाउन कर्मचारीहरू पनि सचेत भई जनताको सेवा गर्नुपर्ने बताउनुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एन.बी. श्रेष्ठले सचेत कार्यकर्ताहरूले सङ्कटको समयमा पनि आफ्नो कर्तव्य नबिर्सिकन दुःख गर्न पछाडि हट्दैनन्, त्यस्तो योगदानलाई इतिहासले कहिल्यै बिर्सने छैन भन्नुभयो ।

नेपाल कर्मचारी समाजका अध्यक्ष गौतमप्रसाद लासिवाले कर्मचारीले कार्यालय समयमा मात्र काम गर्ने सोच्नुभन्दा आवश्यकताअनुसार दमकल र एम्बुलेन्सका कर्मचारीले जस्तै जनताको सेवामा सधैँ सक्रिय हुनुपर्ने बताउनुभयो ।

नेमकिपा ललितपुर जिल्ला सदस्य महन्त महर्जनले प्रशिक्षणाले कर्मचारीहरूलाई सभ्य, व्यावहारिक बनाउने र पथभ्रष्ट हुनबाट जोगाउने बताउनुभयो ।

दिव्या बज्राचार्यले राजनैतिक सचेतताको लागि प्रशिक्षण कार्यक्रम आवश्यक भएको विचार राख्नुभयो ।

# कर्मचारीहरू देश र जनताप्रति कर्तव्यनिष्ठ हुनुपर्ने

काठमाडौँ । नेपाल कर्मचारी समाज समर्थित कर्मचारीहरूको भेला तथा प्रवचन कार्यक्रम बुधबार टोखामा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य राजवीर डंगोलले पेसागत सङ्गठनमा आबद्ध कर्मचारीहरूले पार्टीको सिद्धान्तअनुसार कामदारवर्गको हित हुने समाजवादी व्यवस्थाको स्थापनाको लागि सक्रिय भएर लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

देश र जनताप्रति इमानदार, कर्तव्यनिष्ठ र अनुशासित हुनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले कर्मचारी बौद्धिक वर्गभित्र पर्ने भएकोले राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे जानकार रहनुपर्छ भन्नुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एनबी श्रेष्ठले राजनैतिकरूपले सचेत नभएका कर्मचारीहरू भ्रष्ट र अनुशासनहीन हुने भएकाले कर्मचारी समाजले कर्मचारीहरूलाई प्रशिक्षित गर्नुपर्ने बताउनुभयो ।

आदर्श समाजको निर्माणमा कर्मचारीहरूले महत्त्वपूर्ण योगदान गर्नुपर्ने उल्लेख गर्दै उहाँले जनतालाई धोका दिने संशोधनवादी र अराजकतावादीहरूलाई जनतासामु उदाङ्ग्याउनु अहिलेको आवश्यकता हो भन्नुभयो ।

नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष गौतमप्रसाद लासिवाले कर्मचारीले नागरिक र कर्मचारी दुवैको कर्तव्य निर्वाह गर्नुपर्ने आवश्यकता आँल्याउँदै भन्नुभयो, “कर्मचारीको पक्षबाट आफूलाई प्राप्त जिम्मेवारी निर्वाह गर्नुपर्ने हुन्छ भने नागरिकको तहबाट देशको विषय शत्रुलाई नबताउने र सार्वजनिक सम्पत्तिको रक्षा गर्ने कर्तव्य हुन्छ ।”

कर्मचारीले आफ्नो जिम्मेवारीसँग सम्बन्धित कानुनबारे जानकारी राख्नुपर्ने र मद्यपान, धूमपानलगायत मादक पदार्थबाट टाढा बस्नुपर्छ, उहाँले भन्नुभयो ।

देशको सार्वभौमिकतामा आँच पुग्ने कुनै पनि गतिविधिहरू रोक्न कर्मचारी सदा क्रियाशील हुनुपर्नेमा जोड दिँदै नेपाल कर्मचारी समाज ट्रेड युनियनवादी सङ्गठन नभएको उहाँले बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी टोखा नगर समितिका अध्यक्ष शोभालाल श्रेष्ठको सभापतित्वमा सम्पन्न भेलामा शैलेश डंगोलले पनि कर्मचारीहरूको भूमिकाबारे बोल्नुभएको थियो ।

**काभ्रेमा कर्मचारी भेला**

त्यसै गरी नेपाल कर्मचारी समाज काभ्रेको आयोजनामा कर्मचारीहरूको एक भेला भयो ।

सोमबार भएको सो भेलामा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एन.बी. श्रेष्ठले समाजवादी व्यवस्थामा मात्र कर्मचारीहरूलाई उचित तलबको बन्दोबस्त हुने बताउनुभयो ।

व्यापक जनताको हित हुने र छिट्टै विकास हुने कुरा समाजवादी देशहरूले देखाइरहेको स्पष्ट पार्दै उहाँले भारतको निर्देशनमा काम गर्ने पार्टी र नेताहरू देश र जनताको हितभन्दा भारतको स्वार्थमा काम गरिरहेको बताउनुभयो ।

इमानदार कर्मचारीहरूले भ्रष्ट नेताहरूलाई तह लगाउन सकने विचार व्यक्त गर्दै उहाँले भ्रष्ट र अपराधीहरू रहेको पार्टीका नेताहरूले देशघाती काम गर्न पनि पछि पर्दैनन् भन्नुभयो ।

नेपाल कर्मचारी समाजका अध्यक्ष गौतमप्रसाद लासिवाले देशभक्त कर्मचारीहरूले देशलाई जोगाउन महत्त्वपूर्ण योग्दान गर्ने भएको हुँदा कर्मचारीहरूलाई प्रशिक्षित गर्नु आवश्यक छ भन्नुभयो ।

भारतीय विस्तारवाद, भारतीय एकाधिकार पुँजी र अमेरिकी साम्राज्यवादबाट नेपाल र नेपाली जनता पीडित भइरहेको उल्लेख गर्दै उहाँले राम्रो वस्तुमा सबैको आँखा लागेजस्तै देश र जनताको सेवामा समर्पित पार्टीलाई सचेत जनताले मनपराएका हुन्छन् भन्नुभयो ।

उक्त भेलामा हरिप्रसाद मानन्धर र शिवराम धुख्वाले पनि बोल्नुभएको थियो ।

### एमाले-माओवादीको सत्ता गठबन्धन

# सहकारी र लघुवित्त पीडित जनताको समस्या समाधानमा लाग्ला ?

काठमाडौं । प्राध्यापक लोकराज बरालले शासक दलहरू सिद्धान्तच्युत हुन नहुने बताएको एक हप्ता नबित्दै नेका-माओवादीको सत्ता गठबन्धन भत्कियो र एमाले माओवादीसमेतको सत्ता गठबन्धन पुन:स्थापित भयो । २०७९ पुस १० गते एमाले-माओवादी-रास्वपा-राप्रपा-जसपा-जनमत-लोसपा-नागरिक उन्मुक्ति-आम जनता पार्टी (प्रभु साह)-नेपाल समाजवादी पार्टी (बाबुराम भट्टराई) समेतको सत्ता गठबन्धन बनेको थियो । राष्ट्रपतिको चुनावमा माओवादीले नेकाका रामचन्द्र पौडेललाई समर्थन गरेपछि एमालेसँगको सत्ता गठबन्धन भत्किएको थियो । नेका-माओवादीको सत्ता गठबन्धनमा अटेका नेकपा (एस) माधवकुमार नेपाल र झलनाथ खनाल) एमाले र माओवादीको गठबन्धनमा तत्काल अट्ने देखिदैन । नेकपा (एस) का आफ्ना बढीभन्दा बढी सांसदहरू एमाले -माओवादीको सत्ता गठबन्धनमा संलग्न हुन लालायित भएको हुँदा झलनाथ खनाल पक्षका नेकपा (एस) एमाले-माओवादी सत्तामा नजाला भन्न सकिन्न ।

राष्ट्रिय सभाको एमालेका अध्यक्षको ६ वर्षीय कार्यकाल फागुन २० गते सकियो । माओवादीले नेकासँग राष्ट्रियसभाको अध्यक्ष दाबी गरेको थियो । नेकाले राष्ट्रिय सभाको अध्यक्षमा कृष्ण सिटौलालाई बनाउने तयारी गरेको थियो । यही विषयमा माओवादीको नेकासँगको मनमुताब बढ्यो । एमालेसँग सत्ता गठबन्धन गरेको माओवादीले राष्ट्रिय सभा अध्यक्ष मिलेपछि पुन: नेकासँग नै सत्ता गठबन्धन गर्ने अनुमान गर्नेहरू पनि धेरै छन् । माओवादीका पुष्पकमल दाहाललगायतले नेकासँगको सत्ता गठबन्धन पाँच वर्ष पूरा दिने र २०८४ को चुनावसमेतमा नेकासँगको गठबन्धन हुने दोहोऱ्याउँदै थिए । यसकारण, एमाले-माओवादीसमेतको सत्ता गठबन्धनमा कुनै पनि नेका-माओवादीको सत्ता गठबन्धनमा परिणत नहोला भन्न सकिन्न ।

एमाले-माओवादीको सत्ता गठबन्धन पुन: स्थापित भएलगत्तै प्रम दाहालले एमालेका प्रमुख सचेतक पदम गिरी, माओवादीका हितबहादुर तामाङ र रास्वपाका दोलप्रसाद अर्याललाई मन्त्रीमा नियुक्ति गरी शपथग्रहणसमेत गराए । नवनियुक्त तीन मन्त्रीको मन्त्रालयसमेत टुङ्ग्याउन नसकिएको हुँदा एमाले-माओवादीको सत्ता गठबन्धनको आयु लम्बिने अवस्था छैन ।

एमाले-माओवादीको सत्ता गठबन्धनमा राप्रपाबाट मन्त्री खान पाउनेहरू संलग्न हुन चाहेको र मन्त्री खान नपाउनेहरू संलग्न नहुने पक्षको हुँदा राप्रपाको निष्कर्ष स्पष्ट छैन ।

उपेन्द्र यादवको जसपा, सीके राउतको जनमत, रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टी, महन्थ ठाकुरको लोसपा सत्ता गठबन्धनमा सामेल हुन खुट्टा उचालिरहेका छन् । उपेन्द्र यादव परराष्ट्रसहित उपप्रम पाए आफैं सरकारमा जाने तयारीमा रहेको, रास्वपाका रवि लामिछाने पनि गृहसहित उपप्रम पाए आफैं सरकारमा जान्ने तयारीमा रहेको बताइन्छ ।

प्रम दाहाल गृह र अर्थ आफ्नै पार्टीलाई लिने दाउमा छन् भने एमाले पनि गृह र अर्थ लिने तयारीमा छन् । मन्त्रालय भागबन्डाको यो तानातानमा उपेन्द्र यादव र रवि लामिछानेले रोजेको मन्त्रालय नपाउने पनि बताइन्छ ।

एमाले-माओवादीको सत्ता गठबन्धनले मिटरब्याज पीडित, लघुवित्त पीडित, दूधको भुक्तानी नपाएका किसानको समस्या र सहकारी पीडित जनताको समस्या समाधान गर्ने सङ्केत देखिँदैन । यो सत्ता गठबन्धनले खस्किएको अर्थतन्त्र, बजेटको हाराहारीको व्यापारघाटा, बजेटभन्दा बढी पुगेको सार्वजनिक ऋणलाई सम्बोधन गर्नेछैन ।

फागुन २१ गते बिहान ११ बजे स्थगित गरिएको बैठकमा सहभागी हुन सांसदहरू बानेश्वर पुग्दै थिए । सांसदहरूको उपस्थिति पातलो थियो । संसद् भवन पुगेका शासक दलका सांसदहरू प्रतिनिधिसभाको बैठक फागुन २४ गते बस्ने गरी सूचना प्रकाशित हुने र ५ बजेसम्म नयाँ मन्त्रिमण्डलको शपथ हुने बताउँदै थिए । सञ्चालन नै नहुने बैठकमा सांसदहरूलाई उपस्थित गराउने शासक दलहरू कसरी विश्वसनीय होलान् ?

पहिला योजना बनाएर सरकारमा जानुपर्ने हो तर यसपटक पनि हचुवामै सरकार गठन गरिएको छ ।

**सोभियत...**

विश्व युद्ध (सन् १९३९ सेप्टेम्बर १ देखि सन् १९४५ सेप्टेम्बर २) मा जर्मनी नेतृत्वको सेनालाई स्तालिनग्राडमा पराजित गरेको थियो । जर्मनीले डेनमार्कलाई ६ घण्टा, लक्जेम्बर्गलाई १ दिन, हल्यान्डलाई ५ दिन, युगोस्लाभियालाई ११ दिन, बेल्जियमलाई १८ दिन, ग्रिसलाई २४ दिन, पोलेन्डलाई २७ दिन, फ्रान्सलाई ४२ दिन, नर्वेलाई ६१ दिनमा कब्जा गरेको थियो । त्यस युद्धमा जर्मनीले युक्रेनका १ करोड जनता मारेको थियो । सोभियत सङ्घका २ करोड ३० लाख जनता बलिदानपछि जर्मन आक्रमणकारी सेना पराजित भएको थियो । सोभियत सङ्घले २०० दिन-रात लडेर जर्मनीलाई पराजित गरेपछि युरोपसमेत मुक्त भएको थियो । सोभियत सङ्घमा सहिद नभएको कुनै घर थिएन । अहिले युरोपले रुसको गुण बिर्सेको छ । दोस्रो विश्व युद्धमा एकातिर बेलायत, रुस, फ्रान्स, चीन, अमेरिका थिए भने अर्कोतिर इटाली, जर्मनी, जापान थिए ।"

सांसद सुवालले भन्नुभयो, "त्यही युक्रेनमा अहिले अमेरिकाले रुसविरुद्ध युद्ध गर्दै छ । अमेरिकी साम्राज्यवादले कारण रुसी र युक्रेनी जनता मरिरहेका छन् । विश्वका न्यायप्रेमी जनता युद्धको विरोध गर्दै छन् ।"

कार्यक्रममा आर.बी. डंगोल, कविन्द्र डंगोल, महन्त महर्जनलगायतले बोल्नुभएको थियो ।

**पूर्व...**

दासत्वमा रहेकोतर्फ नेपाली जनता सचेत हुनुपर्नेमा जोड दिनुभयो । संयुक्त राष्ट्र नभएको बेला सुरु भएको गोर्खा भर्ती अहिले खारेज गराउन सरकारले आवाज उठाउनु जरुरी छ, सांसद सुवालले थप्नुभयो ।

सांसद सुवालले अगाडि थप्नुभयो, "पश्चिमा देशहरूले दक्षिण एसियामा प्रजातन्त्र बहालीको कामसमेत भारतको जिम्मामा दिएका छन् । यसकारण प्रम, मन्त्री, सांसद र सरकारी अधिकारीहरू भारतको खर्चमा भारत भ्रमण जानु भएन । जङ्गबहादुर राणाको बेलायत भ्रमणपछि राणा प्रधानमन्त्रीहरू बेलायतभक्त भएका थिए । अहिले गणतन्त्रमा पनि प्रधानमन्त्रीहरू बेलायतभक्त किन हुने ? नेपालको सार्वभौमिकताको लागि सन् १८१६ को सुगौली सन्धि र सन् १९५० को नेपाल-भारत सन्धि खारेज गर्नु जरुरी छ । यसतर्फ सरकारहरू तयार हुनुपर्दछ ।"

पूर्वपरराष्ट्रमन्त्री तथा नेकाका सांसद नारायण खड्काले टर्कीको कार्यक्रममा जाँदा ब्रिटिस गोर्खाहरूको नाम सहिदको सूचीमा अङ्कित गरिएको तर बेलायती राजकुमारले नेपालको नाम नलिई पञ्जाव सेनाको मात्र उच्चारण गरेकोतर्फ वर्तमान सरकारलाई सचेत गराउनुभयो ।

पूर्वमन्त्री एवम् नेकाका अर्का सांसद विमलेन्द्र निधीले आफ्नो श्रीमतीलाई बेलायती दूतावासले प्रवेशाज्ञा ढिलाइ गरी अपमान गरेको उल्लेख गर्दै एमालेको विद्यार्थी सङ्घ अनेरास्ववियुले 'गोर्खा भर्ती खारेज गर' नारा लगाए पनि अहिले नउठाएकोमा जिज्ञासा राख्नुभयो ।

सांसदहरू सुनिता दाहाल, एकनाथ ढकाल, शिशिर खनालले विगतको प्रतिवेदन र निर्देशन सरकारबाट पालना नभएको उल्लेख गर्नुभयो ।

सभापति राजकिशोर यादवले मानव अधिकारको पाठ सिकाउने बेलायतबाट नेपालको स्वाभिमान बन्धकमा हुने काम भएको उल्लेख गर्दै नेपाल सरकार ब्रिटिस गोर्खा भर्ती स्थगन गर्न तयार हुनुपर्ने र बेलायती राजदूतलाई बोलाएर यसबारे सूचित गराउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

समितिले अघिल्लो निर्देशन कार्यान्वयन र भूपू ब्रिटिस गोर्खाको समस्यालाई सम्बोधन गर्न परराष्ट्र मन्त्रालयलाई थप निर्देशन दियो ।


रक्तदान गरौं, स्वस्थ जीवन बिताऔं

- तपाईं हामीले दिएको एक युनिट रगतले तीनजनासम्मको ज्यान बच्न सक्दछ,
- हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्दछ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान अर्थात् जीवन दान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं

आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड


**विद्यालयहरूमा...**

विद्यालयका प्रिन्सिपल एवं वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाइले धेरै स्कूलहरूसँग मिलेर सहकार्य गर्ने स्कूलको चाहना भएको चर्चा गर्दै कोही कसैप्रति गुनासो गर्नुभन्दा सकेसम्म आफै उदाहरण बनेर देखाउने प्रयास गरिरहेको बताउनुभयो । उहाँले स्कूलका संस्थापकहरूप्रति सामूहिक नेतृत्वको साथ अगाडि बढाइरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेशका सांसद सृजना सैंजूले निजी शैक्षिक गुठीबाट सञ्चालित स्कूल पनि गैरनाफामुखी हुन सक्छ भन्ने कुरा सरकारले 'बालविकास' बाट सिक्नुपर्छ शिक्षाको पूर्ण दायित्व राज्यको हो भन्नुभयो ।

लाखौं युवा देश नफर्किने गरी बिदेसिनु विदेशमा नेपाली दोस्रो दर्जामा बस्न बाध्य हुनु देशकै दुर्भाग्य हो भन्दै उहाँले देशको गञ्जोगाल सम्हाल्ने नयाँ पुस्ता स्कूलदेखि नै तयारी गर्नु आजको आवश्यकता हो भन्नुभयो ।

कार्यक्रममा प्रा.डा रामप्रसाद ज्ञवाली व्यावहारिक सिपविनाको घोकन्ते शिक्षाको प्रमाणपत्रको कुनै अर्थ नहुने चर्चा गर्दै विद्यार्थीलाई घरबाट संस्कार र स्कूलले जीवन सङ्घर्षका कुराहरू सिकाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा विद्यालय स्थापनाकालको सदस्य डा. के.वी कर्माचार्य, अभिभावकद्वय काठमाडौं विश्वविद्यालयका गणित विषयका उपप्राध्यापक गंगाराम फैजु र ख्वप कलेजका उपप्राध्यापक अञ्जु दुवालले पनि शुभकामना मन्तव्य दिनुभएको थियो ।

कार्यक्रममा शिक्षिका सीतालक्ष्मी प्रजापतिले स्वागत मन्तव्य दिँदै स्कूलमा हाल १२ सय विद्यार्थी अध्ययनरत रहेको र एक सय जना स्टाफ कार्यरत रहेको जानकारी दिनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा निरन्तर १० वर्ष सेवा गरेका शिक्षक कर्मचारीहरूलाई सम्मान गरिएको थियो ।

३६ औं वार्षिकोत्सवको पहिलो चरण गत माघ २० गते सम्पन्न गरिएको थियो । कार्यक्रममा विद्यार्थीहरूबाट देशभक्तिपूर्ण गीतमा नृत्यहरू प्रस्तुत गरिएको थियो ।

**एकक्षण** — **क्रिश्चिना**

# विवाहबारे एक छलफल

सामान्यतया विवाह युवायुवतीहरूको विषय हो भन्ने सोच्नेहरू पनि छन् । गम्भीररूपले हेर्दा विवाह एक जोडीको मात्र विषय नभई वर्तमान समाज र हरेक देशको भविष्यसँग जोडिएको विषय हो ।

हिजोसम्म नेपालजस्तो विकासशील देशहरूमा आ-आफ्नो परिवारको पेसा र जातसित मिल्ने केटा र केटीको बिचमा विवाह परिवारले गराइन्थ्यो वा युवायुवतीले नै खोजेर गर्थे । तर, आज सहरहरूमा गई पढाइ र कामको खोजीको कारण युवा र युवतीहरू गाउँ-गाउँबाट आएका युवा र युवतीहरू डेरा र खानासँगै खाँदा सस्तो वा जीवन निर्वाह गर्न सजिलो हुने हुँदा 'सँगै बस्दाको विवाह' को प्रचलन देखियो । नेपालमा काठमाडौं र सहर बजारमा पढाइ र कामको रोजगारीको सिलसिलामा यस्तो विवाह हुने गरेको देखिन्छ ।

वास्तवमा त्यो विवाह बाटोमा भेट्दा नयाँ परिचयका युवायुवती रेस्टुराँमा चिया, खाजा र खाना खाएजस्तै हुँदै गयो । आ-आफ्ना पढाइसकेपछि घर गएर पुन: डेरामा आउने वचन दिएका न केटो फर्केर आउँछ न केटी फर्किन्छिन् । कहिलेकाहीँ केटी दुई जिउ भएकी हुन्छिन् वा बच्चा पाएको हप्ता दिनपछि केटा भागेको साबित भएपछि डेराका घरभेटीलाई थाहा हुन्छ ।

कहिलेकाहीँ दुवै केटा र केटी गाउँमा विवाह भइसकेका हुन्छन् । दक्षिण पूर्वी एसियामा पढ्न र काम खोज्न सहरमा जाने केटालाई पत्नीले आफ्नो दाइजोबाट पाएका पैसा र गहनासमेत दिएर लोग्नेलाई सघाएकी हुन्छ । एक दुई वर्ष सहरबाट पत्र नआउँदा खोजखबरपछि थाहा हुन्छ, केटाले अर्कै केटीसँग गुजारा चलाएर बसेको र सानो बच्चा पनि सँगै भएको कुरा ।

यसरी बदलिँदै गरेको आर्थिक परिवेशले दक्षिण पूर्वी एसियाका पुराना सामाजिक परम्परागत जीवनमा ठुलठुला परिवर्तन हुँदै छन् । बालबालिका हुर्कँदै गर्दा नयाँ दाँत आउँदा वा शरीर बढ्दा पखाला लाग्ने र घुँडा दुख्नेजस्ता लक्षण देखिएजस्तै आर्थिक विकासको चरणमा समाजका अनेक परिवारहरूले नयाँ स्थिति भोग्न बाध्य हुन्छन् ।

तर प्रजग कोरियामा विवाहका मापदण्ड, उद्देश्य र परिणाम फरक देखिन्छ । त्यो समाजवादी समाजका युवायुवतीहरूले विवाहलाई आफ्नो समाजवादी व्यवस्था बलियो र राम्रो बनाउने उद्देश्य राख्छन् र नयाँ पुस्तालाई सोही किसिमले हुर्काउने काम राज्य र परिवारले पनि कर्तव्यको रूपमा लिन्छन् ।

केटाले एकार्डिएन बाजा बजाउँछ र पत्नीले आफ्नो देश राम्रा फूलहरूको बगैंचाजस्तै भन्ने गीत गाएपछि आफ्नो विवाहबारे केटाले भन्छ - "म जन्मान्ध होइन" म सेनाको हातहतियार कारखानामा काम गर्थे । अचानक बारुद पड्केर मैले आँखा देख्न छोडें र मैले उहाँसँग विवाह गर्ने अवसर पाएँ । मलाई थाहा छ- महिलाहरू फूलजस्तै राम्रो र सुन्दर हुन्छन् । यसकारण, मेरी श्रीमती त्यस्तै सुन्दरी छिन् र देशको निम्ति मसँग विवाह गरेकी छिन् । म उहाँलाई पाएर अति खुसी छु ।"

पत्नीले बोलिन् - "उहाँ एक देशभक्त हुनुहुन्छ, यसकारण उहाँले देशको रक्षाको निम्ति सरकारको बारुद र हातहतियारको कारखानामा काम गर्नुभयो । सिपाहीहरूको जीवन सदा जोखिमले भरेको हुन्छ, सेनाबिना देश रहन्न । यसकारण, मैले उहाँसँग विवाह गरें । हाम्रो दाम्पत्य जीवन अत्यन्त सफल छ, उहाँ व्यक्तिगतरूपमा साच्चै मायालु र हार्दिक मित्र हुनुहुन्छ । हाम्रो परिवार सुखद परिवार हो ।"

यसरी प्रजग कोरियामा सरकारले विवाहलाई युवा युवतीको मात्र सरोकार नसम्झी देश र जनताको सामु हितसँग जोडिएको विषय मान्छ । युवायुवतीहरूको विवाहको निम्ति कर्तव्यको आचारसंहिता सँगसँगै सरकारले रोजगारी, आवास र नयाँ पुस्ताको स्याहारको निम्ति महिला अस्पताल, सुत्केरी अस्पताल, शिशुशाला, बालोद्यान र बाल अस्पतालको नि:शुल्क सेवा पाउँछन् ।

विवाहमा केही जोडीको विवाह उत्सव हुन्छ । मई दिवस, मुक्ति दिवस वा केही राष्ट्रिय दिवसजस्ता शुभ दिन मिलाएर कारखानाको आवास, वडा कार्यालय वा कर्मचारी आवास गृहका कार्यालयहरूले बधाई सभा र भोजको आयोजना गर्ने गर्छन् ।

यसरी युवा युवतीको विवाह एक जोडी, परिवार र नातागोताको मात्रै सरोकार नभई सम्बन्धित पेसाका सबै समाजका परिवारको उत्सवको रूपमा लिन्छन् ।

केही वर्षअगाडिसम्म राष्ट्रपति गद्दाफीको शासनकालमा हरेक युवायुवतीको पढाइ खर्च सरकारले व्यहोर्थ्यो अर्थात् नि:शुल्क उच्च शिक्षाको बन्दोबस्त थियो । त्यहाँ आफ्नो देशमा नभएको विषयमा विद्यावारिधि वा पीएचडी गर्नुपऱ्यो भने विदेशी मुद्रासमेत सरकारले बन्दोबस्त गर्थ्यो । त्यस्तै नयाँ दम्पतिको निम्ति सरकारले नयाँ बन्दोबस्त गर्थ्यो तर संयुक्त राज्य अमेरिकाले लिबियाको सबै पेट्रोल खानीलाई निजी गराउन असफल भएपछि आफ्नो केन्द्रीय गुप्तचर विभागमार्फत लिबियामा आक्रमण गराई देशभक्त राष्ट्रपति गद्दाफीको हत्या गर्न दियो ।

XXXX

नेपालमा प्रजातन्त्र र गणतन्त्रको स्थापनापछिका सरकारहरूले सजिलैसित देश-विदेश गई काम गर्ने, अध्ययन गर्ने, भ्रमण गर्ने र विवाह गर्नेजस्ता गतिविधिमा जान राहदानी दिने र त्यसको निम्ति विदेशी मुद्रासमेत उपलब्ध गराउने बन्दोबस्त आफ्नै बुद्धिले वा विदेशीको बुद्धिले गर्ने भयो ।

जापानमा ज्येष्ठ नागरिकहरूको उमेर बढ्दै गयो र सेवा गर्ने मानिसहरूको खाँचो बढ्दै गयो । केही नेपालीहरूले एक्लो ज्येष्ठ जापानी लोग्नेको निम्ति नेपाली केटी विवाह गराउने काम गरेको सामान्य विषय बन्यो । नेपालमा आफ्नो श्रीमान् र स-साना छोराछोरी छोडेर जापानी नागरिकसँग विवाह गरी जापानी श्रीमान् मरेपछि तिनको सम्पत्ति आफ्नो नाममा गर्ने लोभी उद्देश्यलाई आफ्नै नेपाली श्रीमान्ले स्वीकृति दिँदा पट्याउनसमेत सकिँदैनथ्यो । तर, विषय सत्य नै हो, पहिलेका पुस्तामा सम्पन्न भारतीय परिवारका युवाहरू बेलायतमा डाक्टरी पढ्थे र काम पाएपछि त्यहाँका मिम्सहरू (केटीहरू) सँग प्रेम र विवाह गर्थे । केही वर्षपछि ती केटीहरूले पारपाचुकेको मुद्दा चलाएर महिनावारी रकम लिएर भारतीय डाक्टर युवाहरूलाई पासोमा पारेको कुरा सुनिन्थ्यो ।

यता २० वर्षदेखि नेपालका त्यस्ता केही संस्थाहरूले धनी वा धेरै आम्दानी भएका केटाहरूलाई केटीहरू जुराइदिन्थे । १५ दिन र एक महिनापछि अदालत गएर पारपाचुकेको मुद्दा दर्ता गर्न लगाउँथे । १०-१५ लाख लिएर केटी आफ्नो बाटो लाग्थिन् । ती केटीले पारपाचुके अर्को जिल्लामा पनि गएर आफ्नो पेसा बनाएको प्रहरीलाई पछि थाहा हुन्छ ।

अहिले काठमाडौं उपत्यकामा एकल पुरुषलाई विवाह गराउने र केही वर्षमै सम्पत्ति लिएर पारपाचुके गराउने समूह वा व्यक्तिहरू सल्बलाउन लागेको देखिँदै छन् ।

तर चीनमा २०-३० वर्षअगाडि नै 'मिलाइदिने' संस्थाहरूमार्फत एकल पुरुष र एकल महिलालाई औपचारिकरूपले विवाह गराउने संस्थाहरूको सफलताका कथाहरू समाचारपत्रहरूमार्फत सुन्नमा आउँथ्यो । तर, ती समाचारहरू सम्भवत: सरकारको निगरानीको कारण नकारात्मक समाचार सुनिँदैन थियो । राणाकालदेखि नेपाल भारत र विदेशमा केटी पठाउनेबारे जानकारी भएको हुनाले हाम्रो देश बदनाम छ । यसबारे सरकार गम्भीर छैन । पशुपतिको देशमा नैतिक मूल्य र मान्यता खस्कँदै गएको देख्दा सबै आश्चर्यमा छन् । पुँजीवादी व्यवस्थामा सबै पैसाले निर्णय गर्छ भन्नेबारे १८४८ मै 'कम्युनिस्ट घोषणापत्र' मा प्रस्ट लेखिएको छ । त्यसकारण, समाजवादी व्यवस्थातिर साधारण जनता उन्मुख छन् ।

**देश...**

सरल उपाय बाँकी रहन्छ । त्यो हो - राजीनामा । प्रदेश सरकार पनि बेकामे र अनैतिक भएर पदमा बसिरहनुभन्दा राजीनामा दिएर स्वास्थ्यलाभ गर्न घर बस्नु उपयुक्त हुने जनताको सुझाव छ ।"

काठमाडौं उपत्यका मन्दिरै मन्दिरको मात्र होइन गल्ली नै गल्लीको सहर पनि हो । अहिलेको वाग्मती सरकारलाई हेर्दा बन्द गल्लीमा हराएको मानिसझैं अनुभव हुन्छ; न भित्र जान सक्नु, न त बाहिर आउन नै ! चक्रव्युहमा अभिमन्यु फसेझैं सरकारमा जानसम्म सक्यो तर न सिन्को भाँच्न सक्यो न त ज्यान जोगाएर बाहिर निस्कनै जान्यो ! वाग्मती प्रदेश सरकारको पनि त्यही दुर्दशा नहोस्, कामना छ ।"

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३